
स्थानीय अनुकूलन कार्ययोजना

(आ.व.२०८०/०८१-२०८४/०८५)



नाम्खा गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

कर्णाली प्रदेश, हुम्ला

दस्तावेज: जलवायु परिवर्तन, स्थानीय अनुकूलन कार्ययोजना, नाम्खा गाँउपालिका, हुम्ला

योजनाको अवधि: ५ वर्ष (२०८० - २०८१ देखि २०८४ - २०८५), जलवायु परिवर्तनको अनियमितताालाई मध्यनजर गर्दै, यो स्थानीय अनुकूलन कार्ययोजना पालिकाले आवश्यकता अनुसार परिमार्जन गर्दै जानेछ, यद्यपी यो पाँच बर्षको लागि तयार गरिएको छ।

तयार गर्ने: नाम्खा गाँउपालिका, नाम्खा गाँउकार्यपालिकाको कार्यालय, हुम्ला

सेवाप्रदायक संस्था: संस्कार ईनभेष्टमेन्ट एण्ड क्रेडिट हाउस, प्रा.लि. विरेन्द्रनगर, सुर्खेत

बिशेष आभार: स्थानीय अनुकूलन कार्ययोजना तयारीका क्रममा सहभागी भएका सबै सहभागीहरू

आवरण चित्र: नाम्खा गाउँपालिकाको भौगोलिक दृश्य

आर्थिक सहयोग: नाम्खा गाउँपालिका र नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम दोस्रो चरण (बेलायत सरकारको आर्थिक र मोट म्याकडोनाल्ड लिमिटेडको प्राविधिक सहयोगमा संचालित कार्यक्रम)

Disclaimer: यो प्रकाशन ल्क्ष्यक्रमए द्द कार्यक्रमको आर्थिक सहयोगमा नाम्खा गाउपपालिकाले सेवाप्रदायक संस्था छनौट गरी सो मार्फत तयार पारेको हो। यस प्रकाशनमा संलग्न बिषयवस्तू र सामग्रीहरूमा NCCSP 2 कार्यक्रम वा यसलाई आर्थिक सहयोग प्रदान गर्ने बेलायत सरकार तथा प्राविधिक सहयोग प्रदान गर्ने मोट म्याकडोनाल्डका विचारहरू प्रतिबिम्बित गर्दैन। यसमा नाम्खा गाउँपालिका र सेवाप्रदायक संस्था संस्कार इन्भेष्टमेन्ट एण्ड क्रेडिट हाउस, प्रा.लि. वीरेन्द्रनगर, सुर्खेतको पूर्ण जिम्मेवारी रहेको छ।

नाम्खा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय याल्वाङ, हुम्ला

कर्णाली प्रदेश, नेपाल

२०७३

प.स.: २०८०/०८१

च.नं.

मिति:

शुभकामना

विश्वव्यापी चुनौतीको रूपमा देखापरेको जलवायु परिवर्तन एक नियमित प्रक्रिया भएतापनि बढ्दो औद्योगिकीकरण, वनविनाश, आगलागी, अव्यवस्थित शहरीकरण, सवारी साधनको बढ्दो प्रयोग आदि जस्ता मानवीय क्रियाकलापहरूका कारणले गर्दा हरितगृह ग्यासहरूको उत्सर्जनमा वृद्धि भई पृथ्वी तात्ने क्रम तिव्र भएको तथ्य वैज्ञानिकहरूले उजागर गरिसकेका छन् । जलवायु परिवर्तनको असरबाट संसारका धनी-गरीब, विकसित-अविकसित सबै मुलुक र त्यहाँका वासिन्दाहरू प्रभावित हुने भएतापनि प्राकृतिक स्रोत माथि निर्भर रहने नेपाल जस्तो अल्पविकसित गरीब राष्ट्रहरूका विपन्न समुदायमा अझ धेरै समस्या पार्ने देखिन्छ । जलवायु परिवर्तनको दृष्टिकोणले उच्च सङ्कटासन्न हिमाली जिल्ला हुम्लामा पर्ने नाम्खा गाउँपालिकामा पनि देशका अन्य भूभागहरूमा जस्तै तापक्रम, वर्षा र हिमपातको प्रकृति तथा प्रवृत्ति (अतिवृष्टि, अनावृष्टि, खण्डवृष्टि) मा परिवर्तन भइरहेको सबैतिर महसुस गरिएको छ । समयमा पानी नपर्ने, गर्मी बढ्ने, जाडोका दिनहरू घट्ने, पानीका मूलहरू सुक्ने, बाढी/पहिरोका घटनाहरूमा बढोत्तरी हुने, हिमालहरूमा पहिला जस्तो हिउँहरू नपर्ने, नदीहरूमा पानीको बहावमा कमी हुने जस्ता प्रकोपहरू यस गाउँपालिकामा पनि हरेक वर्ष बढ्दै गइरहेका छन् । जसले गर्दा जीविकोपार्जनको लागि चाहिने स्रोत तथा पूर्वाधारहरूमा समेत नकारात्मक प्रभावहरू देखिन थालिसकेका छन् ।

यहाँको मुख्य पेशा कृषि तथा पशुपालन हो जुन शतप्रतिशत जलवायुसँग जोडिएको छ । यहाँका सम्पूर्ण घरधुरीहरू विपद् जोखिम तथा जलवायु परिवर्तनको असरबाट दिनप्रतिदिन प्रभावित भइरहेको सन्दर्भलाई मध्यनजर गरी नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम–२ को आर्थिक सहयोगमा सस्कार इन्भेष्टमेन्ट एण्ड क्रेडिट हाउस, प्रा.लि. विरेन्द्रनगर सुर्खेतको प्राविधिक सहयोग र सहजीकरणमा नाम्खा गाउँपालिकाले स्थानीय अनुकूलन कार्ययोजना २०८० तयार गरेको छ । यो कार्ययोजना स्थानीय अनुकूलन योजनाको राष्ट्रिय संरचना २०७६ तथा जलवायु परिवर्तन नीति २०७६ अनुरूप तयार गरिएको छ । यस योजनामा विपद् तथा जलवायु जोखिमहरूलाई पहिचान गरी व्यवस्थापन गर्नको लागि आगामी ५ वर्षको विस्तृत कार्ययोजना तर्जुमा गरिएको छ । यस योजनालाई गाउँपालिकाको नियमित योजना तर्जुमा प्रक्रियामा समायोजन गरी सम्बन्धित सबै सरोकारवालाहरूको सहयोग, समन्वय तथा सहकार्यमा कार्यान्वयन गरिनेछ ।

यस योजनाको प्रभावकारी कार्यान्वयन प्रक्रियामा स्थानीय स्रोत साधन परिचालन गर्न गाउँपालिका सदैव सक्रिय रहने प्रतिबद्धताका साथै आवश्यकता अनुसार सम्बन्धित सबै सरोकारवालाहरूको विभिन्न स्रोतहरूको उपलब्धतासँगै अझ सक्रिय सहयोग तथा सहकार्यको अपेक्षा गर्दछौं । अन्त्यमा यो योजना निर्माण गर्न सहयोग गर्नुहुने सबै प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

प्रेम बहादुर लामा

अध्यक्ष

स्थानीय अनुकूलन योजनाको सारांश

जलवायु परिवर्तन र यसका प्रतिकूल प्रभावहरू समग्र विश्वकै लागि साझा चुनौतिका रूपमा अगाडि आइरहेको वर्तमान परिप्रेक्ष्यमा नेपाल सरकारले पनि यसबाट सिर्जित तथा भविष्यमा सिर्जना हुन सक्ने प्रतिकूल प्रभावहरूसँग अनुकूलित हुन जलवायु परिवर्तन नीति २०७६, जलवायु परिवर्तन राष्ट्रिय अनुकूलन कार्यक्रम (नापा) २०६७, स्थानीय अनुकूलन कार्ययोजना खाका २०७६, वातावरण संरक्षण ऐन २०७६ र वातावरण संरक्षण नियमावली २०७७ समेत तयार गरी स्थानीय स्तरमा जलवायु परिवर्तन अनुकूलनका कार्यहरूलाई प्राथमिकता दिदै आइरहेको छ। यसरी राष्ट्रिय अनुकूलन योजना र Enhanced Nationally Determined Contribution (eNDC) पनि तयारीको प्रक्रियामा रहेका छन् ।

नेपालको शासकीय संरचना सङ्घ, प्रदेश र स्थानीय तह सहितको सङ्घीय प्रणालीमा पुनः संरचित भए पश्चात् विकास निर्माण, स्रोत व्यवस्थापन र जनजीविकासँग सम्बन्धित काम, कर्तव्य र अधिकार धेरै हदसम्म स्थानीय तहमा निहित रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिकाहरूलाई आफ्नो क्षेत्राधिकारको विषयमा आवधिक तथा वार्षिक क्षेत्रगत योजना बनाउन सक्ने अधिकार सुनिश्चित गरेको छ। यसले योजना निर्माणको प्रक्रियामा वातावरण संरक्षण तथा जलवायु परिवर्तन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, विपद् व्यवस्थापन, सुशासन आदि विषयलाई आधार बनाउनु पर्ने कुरा समेत उल्लेख गरेको छ ।

यसै सन्दर्भमा राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ पनि लागू भइसकेको छ, जसले राज्यका सबै तह र विषयगत क्षेत्रका नीति, रणनीति, विकास योजना र कार्यक्रमहरूमा जलवायु परिवर्तनका मुद्दाहरूलाई मूलप्रवाहीकरण गर्ने उद्देश्य राखेको छ । यस नीतिले उत्थानशील समाजको परिकल्पना समेत गरेको छ । प्रस्तुत नीतिले विशेषगरी जलवायु परिवर्तन व्यवस्थापनसँग सम्बन्धित राष्ट्रिय नीति, रणनीति तथा योजनाहरूको कार्यान्वयन स्थानीय तहबाट गरिनेछ भनी स्पष्ट किटान गरेको छ । साथै स्थानीय सरकारहरूलाई स्थानीय स्तरमा जलवायु परिवर्तनका असरहरू व्यवस्थापन गर्न र दीर्घकालिन जेलवायुमैत्री विकासका योजनाहरू पहिचान तथा कार्यान्वयनमा सहयोग गर्नका लागि पुरानो शासकीय संरचनामा आधारित स्थानीय अनुकूलन कार्ययोजना (लापा) को संरचना २०७६ पनि परिमार्जन गरी समयसापेक्ष खाका तयार पारिएको छ ।

परिमार्जित स्थानीय अनुकूलन कार्ययोजना राष्ट्रिय संरचना अनुसारका प्रावधानहरू अवलम्बन गरी नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयद्वारा सञ्चालित नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम/नाम्खा गाउँपालिकाको आर्थिक सहयोगमा सेवा प्रदायक संस्था संस्कार इनभेष्टमेन्ट एण्ड क्रियटिभ हाउस प्रा.लि., विरेन्द्रनगर सुर्खेतको सहजीकरण तथा चौकुने गाँउपालिकाको अगुवाइमा गाँउपालिकास्तरीय स्थानीय अनुकूलन कार्ययोजना तयार गरिएको छ ।

स्थानीय अनुकूलन कार्ययोजना तयारीका क्रममा यस पालिकाका निर्वाचित जनप्रतिनिधिहरू, प्रमुख प्रशासकिय अधिकृत, वडा सचिव, शिक्षकहरू, समाजसेवीहरू, राजनैतिक दलहरूका प्रतिनिधिहरू, पालिका अन्तर्गतका विषयगत शाखाका कर्मचारीहरू, गरीब, महिला, जनजाति तथा पछाडि परेका वर्गहरू समेतका स्थानीय समुदाय तथा अन्य बुद्धिजीविहरूको प्रत्यक्ष एवं सक्रिय सहभागिता रहेको थियो । पाँच वर्षका लागि तयार गरिएको यस स्थानीय अनुकूलन कार्ययोजनामा गाउँपालिकामा विद्यमान सामाजिक, मानवीय, आर्थिक, प्राकृतिक, भौतिक तथा सामुदायिक स्रोतहरू र जलवायु परिवर्तनबाट सिर्जित प्रतिकूल प्रभावहरू/प्रकोपहरूको पहिचान तथा लेखाजोखा, सहभागितामुलक विधि तथा पद्दतिहरूको प्रयोग गर्दै तयार गरिएको थियो । सोही लेखाजोखा र मूल्याङ्नको आधारमा अनुकूलनका रणनीतिहरू तर्जुमा गरी अनुकूलन कार्यहरू तथा विकासलाई उत्थानशील बनाउने कार्यहरूको पहिचान, प्राथमिकीकरण तथा छनौट गरी यो कार्ययोजना तयार भएको छ। यस कार्ययोजनाको सारांश तलको तालिकामा प्रस्तुत गरिएको छ ।

विवरण	
चारकिल्ला:	यस गाउँपालिकाको पूर्वमा सिमिकोट गाउँपालिका, पश्चिम र उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत तथा दक्षिणमा बझाङ र बाजुरा जिल्ला रहेका छन् ।
साविकका गाविसहरू	हेप्का, खगालगाउँ, मुचु र लिमी
जम्मा वडा संख्या	६

विवरण				
क्षेत्रफल	२४१९.६४ वर्ग कि.मी			
जनसङ्ख्या तथा घरधुरीहरूको विवरण	महिलाको जनसङ्ख्या	पुरुषको जनसङ्ख्या	जम्मा जनसङ्ख्या	जम्मा घरधुरी संख्या
	१७५०	१८३९	३५८९	८४९
मुख्य पेशा/जीविकोपार्जनको आधार:	यहाँका वासिन्दाको मुख्य पेशा एवं जीविकोपार्जनको आधार कृषि तथा पशुपालन, व्यापार व्यवसाय, फलफूल खेती र मौसमी ज्याला मजदुरी हो ।			

जलवायु परिवर्तनको सम्मुखता तथा विषयगत प्रभाव तथा असर:

- मौसमी पात्रो विधि विश्लेषण अनुसार स्थानीय समुदायले गर्मीका दिनहरू लम्बिएको र गर्मीको मात्रा पनि बढेको अनुभव तथा महसुस गरेका छन् । त्यस्तै जाडोका दिनहरू घटेको अनुभव रहेको छ । मनसुनी वर्षा तथा हिउँदे वर्षाको अवधि घटेको, ढिलो शुरु हुने र वर्षाको तौरतरिकामा फरकपन आएको ।
- रैथाने बिरुवा गुराँस फुल्ने समय करिब १ महिनाले अगाडि सरेको ।
- पहिरो, हिमपहिरो, बाढी, खडेरी, कृषि तथा पशुपक्षीमा रोग, आगलागी लगायतका प्रकोपहरूको बारम्बारता बढेकोले धनजन तथा कृषि क्षेत्रको नोक्सानी भएको ।
- तापक्रम र वर्षाको समयमा हेरफेर भएकोले बालीचक्रमा परिवर्तन आउनुको साथै बिउबिजनहरूको प्रजातिहरूमा परिवर्तन आएको । यसबाट स्थानीयहरूको जीविकोपार्जनमा प्रत्यक्ष असर पुगेको ।
- कृषिबाली तथा पशुपक्षीमा रोग तथा किराहरूको प्रकोप बढ्नुका साथै कृषि क्षेत्रमा नयाँ झारहरू बढेकाले कृषिजन्य बालीहरूको उत्पादनमा कमी आएको ।

मुख्य प्रकोपहरू	पहिरो, बाढी, खडेरी, कृषि तथा पशुपक्षीमा रोग, मानव रोग				
वडागत सङ्कटासन्नता	अति उच्च (V4)	उच्च (V3)	मध्यम (V2)	न्यून (V1)	जम्मा वडा
	६ र १	५ र २	३	४	६
सङ्कटासन्न घरधुरी विवरण	अति उच्च (V4)	उच्च (V3)	मध्यम (V2)	न्यून (V1)	जम्मा घरधुरी
	(४०%)	(३०%)	(२२%)	(८%)	(१००%) ८४९

जलवायु परिवर्तन अनुकूलनका रणनीतिहरू

- जलवायुजन्य प्रकोपहरूबाट कृषिबाली तथा पशुधनहरूमा हुने क्षति न्यूनीकरण गर्न जलवायु मैत्री बिउबिजन, प्रविधि, क्षमता विकासका तालिम, बिमा र प्राविधिक सहयोग कार्यक्रम सञ्चालन गर्नुका साथै कृषि उत्पादन तथा पशु व्यवसायमा बृद्धि गर्ने ।
- विपन्न तथा सङ्कटासन्न घरधुरी, समूह तथा लक्षित वर्गहरूको वैकल्पिक आम्दानी र खाद्य सुरक्षाको सुनिश्चतता गर्ने ।
- जलवायु उत्थानशील जीविकोपार्जनका कार्यक्रमहरू (फलफूल खेती, रैथाने बाली खेती, कृषिवन, घरबगैंचा कार्यक्रम) तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- स्थानीयस्तरमा उपलब्ध जलस्रोतको दिगो व्यवस्थापन, बहुउपयोग र पहुँच बिस्तार एवं अभिवृद्धि गर्न खानेपानी, सिँचाइ कुलो साथै पानी किफायती सिँचाइ प्रविधिहरूको प्रवर्द्धन र बिस्तार गर्ने ।
- पहिरो तथा बाढीको जोखिम क्षेत्रहरू पहिचान गरी रोकथाम तथा नियन्त्रणका लागि बायो इन्जिनियरिङ्ग विधि अपनाउने ।
- स्थानीय सडक तथा बाटोहरू तथा खाली क्षेत्रमा वृक्षरोपणबाट भूक्षयमा कमी भएको हुने ।
- वनडढेलो न्यूनीकरण गर्न जनचेतनामूलक कार्यक्रमका साथै प्रविधि तथा तालिम दिई क्षमता अभिवृद्धि गर्ने ।
- वृक्षरोपण तथा वन संरक्षणका कृयाकलापहरूको माध्यमबाट वनको हैसियतमा बृद्धि गर्नुका साथै वन्यजन्तुहरूको संरक्षण गर्ने ।
- स्वच्छ ऊर्जाको पहुँच बिस्तारका लागि समुदायस्तरमा लघु जलविद्युत, सुधारिएको पानीघट्ट, मिल लगायतका प्रविधिहरूमा विपन्न वर्गको पहुँचका लागि अनुदानको व्यवस्था गर्ने ।
- जलवायु उत्थानशील भौतिक पूर्वाधारहरूको निर्माण गरी दिगो र भरपर्दो आधारभूत सेवाहरूको पहुँच बिस्तार गर्ने ।
- स्थानीय समुदायमा जलवायु परिवर्तन सम्बन्धी चेतना अभिवृद्धि गरी यसका प्रभावहरूसँग अनुकूलित हुने र क्षति न्यूनीकरण गर्ने क्षमताको विकास गर्ने ।

योजनाको अवधि:	योजनाको अवधि पाँच वर्षको (आ.व. २०८०/०८१-२०८४/०८५) हुनेछ ।

कार्ययोजनाको प्राथमिकतामा परेका मुख्य अनुकूलनका कार्यहरू:

विवरण
• रैथाने बाली संरक्षण तथा बाली उपचार शिविर सञ्चालन गर्ने।
• व्यवसायिक फलफूल खेती तथा स्थानीयस्तरमा पाइने फलफूलहरूलाई प्राथमिकता दिने ।
• सिँचाइ कुलो निर्माण, मर्मत तथा स्तरोन्नती, साना सिँचाइ प्रविधि प्रवर्द्धन (थोपा सिँचाइ) साथै मुहानहरूको संरक्षण गर्ने ।
• वृक्षरोपण, सामुदायिक वनहरूमा अग्नि रेखाको निर्माण, सामुदायिक वन घेरबार, अग्नि नियन्त्रक सामाग्रीहरूको वितरण र सचेतना अभिवद्धि ।
• पहिरो तथा बाढी नियन्त्रणका लागि ग्याबियन तारजाली तथा बायो इन्जिनियरिङ्ग प्रविधि अपनाउने, नदी किनारमा वृक्षरोपण, तटबन्धन निर्माण एवं ग्याबियन पर्खाल निर्माण ।
• स्वच्छ ऊर्जाको पहुँच बिस्तारका लागि साना तथा लघु जलविद्युत, पानीघट्ट र मिल निर्माणमा सहयोग र सौर्य ऊर्जा सहयोग कार्यक्रम
• जलवायु परिवर्तन उत्थानशील पूर्वाधारहरूको निर्माणका लागि क्षमता विकास, नीति तर्जुमा तथा संयन्त्रको स्थापना
• गाउँपालिका तथा वडा कार्यालयहरूको संस्थागत तथा जलवायु परिवर्तन सम्बन्धी सचेतना र क्षमता विकासका कार्यक्रमहरू

वडा अनुसार पाँच वर्षको लागि अनुमानित वार्षिक बजेट:

विवरण	अनुमानित बजेट रु. हजारमा					
	पहिलो वर्ष	दोश्रो वर्ष	तेश्रो वर्ष	चौथो वर्ष	पाचौं वर्ष	कूल जम्मा
1	२०३५०	२०६६२	२१५००	१२२००	८८५०	८३५६२
2	१२९२५	१६८००	१३३७५	१०२५०	३७५०	५७१००
3	१६०५०	१९४५०	१३३००	१७८००	६६५०	७३२५०
4	१५७००	१६१५०	२०५००	६९५०	५६००	६४९००
5	१४०९०	२४३९०	२२०५०	९३५०	५१५०	७५०३०
6	२८५५०	२०२५०	१३५५०	२०७५०	६८५०	८९९५०
गाउँपालिकास्तरीय योजनाको जम्मा	६०००	१४०००	१०६००	१०५००	६०००	४७१००
लैङ्गिक समानता तथा सामाजिक समावेशिता, जीविकोपार्जन, सुशासन, जनचेतना अभिवृद्धि तथा क्षमता विकासको जम्मा	३७४०	३३००	३८००	७००	६००	१२१४०
जम्मा	११७४०५	१३५००२	११८६७५	८८५००	४३४५०	५०३०३२

योजना कार्यान्वयन तथा सहयोग गर्न सक्ने निकायहरू

यस स्थानीय अनुकूलन कार्ययोजना (लापा) योजनाको कार्यान्वयनको नेतृत्व गाउँपालिका तथा यसका संयन्त्रहरू वडा कार्यालय तथा विषयगत शाखाहरूले गर्नेछन् । यसका अतिरिक्त जिल्ला समन्वय समिति, प्रदेश सरकार तथा सङ्घीय सरकार अन्तर्गतका विषयगत कार्यालयहरू (डिभिजन वन कार्यालय, कृषि विकास कार्यालय, पशु विकास तथा भेटेनरी अस्पताल, प्रादेशिक मन्त्रालयहरू तथा स्थानीय तहमा कार्यरत गैर सरकारी संस्था, अन्तर्राष्ट्रिय गैर सरकारी संस्था तथा विकास साझेदार सहयोगी संस्थाहरू तथा दातृ निकायहरूको आर्थिक तथा प्राविधिक सहयोग, सहकार्य तथा समन्वयमा कार्यन्वयन गरिनेछ ।

स्थानीय अनुकूलन कार्ययोजना समायोजन तथा मूलप्रवाहीकरण

यस अनुकूलन कार्ययोजनालाई गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा अन्तर्गतका ७ वटा चरणहरू क्रमशः सङ्घ तथा प्रदेशबाट बजेटको सीमा प्राप्त गर्ने, गाउँपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण बैठक सञ्चालन, बस्ती तथा टोल एवं वडास्तरीय योजना तथा कार्यक्रम छलौट बैठक, वडास्तरीय योजना प्राथमिकीकरण बैठक, बजेट तथा कार्यक्रम तर्जुमा बैठक हुँदै, एकीकृत योजना तर्जुमा प्रणालीबाट गाउँकार्यपालिकाको बैठक हुँदै गाउँसभाको बैठकबाट अनुमोदन गरिनेछ। त्यसै गरी सङ्घीय तथा प्रादेशिक मन्त्रालयहरू र ती मातहतका निकायहरू तथा विकास साझेदारहरूको

विवरण
वार्षिक तथा आवधिक कार्यक्रम तथा योजनाहरूमा यस कार्ययोजनालाई कार्यान्वयनको लागि समायोजन गरी मूलप्रवाहीकरण गरिनेछ ।
अनुगमन तथा मूल्याङ्कन
यो योजना कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गाउँपालिकाको अनुगमन तथा मूल्याङ्कन समितिवाट हुनेछ । यसका साथै आवश्यकता अनुसार कार्यक्रमको मूल्याङ्कन अन्य वाह्य संयन्त्रहरूवाट पनि हुनेछ । समुदाय तहमा क्रियाकलापहरूको अनुगमन वडापालिकाले गर्नेछ तर कार्यक्रम सञ्चालनको समग्र प्रक्रिया, पद्दति र उपलब्धिहरूको नतिजा गाउँपालिका तहबाट हुनेछ । गाउँपालिकाको वार्षिक समीक्षा, अर्धवार्षिक समीक्षा र त्रैमासिक समीक्षा सञ्चालन गर्दा स्थलगत अनुगमन तथा मूल्याङ्कनका साथै प्राप्त सिकाइ र सफलताहरूलाई आधार मानेर सञ्चालन गरिनेछ ।

यस कार्ययोजनाको कार्यान्वयनबाट यस गाउपालिकाका सम्पूर्ण बासिन्दा खासगरी सङ्कटासन्न वर्गहरूको अनुकूलन क्षमता अभिवृद्धि र लापाका लक्ष्यहरू पूरा गर्नका लागि जम्मा रु. ५०,३०,३२,०००।- (अक्षेरुपी पचास करोड तीस लाख बत्तिस हजार) बराबरको विस्तृत स्थानीय अनुकूलन कार्ययोजना तयार गरिएको छ ।

प्रेम बहादुर लामा
अध्यक्ष

परिच्छेद १: पृष्ठभूमि १४

१.१ स्थानीय अनुकूलन कार्ययोजनाको परिचय तथा औचित्य १४

१.२ स्थानीय अनुकूलन कार्ययोजनाको औचित्य लक्ष्य, मान्यता एवं आधारहरू १५

१.३ स्थानीय अनुकूलन कार्ययोजना तयारी पद्धति १६

१.४ जलवायु परिवर्तन सम्बन्धी सचेतना अभिवृद्ध १७

परिच्छेद २: गाउपालिकाको पृष्ठभुमि १९

२.१ गाउपालिकाको भौगोलिक अवस्थिति १९

२.२ आर्थिक, सामाजिक एवं मानवीय अवस्था (शिक्षा, स्वास्थ्य र मानव स्रोत) २०

३.२.१ जनसङ्ख्या, घरधुरी तथा क्षेत्रफल २०

२.२.२ शिक्षा, स्वास्थ्य तथा सञ्चार २१

२.२.३. ऊर्जा २१

२.२.४. कृषि तथा खाद्य सुरक्षा २१

२.३ भौतिक पूर्वाधारको अवस्था २१

२.३.१ सडकको अवस्था २१

२.३.२ सिंचाइको अवस्था २२

२.३.३ साना तथा मझौला उद्योगको अवस्था २२

२.३.४ पानीका स्रोतहरू तथा खानेपानीको अवस्था २२

२.३.५ वनको अवस्था २२

२.३.६ बस्तीको अवस्था २२

२.३.७ पर्यटकीय स्थान, धार्मिक तथा सांस्कृतिक सम्पदाको अवस्था २३

२.३.८ कार्यरत संघ संस्थाहरू २३

परिच्छेद ३ जलवायु परिवर्तन, विपद जोखिमको अवस्था २४

३.१ नाम्खा गाउपालिकामा तापक्रमको परिदृष्य २४

३.२ नाम्खा गाउपालिकामा वर्षाको परिदृष्य २५

३.३ वडाहरूको संकटासन्नताको अवस्था स्तरीकरण २६

३.४ प्रकोपहरूको ऐतिहासिक समयरेखा २६

क. पहिरोको जोखिमको अवस्था २७

घ. आगलागी: वडागत रूपमा आगलागीका घटनाहरू साथै यसका असर तथा प्रभावहरू ३२
ङ. कृषि तथा पशुपंक्षीमा रोग: वडागत रूपमा कृषि तथा पशुपंक्षीमा रोगका घटनाहरू साथै यसका असर तथा प्रभावहरू ३३
च. हावाहुरी: वडागतरूपमा हावाहुरीमा रोगका घटनाहरू साथै यसका असर तथा प्रभावहरू ३५
छ. असिनापानी: वडागत रूपमा असिनाका घटनाहरू साथै यसका असर तथा प्रभावहरू ३५
ज. मिचाहा प्रजाति:वडागतरूपमा मिचाहा प्रजातिका घटनाहरू साथै यसका असर तथा प्रभावहरू ३६
झ.मानवरोग: वडागतरूपमा मानवमा रोगका घटनाहरू साथै यसका असर तथा प्रभावहरू ३६
३.५ जोखिमको अवस्था र प्रभाव मूल्याभ्न ३७
३.६ जलवायु परिवर्तनबाट प्रभावित समूह, लिङ्ग तथा समुदायको पहिचान ४१
३.७ वडाहरूको संकटासन्नताको अवस्था स्तरीकरण ४३
३.८ स्रोतहरूको वितरण तथा जोखिमको अवस्था ४४
३.९ मौसमी पात्रो/बाली पात्रो ४५
३.१० जीविकोपार्जनका स्रोतहरूको विश्लेषण ४८
३.११ संकटासन्न घरधुरी तथा समुदायको जानकारी ५०
३.१२ जलवायु परिवर्तन अनुकूलन तथा विपद् व्यवस्थापनमा गाउपालिकाको पहल र अभ्यासहरूको विश्लेषण ५०
परिच्छेद ४: जलवायु परिवर्तन अनुकुलन तथा विपद् जोखिम न्यूनीकरणको रणनीति ५१
४.१ अनुकुलन तथा विपद् जोखिम न्यूनीकरण रणनीतिहरूको पहिचान तथा प्राथमिकीकरण ५१
परिच्छेद ५: अनुकुलन तथा विपद् जोखिम न्यूनीकरण सम्बन्धी क्रियाकलाप ५२
५.१ अनुकूलन र विपद् जोखिम न्यूनीकरण सम्बन्धी क्रियाकलापहरूको पहिचान ५२
५.२ स्थानीय अनुकूलन कार्ययोजना तर्जुमा ५३
५.३. अनुकुलन र विपद् जोखिम न्यूनीकरणका योजनाहरू ५५
५.३.१. पालिकास्तरीय कार्यक्रम तथा बजेट ५५
५.३.२. वडा नं. १ को कार्यक्रम तथा बजेट ५८
५.३.३. वडा नं. २ को कार्यक्रम तथा बजेट ६३
५.३.४. वडा नं. ३ का कार्यक्रम तथा बजेट ६७
५.३.५ वडा नं.४ को कार्यक्रम तथा बजेट ७१

५.३.६. वडा नं. ५ को कार्यक्रम तथा बजेट ७६
५.३.६. वडा नं. ६ को कार्यक्रम तथा बजेट ७६
५.३.७. लैंगिक तथा सामाजिक समावेशीकरण, अनुगमन तथा मूल्याङ्न ८२
परिच्छेद ६:अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यहरूको मूलप्रवाहीकरण ८९
६.१ जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन रणनीतिहरूलाई आवधिक योजना तथा नीतिहरूमा मूलप्रवाहीकरण ८९
६.२ जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी क्रियाकलापहरूको वार्षिक योजना तथा कार्यक्रम ८९
परिच्छेद ७: स्थानीय अनुकूलन कार्ययोजनाको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्न ९१
७.१ अपेक्षित उपलब्धिहरू ९१
७.२ वित्तिय संयन्त्र ९१
७.३ प्रतिवेदन ९१
७.४ योजना कार्यान्वयन रणनीतिहरू ९१
७.५ प्रगति समीक्षा, अनुगमन तथा मूल्याङ्न ९२
सन्दर्भ सामग्रीहरू ९४
अनुसूचीहरू ९५
अनुसुची १ : लापा खाका दृष्टिकोणको अनुसुची २. स्थानीय अनुकुलन रणनीतिहरूमा समावेश गर्न सकिने केही विषयगत जलवायू परिवर्तन अनुकुलन र विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापनका उपायहरू ९५
अनुसुची २ : स्थानीय अनुकूलन योजना तर्जुमाका लागि तदर्थ सिद्धान्तहरू
(Ad-hoc Principles of Local Adaptation Planning) १०२

गौरीगंगा नगरपालिकाको कार्यालय
कपिलवस्तु प्रदेश नं. ५, नेपाल
२०७३

प्रेम बहादुर लामा
अध्यक्ष

तालिकाहरू

तालिका नं. १: गाउँपालिका तथा वडास्तरमा भएका छलफल तथा अन्तर्क्रियामा रहेका सहभागीहरूको विवरण १८

तालिका नं. २: वडाको केन्द्रदेखि पालिकाको केन्द्रसम्मको दुरी १९

तालिका ३ नाम्खा गाउपालिकाको जातीगत जनसङ्ख्याको विवरण २०

तालिका ४ आर्थिक रूपले सक्रिय र आश्रित जनसङ्ख्याको विवरण २०

तालिका ५: वडागत रूपमा जनसङ्ख्या तथा घरधुरीको विवरण २०

तालिका ६: प्रकोपको जोडागत स्तरीकरण २६

तालिका नं. ७: विगतका वर्षमा पहिरो तथा भूक्षयले सिर्जित क्षतिको समग्र विवरण २७

तालिका ८: ऐतिहासिक समयरेखाको विश्लेषण अनुसार बाढीले गरेको क्षतिको विवरण २९

तालिका ९: विगतका वर्षहरूमा लामो खडेरीका घटनाहरूको विवरण ३१

तलिका नं. १०: विगतका वर्षहरूमा नाम्खा गाउपालिकामा घटेको आगलागीका घटनाहरूको विवरण ३२

तालिका नं. ११: विगतका वर्षहरूमा नाम्खा गाउपालिकामा पशुपक्षीहरूमा देखिएका रोगहरूको विवरण ३४

तालिका नं. १२: विगतका वर्षहरूमा नाम्खा गाउपालिकामा घटेका हावाहुरीका घटनाहरूको विवरण ३५

तालिका नं. १३: विगतका वर्षहरूमा नाम्खा गाउपालिकामा गाउापालिकामा भएका असिनापानी सम्बन्धित घटनाहरूको विवरण ३५

तालिका नं. १४: विगतका वर्षहरूमा नाम्खा गाउपालिकामा देखिएका मिचाहा प्रजाति सम्बन्धी घटनाहरूको विवरण ३६

तलिका नं. १५: विगतका वर्षहरूमा नाम्खा गाउपालिकामा देखिएका मानवरोगका घटनाहरूको विवरण ३६

तालिका नं. १६: प्रकोपको जोखिमको अवस्था र प्रभाव मूल्याम्न ३७

तालिका नं. १७: प्रकोपबाट प्रभावित संकटासन्नता वर्ग ४२

तालिका नं. १८: प्रकोप तथा जोखिमको आधारमा वडा स्तरीकरण ४३

तालिका नं. १९: संकटासन्नताका कारण तथा सूचकहरू ४३

तालिका नं. २०: जलवायु परिवर्तनले विभिन्न विषयगत क्षेत्रमा पारेका प्रभाव तथा असरहरूको विश्लेषण ४४

तालिका २१: मौसमी एवं बाली पात्रो ४६
तालिका नं. २२: बडास्तरीय संवेदनशील सम्पन्नताको स्तर ५०
तालिका नं. २३: अनुकूलनका उपायहरूको पहिचान तथा प्राथमिकीरण ५२
तालिका नं. २४: बडा अनुसारको वार्षिक बजेटको संक्षिप्त विवरण ५४
तालिका नं. २५: स्थानीय अनुकूलनन कार्ययोजनाको मूलप्रवाहीकरण प्रक्रिया ८९
तालिका नं. २६: स्थानीय अनुकूलन कार्ययोजना अनुगमन तथा मूल्याङ्कन खाका ९३

चित्रहरू

चित्र १ स्थानीय अनुकुलन कार्ययोजना तर्जुमा पद्दती १६
चित्र २ स्थानीय अनुकुलन कार्ययोजना तयारीमा अवलम्बन गरिएका चरणहरू १७
चित्र ३ नाम्खा गाउपालिकाको प्रशासनिक नक्सा १९
चित्र ४ वार्षिक औषत अधिकतम तापक्रम २४
चित्र ५ वार्षिक अधिकतम तापक्रम २४
चित्र ६ वार्षिक वर्षाको प्रारूप २५
चित्र ७ अत्याधिक वार्षिक वर्षाको प्रारूप २५
चित्र ८ नाम्खा गाउपालिकाको पहिरो जोखिम नक्सा २८
चित्र नं ९ नाम्खा गाउपालिकाको बाढी जोखिम नक्सा ३०
चित्र नं. १० नाम्खा गाउपालिकाको आगलागी जोखिम नक्सा ३३
चित्र नं. ११ नाम्खा गाउपालिकाको जोखिम बिश्लेषण भूउपयोग नक्सा ४०

नाम्खा गाउपालिका कार्यालय
२०७३

धेन बहादुर लामा
अध्यक्ष

नरहरी गाउँपालिका
कार्यपालिकाको कार्यालय
अत्याड, दुम्ता
कर्णाली प्रदेश, नेपाल
२०७३

१.१ स्थानीय अनुकूलन कार्ययोजनाको परिचय तथा औचित्य

वन विनाश तथा वन क्षयीकरण, अव्यवस्थित शहरीकरण, सवारी साधनको बढ्दो प्रयोग, औद्योगिकीकरण जस्ता मानवीय क्रियाकलापहरूका कारण हरितगृह ग्यासहरूको अत्यधिक उत्सर्जनले जलवायु परिवर्तन भइरहेको तथ्य वैज्ञानिक रूपमा पुष्टि भइसकेको छ। तापक्रममा बृद्धि वर्षाको प्रकृति तथा प्रवृत्ति (अतिवृष्टि, अनावृष्टि, खण्डवृष्टि) मा परिवर्तन भइरहेको सबैले महसुस गरिरहेका छन्। समयमा पानी नपर्ने, परे पनि मुसलधारे पर्ने, गर्मी बढ्ने, पानीका मूलहरू सुक्ने, बाढी/पहिरो आउने जस्ता प्रकोपहरू हरेक वर्ष बढ्दै गइरहेका छन्। यसर्थ अहिले जलवायु परिवर्तन संसारकै प्रमुख समस्याको विषय बनेको छ। अझ प्राकृतिक स्रोत माथि निर्भर रहने, भौगोलिक विविधता र संवेदनशील क्षेत्रहरू भएको हाम्रो जस्तो अविकसित गरीब राष्ट्रहरूमा त यो झन् ठूलो समस्याको रूपमा देखा पर्न थालेको छ।

जलवायु परिवर्तनको कारणबाट सिर्जित समस्याहरूलाई सम्बोधन गर्न नेपाल सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा पहलकदमी गर्दै आइरहेको छ। जलवायु परिवर्तनका प्रभावहरूको जोखिम न्यूनीकरण गर्दै उत्थानशील समाजको निर्माण गर्ने तर्फ विभिन्न तह र विषयगत क्षेत्रहरूमा नीतिगत मार्गनिर्देश गर्ने उद्देश्यले जलवायु परिवर्तन नीति २०७६ लागू भएको छ। यसरी नै राष्ट्रिय अनुकूलन कार्यक्रम २०६७ तयार गरी स्थानीय तहमा कार्यान्वयन गर्न स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचना अनुसार स्थानीय अनुकूलन कायायोजना तयार गरी कार्यान्वयनमा आइरहेको छ। हाल नेपालमा राष्ट्रिय अनुकूलन योजना (National Adaptation Plan) र Enhanced Nationally Determined Contribution (eNDc) तयारीको प्रक्रियामा छन्। यसरी नै वातावरण संरक्षण ऐन, २०७६ मा जलवायु परिवर्तन सम्बन्धी प्रावधानहरू समावेश भई कानूनी रूप समेत प्राप्त गरेको छ। यस ऐनले स्थानीय तह र प्रदेश तहले अनुकूलन योजना तर्जुमा गर्ने अपेक्षा गरेको छ।

यसै सन्दर्भमा राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ पनि लागू भइसकेको छ जसले राज्यका सबै तह र विषयगत क्षेत्रका नीति, रणनीति, विकास योजना र कार्यक्रमहरूमा जलवायु परिवर्तनका मुद्दाहरूलाई मूलप्रवाहीकरण गर्ने उद्देश्य राखेको छ। नीतिले विशेषगरी जलवायु परिवर्तन व्यवस्थापनसंग सम्बन्धित राष्ट्रिय नीति, रणनीति तथा योजनाहरूको कार्यान्वयन स्थानीय तहबाट गरिनेछ भनी स्पष्ट किटान गरेको छ। यो परिमार्जित लापा खाकाले स्थानीय सरकारहरूलाई स्थानीय स्तरमा जलवायु परिवर्तनका असर तथा अवसरहरू व्यवस्थापन गर्न र दीर्घकालिन जलवायुमैत्री विकासका योजनाहरू पहिचान तथा कार्यान्वयन गर्न सहयोग गर्नेछ। यस खाकाले स्थानीय स्तरमा विभिन्न सरोकारवालाहरू बिच नियमित सहकार्य तथा सम्वाद मार्फत् स्थानीय क्रियाकलापहरूको कार्यान्वयनमा सहमति निर्माण गरी जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र दिगो विकाससंग सम्बन्धित अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको कार्यान्वयन गर्न समेत मद्दत गर्नेछ।

परिमार्जित स्थानीय अनुकूलन योजनाको खाका एवं स्थानीय आवश्यकता र परिवेश अनुसार जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम व्यवस्थापनलाई समग्र स्थानीय योजना प्रक्रियामा समायोजन तथा मूलप्रवाहीकरण गर्न मुख्य रूपमा ७ चरण प्रक्रियाहरू अङ्गिकार गरिएको छ। जस अनुसार पहिलो चरणमा जलवायु परिवर्तन सम्बन्धी सचेतना तथा क्षमता अभिवृद्धि गरे पश्चात् समुदायको जलवायु परिवर्तन सङ्कटासन्नता तथा जोखिम विश्लेषण गरी वस्तुगत विवरण तयार गरिन्छ। अर्को महत्वपूर्ण प्रक्रिया भनेको जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका रणनीतिको पहिचान गर्नु हो। यसरी पहिचान गरिएका रणनीति र कार्यहरूलाई स्थानीय सरकारको नीति तथा योजनाहरूमा समायोजन र वार्षिक कार्यक्रममा समावेश गरी अनुकूलन कार्यहरूलाई स्थानीय समुदाय लक्षित गरी कार्यान्वयन गरिन्छ।

यो योजना तयारीका लागि शुरुमा गाउँपालिका स्तरीय शुरुवाती गोष्ठी गरिएको थियो। त्यस पश्चात् गाउँपालिकाका सबै ६ वटा वडाहरूमा छलफल बैठक तथा गोष्ठीहरू सञ्चालन गरिएको थियो। अन्तमा गाउँपालिकास्तरीय पृष्ठपोषण गोष्ठीमा वडास्तरीय गोष्ठीबाट आएका तथ्याङ्क तथा योजनाहरूमा व्यापक छलफल गरी आवश्यक पृष्ठपोषण लिइएको थियो। सबै बैठक तथा गोष्ठीमा जलवायु परिवर्तन सम्बन्धी सचेतना, जलवायु परिवर्तन सङ्कटासन्नता, प्रकोप तथा

प्रेम बहादुर लामा
अध्यक्ष

उत्थानशील क्षमता आदिको बारेमा विभिन्न विधि तथा पद्धतिहरूको प्रयोग, सहभागितामूलक ग्रामिण लेखाजोखा विधिद्वारा अवस्थाको विश्लेषण, अनुकूलनका उपायहरूको पहिचान र प्राथमिकीकरण गरिएको थियो । २०८० साल वैशाख ७ गते देखि २०८० बैशाख १४ गतेसम्म सञ्चालित विभिन्न तहका गोष्ठी तथा छलफहरूबाट यो स्थानीय अनुकूलन कार्ययोजना तयार गरिएको हो ।

१.२ स्थानीय अनुकुलन कार्ययोजनाको औचित्य लक्ष्य, मान्यता एवं आधारहरू

जलवायु परिवर्तन विश्वव्यापी मुद्दा भएतापनि यसको प्रभाव स्थानीय स्तरमा पर्दछ । गाउँपालिकामा जलवायु परिवर्तनका कारण वर्षाको चक्रमा भएको फेरबदल र तापक्रम वृद्धिका पश्चात् प्राकृतिक स्रोतहरूमा ह्रास आउनु, कृषि उत्पादनमा कमी हुनका साथै अति विपन्न समुदायको जीविकोपार्जनमा प्रत्यक्ष असरहरू पुऱ्याइरहेको छ। विकास निर्माणका कार्यहरूलाई जलवायुजन्य प्रकोपहरू पहिरो, बाढी, खडेरी, आगलागी, कृषि तथा पशुपंक्षीमा रोग आदिबाट क्षति गरिरहेको हुँदा विकास निर्माणका क्रियाकलापहरू दिगो हुन सकेका छैनन् । फलस्वरुप अनुकूलनका कार्यहरूमा लगानी गर्न र विकासका क्रियाकलापहरूलाई जलवायु उत्थानशील बनाउनका लागि स्थानीय अनुकूलन कार्ययोजनाको आवश्यकता महसुस गरी गाउँपालिकाले यो कार्ययोजना योजना तयार गरेको छ । यस स्थानीय अनुकूलन कार्ययोजनाको प्रमुख लक्ष्य जलवायु उत्थानशील समाजको निर्माण गर्नु हो । यस कार्ययोजनाका उद्देश्यहरू निम्नानुसार छन् ।

- स्थानीय स्तरमा जलवायु परिवर्तनबबाट सिर्जित जोखिम र सङ्टासन्नताको पहिचान, अभिलेखीकरण र प्राथमिकीकरण गर्न सहयोग गर्ने ।
- जोखिममा रहेका तथा सङ्टासन्न व्यक्ति, घरधुरी, समूह र समुदायको अनुकूलन क्षमतामा बढोत्तरी गर्न र जलवायु उत्थानशील कियाकलापहरू पहिचान गरी कार्यान्वयन गर्न सहजीकरण गर्ने ।
- स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको विषयलाई एकीकृत गर्दै जलवायु उत्थानशील योजनाहरूको कार्यान्वयनमा लगानी वृद्धि गर्ने ।
- स्थानीय स्तरमा निर्माण गरिने विकासका पूर्वाधारहरूका साथै शिक्षा, स्वास्थ्य, खानेपानी र स्थानीय प्रविधिलाई जलवायु उत्थानशील बनाउन सहयोग गर्ने ।

वातावरण संरक्षण ऐन, २०७६ तथा नियमावली २०७७, जलवायु परिवर्तन नीति, २०७६ र स्थानीय अनुकूलन योजना तर्जुमाका राष्ट्रिय संरचना, २०७६, जलवायु परिवर्तन सम्बन्धी लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति तथा कार्ययोजना (२०७७-२०८७) तथा उत्थानशील स्थानीय समुदायका लागि नमूना रणनीति, २०७५ र राष्ट्रिय अनुकूलन कार्यक्रमलाई आधार मान्दै गाउँपालिकाको समग्र सङ्टासन्नता तथा अनुकूलन विश्लेषणको आधारमा यो स्थानीय अनुकूलन योजना तर्जुमा गरिएको छ । यस कार्ययोजनामा जलवायु परिवर्तनबाट सिर्जित प्रकोप तथा जोखिमहरूबाट प्रमुख रूपमा प्रभावित हुने सामाजिक समूहहरू विशेष गरी महिला, बालबालिका तथा वृद्धवृद्धाहरूमा पर्ने असर तथा प्रभावहरू विश्लेषण गर्दै उनीहरू अनुकूल कार्यक्रमहरू तय गरिएका छन् ।


मान्यता:

- स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचनाको निर्देशित सिद्धान्त उर्ध्वगामी, समावेशी, तत्परता र लचकतामा आधारित स्थानीय अनुकूलन कार्ययोजना तयार गरिएको छ ।
- स्थानीय जलवायु अनुकूलन कार्ययोजनाहरू स्थान अनुसार फरक फरक हुन्छन् ।
- यो योजना तयारी गर्दास्थानीय समुदाय तथा सरोकारवालाहरूको सहभागितामा लक्षित क्षेत्र, वर्ग तथा समुदायको पहिचान गरी जलवायु परिवर्तनको असरसँग सामना गर्न अनुकूलनका उपायहरूको प्राथमिकीकरण गरी स्थानीय अनुकूलन कार्ययोजना तयार गरिएको छ ।

- वडास्तरमा छलफल गरी तयार गरिएको गाउँस्तरीय अनुकूलन योजनाले लैक्षित क्षेत्र, वर्ग तथा समुदायलाई समेटी जोखिम क्षेत्रको पहिचान गरी कार्यक्रमहरूको तय गरिएको हुँदा यो कार्ययोजना प्रभावकारी रूपले सञ्चालन गर्न सकिन्छ।
- स्थानीय निकायमा निर्वाचित जनप्रतिनिधि भएको हुँदा कार्यक्रम कार्यान्वयनका लागि अनुकूल वातावरणको सिर्जना हुनेछ।
- स्थानीय अनुकूलन कार्ययोजना निर्माण गर्दा गाउँपालिकामा रहेका सम्पूर्ण सरोकारवालाहरूलाई समावेश गरिएकाले योजनालाई प्राथमिकताका साथ कार्यान्वयन गर्न उपयुक्त वातावरण सिर्जना हुनेछ।
- राष्ट्रिय अनुकूलन योजनाले पहिचान गरेका क्षेत्रमा आधारित भई जलवायु परिवर्तनले असर गर्ने सबै विषयगत क्षेत्र समेटी विभिन्न सरकोकारवाला निकायहरूको सहभागितामा योजना तयार गरिएको छ।
- प्रभावकारी अनुकूलन उपायहरूको पहिचान तथा प्राथमिकीकरण गरेको हुनाले वातावरण तथा पर्यावरणीय प्रणालीको दिगो विकासमा सुनिश्चितता ल्याउनेछ।.


१.३ स्थानीय अनुकूलन कार्ययोजना तयारी पद्धति

स्थानीय अनुकूलन कार्ययोजना तयार गर्दा जलवायु परिवर्तन नीति २०७६, राष्ट्रिय अनुकूलन कार्यक्रम २०६७, परिमार्जित स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचना २०७६, स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना सन् २०१८-२०३०, वातावरण नीति २०७६ लाई आधार मानिएको छ। स्थानीय जलवायु परिवर्तन अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचनाका चार निर्देशक सिद्धान्तहरू (उर्ध्वगामी, तत्परता, लचकता र समावेशी) र ६ चरण अन्तर्गत विभिन्न सहभागितामूलक विधिहरूको प्रयोग गरी यो कार्ययोजना तर्जुमा गरिएको छ। समग्र प्रक्रियालाई चित्र नं. १ मा देखाइएको छ।



चित्र नं १: स्थानीय अनुकूलन कार्ययोजना तर्जुमा पद्धति

स्थानीय अनुकूलन कार्ययोजना निर्माणका क्रममा नाम्खा गाउँपालिकामा मिति २०८०/०१/०७ गतेका दिन जनप्रतिनिधिहरू र गाउँपालिकास्तरीय सरोकारवालाहरूको उपस्थितिमा जलवायु परिवर्तन अनुकूलन सम्बन्धमा सचेतीकरण गर्दै तर्जुमा गोष्ठीको आयोजना गरिएको थियो । सो गोष्ठीमा गाउँपालिका क्षेत्रमा रहेका मुख्य प्रकोपहरूको पहिचान गर्नुका साथै जोखिमहरूको विश्लेषण गरिएको थियो । त्यसैगरी गाउँपालिकामा सङ्टासन्न्ता लेखाजोखा, प्रकोप स्रोत नक्साङ्न समेत तयार गरिएको थियो । वडा नं. ५ को वडागत गोष्ठी मिति २०८०/०१/९, वडा नं. ४ को २०८०/०१/१०, वडा नं. २ को २०८०/०१/११, वडा नं. ३ को २०८०/०१/१२, वडा नं. १ को २०८०/०१/१२ तथा वडा नं. ६ को गोष्ठी २०८०/०१/१३ का दिन सम्पन्न गरिएको थियो । वडास्तरका गोष्ठीमा जलवायु परिवर्तन सम्बन्धी सचेतीकरण, प्रकोपको पहिचान र बस्तीहरू छनौट पश्चात् बस्तीहरूमा सङ्टासन्नता लेखाजोखा र अनुकूलनका क्रियाकलापहरूको पहिचान गरिएको थियो । प्रत्येक क्रियाकलापहरूलाई विभिन्न सूचकको आधारमा प्राथामिकीकरण पनि गरिएको थियो । प्रत्येक वडाबाट आएका सूचनाहरूलाई गाउँपालिकास्तरमा मिति २०८०/०१/१४ गतेका दिन पुनः प्रस्तुत गरिएको थियो । स्थानीय अनुकूलन योजना तर्जुमार्थ यस गाउँपालिकामा अपनाइएका प्रक्रियाहरू चित्र नं. २ मा समावेश गरिएको छ ।



चित्र नं. २ स्थानीय अनुकूलन कार्ययोजना तयारीमा अवलम्बन गरिएका चरणहरू

१.४ जलवायू परिवर्तन सम्बन्धी सचेतना अभिवृद्धि

जलवायु परिवर्तन नयाँ विषयवस्तु नभएतापनि यसले पार्ने असर तथा प्रभावहरूलाई सम्बोधन गर्नका लागि प्रभावकारी स्थानीय अनुकूलन कार्ययोजना तयार गर्न यसले पार्न सक्ने असर तथा प्रभाव, अनुकूलनका विद्यमान अवसर वा चुनौती र त्यसको सामना गर्नका लागि आवश्यक स्रोत र साधन जुटाउने तरिका आदि सम्बन्धी सूचना स्थानीय स्तरमा जानकारी गराउन गाउँपालिकामा एकदिने प्रारम्भिक छलफल, यस गाउँपालिका अन्तर्गतका सबै ६ वटा वडाहरूमा जलवायु परिवर्तन सचेतना तथा स्थानीय अनुकूलन कार्ययोजना तयारीका लागि कार्यशाला गोष्ठीहरू सम्पन्न गरिएको थियो । उक्त गोष्ठीहरूबाट प्रत्यक्ष रूपमा १२५ व्यक्ति लाभान्वित भएका छन् । सचेतना कार्यक्रममा गाउँ कार्यपालिका तथा गाउँ परिषद्का सदस्यहरू, गाउँपालिकाका शाखा प्रमुखहरू, वन समूह, सङ्टासन्न समुदाय, स्थानीय निकाय, राजनीतिक दल, शैक्षिक एवं सेवा प्रदायक सङ्ग -संस्था, जनजाति, कृषक, युवा र सर्वसाधारणको सहभागिता रहेको थियो । सचेतना अभिवृद्धि कार्यक्रमको लागि जलवायु परिवर्तन सम्बन्धी प्रस्तुति, सामूहिक छलफल, लक्षित वर्ग छलफल, सामुहिक कार्य आदि विधिहरूको प्रयोग गरिएको थियो । यस्तै छलफलका माध्यमबाट मौसमी पात्रो र बाली पात्रो तयार गरिनुका साथै

प्रकोपहरूको पहिचान तथा नक्साङ्कन पनि गरिएको थियो । गाउँपालिका तथा वडास्तरमा भएका छलफल तथा अन्तर्क्रियामा रहेका सहभागीहरूको संक्षिप्त विवरण तालिका नं. १ मा उल्लेख गरिएको छ ।


तालिका नं. १ गाउँपालिका तथा वडास्तरमा भएका छलफल तथा अन्तर्क्रियामा रहेका सहभागीहरूको विवरण

कार्यक्रमको नाम	पुरुष	महिला	जम्मा	जनजाति	दलित	अन्य
गाउँपालिकास्तरीय शुरुवाती गोष्ठी	४	१०	६	८	०	१४
वडास्तरीय कार्यशाला गोष्ठी, वडा नं. १	२	१३	०	१५	०	१५
वडास्तरीय कार्यशाला गोष्ठी, वडा नं. २	१८	८	०	२६	०	२६
वडास्तरीय कार्यशाला गोष्ठी, वडा नं. ३	१	१२	०	१३	०	१३
वडास्तरीय कार्यशाला गोष्ठी, वडा नं. ४	२	१०	०	१२	०	१२
वडास्तरीय कार्यशाला गोष्ठी, वडा नं. ५	३	११	०	१४	०	१४
वडास्तरीय कार्यशाला गोष्ठी, वडा नं. ६	४	१६	०	२०	०	२०
गाउँपालिकास्तरीय पृष्ठपोषण तथा अनुमोदन गोष्ठी	३	८	६	५	०	११
जम्मा	३७	८८	१२	११३	०	१२५

परिच्छेद २: गाउँपालिकाको पृष्ठभूमि

२.१ गाउँपालिकाको भौगोलिक अवस्थिति

कर्णाली प्रदेश अन्तर्गत हुम्ला जिल्लाको सुदूर उत्तर पश्चिम भागमा अवस्थित यस नाम्खा गाउँपालिका चीनको स्वशासित क्षेत्र तिब्बतसँग जोडिएको छ। क्षेत्रफलका हिसाबले नेपालको सबैभन्दा ठूलो यस गाउँपालिकाको क्षेत्रफल २४१९.६४ वर्ग कि.मी. रहेको छ। साविकको हेप्का, खगालगाउँ, मुचु र लिमी गा.वि.स. हरू मिली बनेको यस पालिकामा ६ वटा वडाहरू रहेका छन्। यस गाउँपालिकाको पूर्वमा सिमिकोट नगरपालिका, पश्चिम र उत्तरमा चीनको तिब्बत क्षेत्र र दक्षिणमा बझाङ र बाजुरा जिल्ला रहेका छन्। वि.सं. २०७८ को जनगणना अनुसार यस गाउँपालिकामा जम्मा ८४९ घरधुरीहरू रहेका छन्। यस गाउँपालिकामा लामाहरूको बाहुल्यता छ। स्थानीय सबैले बौद्ध धर्म मान्ने गर्दछन् र यहाँको मुख्य पर्व लोसार हो। प्रत्येक टोलहरूमा लामा जातिहरूको आस्थाको प्रतिक देवता मानिने बौद्ध गुम्बाहरू रहेका छन्।



चित्र नं. ३: नाम्खा गाउँपालिकाको प्रशासनिक नक्सा

यस गाउँपालिकाको केन्द्र वडा नं. ४ को याल्वाडमा रहेको छ। यस पालिकाको केन्द्रबाट सबैभन्दा टाढा वडा नं. ६ लिमी पर्दछ भने सबैभन्दा नजिक वडा नं. ४ पर्दछ।

तालिका नं. २: वडाको केन्द्रदेखि पालिकाको केन्द्रसम्मको दूरी

वडा नं.	पालिका केन्द्रसम्म पुग्न लाग्ने समय (घण्टा)
1	5
2	3
3	3.5
4	0
5	2
6	8

२.२ आर्थिक, सामाजिक एवं मानवीय अवस्था (शिक्षा, स्वास्थ्य र मानव स्रोत)

यस गाउँपालिमा रहेका ८४९ घरधुरीहरूमा १,८३९ महिला र १,७५१ पुरुष गरी जम्मा ३,५९० जनसङ्ख्या रहेको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकामा लामा जातिहरूको मात्र बसोबास रहेको छ। गाउँपालिकामा भएका जातजातिहरूलाई तलको तालिकामा देखाइएको छ।

तालिका ३ नाम्खा गाउँपालिकाको जातीगत जनसङ्ख्याको विवरण

क्र.सं.	जातजाति	महिला	पुरुष	जम्मा जनसङ्ख्या
1	लामा	१०७९	१०३९	२११८
2	तामाङ (भोटे)	७५४	७०१	१४५५
4	अन्य	६	१०	१६
5	विश्वकर्मा	०	१	१
जम्मा		१८३९	१७५१	३५९०

स्रोत: राष्ट्रिय जनगणणा, २०७८

नाम्खा गाउँपालिकामा १४ वर्ष मुनिको जनसङ्ख्या ६७८ रहेको छ भने ६० वर्ष भन्दा माथिको जनसङ्ख्या ६१९ रहेको छ जुन आश्रित जनसङ्ख्या हो। आर्थिक रूपमा सक्रिय जनसङ्ख्या २२९२ अर्थात् ६३.९ प्रतिशत रहेको छ। जनसङ्ख्याको विवरण तलको तालिकामा देखाइएको छ।

तालिका ४ आर्थिक रूपले सक्रिय र आश्रित जनसङ्ख्याको विवरण

उमेर समूह	पुरुष	महिला	जम्मा जनसङ्ख्या	प्रतिशत
१५ देखि ५९	११२९	११६३	२२९२	६३.९
० देखि १४	३५३	३२५	६७८	१८.९
जम्मा	१७५०	१८३९	३५८९	१००

यस गाउँपालिकामा पुरुषको भन्दा महिलाको जनसङ्ख्या बढी रहेको छ। महिलाको जनसङ्ख्या १८३९ र पुरुषको जनसङ्ख्या १७५० रहेको छ। यसरी हेर्दा महिलाको संख्या ८९ जनाले बढी देखिन्छ।

२.२.१ जनसङ्ख्या, घरधूरी तथा क्षेत्रफल

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको जम्मा जनसङ्ख्या ३५८९ रहेको छ जसमा पुरुषको जनसङ्ख्या १,७५० रहेको छ भने महिलाको जनसङ्ख्या १,८३९ रहेको छ। यस गाउँपालिकामा जम्मा ८४९ घरधुरीहरू रहेका छन्।

तालिका ५: वडागत रूपमा जनसङ्ख्या तथा घरधूरीको विवरण

वडा नं.	गाउँको नाम	क्षेत्रफल (वर्ग कि.मी.)	जम्मा जनसङ्ख्या		
			पुरुष	महिला	जम्मा
1	हेप्का	१७७।७२	४७८	४८४	९६२
2	खगालगाउँ उत्तर	१९१।७६	२४२	२४८	४९०
3	खगालगाउँ दक्षिण	९४।०८	२६९	२६९	५३८
4	मुचु पूर्व (याल्वाङ)	५८६।२५	१७०	२०२	३७२
5	मुचु पश्चिम	१६८।५४	२११	२०४	४१५
6	लिमी	१२०१।२९	३८०	४३२	८१२
जम्मा		२४१९।६४	१७५०	१८३९	३५८९

२.२.२ शिक्षा, स्वास्थ्य तथा सञ्चार

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको साक्षरता ५१.१ प्रतिशत रहेको छ। जसमध्ये पुरुष साक्षरता ६३.६ प्रतिशत र महिला साक्षरता ३९.३ प्रतिशत रहेको छ। यस गाउँपालिकाको शैक्षिक अवस्था हेर्दा आधारभूत विद्यालयसम्मको अध्ययन गरेका १,००७ जना, माध्यामिक तहसम्मको अध्ययन गरेका २७२ जना, प्रविणता प्रमाण पत्र तहसम्मको शिक्षा हासिल गरेका १८२ जना, स्नातक तहसम्मको अध्ययन गरेका ४२ जना र स्नातकोत्तर वा सोभन्दामाथि सम्मको शिक्षा हासिल गरेका २३ जना रहेका छन्। (स्रोत: राष्ट्रिय जनगणना, २०७८)

यस गाउँपालिकामा वडा नं. १ हेप्का, वडा नं. ३ खगालगाउँमा, वडा नं. ५ को मुचु र वडा नं. ६ को लिमीमा ४ वटा स्वास्थ्य चौकीहरू रहेका छन्। सबै ६ वटा वडामा वर्थिङ सेन्टरहरू रहेका छन्। त्यसैगरी वडा नं. २ केर्मिमा आधारभूत स्वास्थ्य केन्द्र रहेको छ भने वडा नं. १ को ताङ्गिन, वडा नं. ४ को याल्वाङ र चाला र वडा नं. ५ को यारीमा सामुदायिक स्वास्थ्य इकाइ रहेका छन्।

सञ्चार सुविधाका लागि मोबाइल, रेडियो र टेलिभिजन जस्ता साधनहरूको उपयोग भइरहेको पाइन्छ। यस गाउँपालिकाको अधिकांश क्षेत्रमा मोबाइल नेटवर्क र इन्टरनेटको पहुँच रहेको देखिन्छ।

२.२.३. ऊर्जा

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकामा खाना पकाउने मुख्य इन्धनको रूपमा दाउरा नै प्रयोग भएको देखिन्छ। जम्मा घरधुरी ८४९ मध्ये ८४१ घरधुरीहरूले दाउरा प्रयोग गरी खाना पकाउने गर्दछन् भने ८ घरधुरीले ग्यासको प्रयोग गरेको पाइन्छ। त्यसैगरी उज्यालोको लागि ८४९ घरधुरीहरूमध्ये ५६५ घरधुरीहरूले लघुजलविद्युतवाट उत्पादित बिजुली बत्ती बालेको पाइन्छ भने २८२ घरधुरीहरूले सौर्य ऊर्जाको प्रयोग गरेको पाइन्छ। दुई घरधुरीहरूले अन्य उपायहरू अवलम्बन गरेर उज्यालो प्रप्त गरिरहेका छन्।

२.२.४. कृषि तथा खाद्य सूरक्षा

यस गाउँपालिकाका अधिकांश घरधुरीहरू कृषि पेशामा संलग्न रहेको पाइन्छ। हिमाली जिल्ला भएको कारणले धेरै कृषियोग्य जमिन नभएतापनि यहाँका मानिसहरूको प्रमुख खेती भनेको उवा, फापर, कोदो, आलु, चीनु, कागुनो, मकै हुने गर्दछ। थोरै जनसङ्ख्या व्यापार, रोजगारी तथा अन्य पेशामा संलग्न रहेका छन्। विशेषगरी यहाँका मानिसहरू आयआर्जनका लागि तिब्बतमा गएर काम गर्ने गर्दछन्।

यस गाउँपालिकामा थोरै मात्र जनसङ्ख्या पशुपालनमा आश्रित रहेको पाइन्छ। यहाँ पाल्ने पशु चौपायाहरूमा चौंरी, झोपा, गाई, च्याङ्ग्रा, भेडा आदि रहेको छ।

२.३ भौतिक पुर्वाधारको अवस्था

२.३.१ सडकको अवस्था

चीनको स्वशासित क्षेत्र तिब्बतको हिल्सा नाका भएर सिमिकोटसम्म मोटरबाटो आएको छ तर मोटरबाटो कच्ची भएकोले बाह्रै महिना आवतजावतमा समस्या छ। खोलाहरूमा पुल बनाउने क्रम निरन्तर छ। पालिकाले पनि वडाका विभिन्न भागहरूमा मोटरबाटो बनाउदै आएको छ। पछिल्लो समयमा जननिर्वाचित प्रतिनिधीहरू आएपछि गाउँपालिकामा सडक विस्तारले तिब्रता पाएकाले योजना सहित सबै वडा र बस्तीहरूमा कच्ची मोटरबाटोहरू पुग्ने क्रम बढ्दो छ। सहज पहुँच तथा आवतजावतका लागि गाउँपालिका भित्र जम्मा १० वटा झोलुङ्गे पुलहरू, १ वटा पक्की पुल, १ वटा बेलीब्रिज र विभिन्न ठाउँहरूमा काठका पुल तथा ट्रस पुलहरू बनेका छन्।

नाम्खा गाउँपालिका
गाउँपालिकाको कार्यालय
कर्णाली प्रदेश, नेपाल
२०७३

२.३.२ सिंचाइको अवस्था

नाम्खा गाउँपालिका आफैंमा हिमाली भागमा अवस्थित भएकोले यहां सिंचाइको लागि ठूला नहरहरू छैनन् । तथापि यस गाउँपालिकामा खेतीयोग्य सिञ्चित जमिन कम भएकोले विभिन्न सरकारी तथा गैर सरकारी सङ्घ संस्थाहरूले स-साना कूलाहरू बनाइदिएका छन् । कर्णाली नदी यस पालिका भएर बग्ने मुख्य नदी हो भने अन्य सहायक खोलाहरूमा हेप्का खोला, छ्युरालुम्बा खोला, बौलाहापानी खोला, च्याछहरा झरना, किजोम खोला, पुईया खोला, हावा खोला, लुडजुड खोला, च्याङ्मले खोला, गयाङ्सी खोला, भुमुचे खोला, गेरिङ खोला, गार्खा खोला, नौमुले खोला लगायत रहेका छन् । यी ठूला साना खोला तथा खोल्साहरूको पानी सिंचाइ तथा खानेपानीको लागि उपयोग भइरहेको छ । यद्यपि आर्थिक स्रोतको अभावमा सबै बस्तीहरूमा प्रर्याप्त मात्रामा सिंचाइको उपलब्धता हुन सकेको छैन ।

२.३.३ साना तथा मझौला उद्योगको अवस्था

भैगालिक विकटता तथा अन्य कारणले गर्दा यस पालिकामा साना तथा मझौला उद्योगहरू न्यून रहेका छन् । तर लिमी उपत्यका एवं कैलाश मानसरोवरलाई लक्षित गरेर केही मात्रामा यस पालिका भित्र होटल पसलहरू रहेका छन् ।

२.३.४ पानीका स्रोतहरू तथा खानेपानीको अवस्था

यस गाउँपालिकामा क्योछुक, सेरा, गुम्बालुम्बा, पालटाक्सा, वुछु, जौछु, झुला, स्या, डयाल्मा, चुक्सिङ, छिलुडवा, छुईछोप्, हेर्चा, ओछी, छईर्कु, डोजा, छुईजक्ची, माल्झेन, सुम्डा खोला, बैजेनमूल, थृउमूल, टाक्पाछे खोला, हिरू, फोजान्याल्सा, पालोड खोला जस्ता मुहानहरू रहेका छन् । यी मुहानहरू खानेपानी तथा सिंचाइका लागि प्रयोग भएका तर पानीका मूलहरू क्रमशः सुक्दै गइरहेकोले पानीको आपूर्ति कम हुँदै गएको छ ।

खानेपानीको हिसाबले हेर्दा राष्ट्रिय जनगणना २०७८ अनुसार यस पालिकाका ८४९ घरधुरीमध्ये १२५ घरधुरीले घर भित्र रहेको धारावाट खानेपानीको उपभोग गरिरहेका छन् । घर वाहिर भएको धाराको पानी ५२४ घरधुरीहरूले पिउने गर्दछन् भने १७९ घरधुरीले कुवा तथा इनारको पानी र २० घरधुरीहरूले खोलाको पानी पिउने गरेको पाइन्छ ।

२.३.५ वनको अवस्था

नाम्खा गाउँपालिकामा इडगर हेगे खोल्सी सामुदायिक वन (सा.व.), पालवाड टासिक सा.व., रिउरर्गेन सा.व., सल्ली खोला सा.व., पालहामु सा.व., साडमा सा.व , ताराकजु सा.व., स्याडजोमा सा.व र अन्य एउटा गरी ९ वटा सामुदायिक वनहरू रहेका छन् । यी सामुदायिक वनहरूले १५९०।५१ हेक्टर वन क्षेत्र ओगटेका छन् । यहाँका सामुदायिक तथा राष्ट्रिय वनहरूमा पाइने प्रमुख वनस्पतीहरूमा गोब्रेसल्ला, चुली, धुपी, भोजपत्र, ठिग्रेसल्ला, स्याउ, आरु, ओखर आदि रहेका छन् । कटुकी, वनलसुन, खिरौला, पदमचाल, पाँचऔंले, अतिस, जिम्बु, गन्धाउने आदि जडीबुटीहरू पाइन्छन् ।

त्यसैगरी यस गाउँपालिकाका वन क्षेत्रहरूमा पाइने वन्यजन्तुहरूमा वनचौंरी (Wild Yak), वनघोडा,कस्तुरी, नाउर, चितुवा, भालु, हिउँचितुवा, वनकुकुर, ब्वाँसो, बाँदर, स्याल, दुम्सी आदि रहेका छन् । यस क्षेत्रमा पाइने पंक्षीहरूमा डाँफे, च्याखुरा, चिल, काग, वनकुखुरा आदि रहेका छन् ।

२.३.६ बस्तीको अवस्था

यस गाउँपालिकामा रहेका बस्तीहरू एकीकृत बस्तीहरू छन् जसमा वडा नं. १ मा हेप्का, लेखडिङगा, ताङ्गिन,गाडापारी वडा नं. २ मा केर्मि, ढाडकेर्मि, च्यादुड, वडा नं. ३ मा खगालगाउँ, लामाखोल्सी, गुम्बागाउँ, वडा नं. ४ मा याल्वाड, चाला, याडकार, वडा नं. ५ मा मुचु, यारी, तुम्कोट, वडा नं. ६ मा अल्जी गाउँ, तिल गाउँ, जाड गाउँ, तुम्लिङ जस्ता वस्तीहरू रहेका छन् ।

अध्यक्ष

२.३.७ पर्यटकीय स्थान, धार्मिक तथा सांस्कृतिक सम्पदाको अवस्था

हुम्ला जिल्लाको नाम्खा गाउँपालिका लुकेको हिमालयको भाग हो । यस क्षेत्रमा पर्यटकका लागि धेरै आकर्षणका स्थानहरू रहेका छन् । पवित्र हिमाल कैलाश (६,७१४ मि.) मानसरोवर जाने मुख्य बाटो, साइपाल हिमाल (७,०३० मि.) जाने बाटो ,५३०० मि.लाप्चाबाट मानसरोभर कैलाश (दर्शन) जाने बाटो यसै गाउँपालिका भएर जान्छ । कर्णाली र लिमी नदीका घाँटीहरूसँगै पदयात्रा र प्राकृतिक दृश्यहरू यस गाउँपालिकाका प्रमुख आकर्षण हुन् । त्यसैगरी च्याछहराको २३५० मि. को प्राकृतिक झरना, नौछहरे झरना, लिमी उपत्यकको त्सोम ताल, सेलिमा ताल, केर्मिमा रहेको अचम्मको तातोपानीको मुहान पनि यस गाउँपालिकाका घुम्नलायक ठाउँहरू हुन् । वडा नं. ४ मा रहेको हुम्ला जिल्लाको सबैभन्दा ठूलो बौद्ध गुम्बा नाम्खा ख्युजुङ्ग गुम्बा , लिमिमा ११ सताब्दीको थुकदेन रिन्छेलिङ्ग गुम्बा पनि हेर्न लायक स्थानमा पर्दछन । माथिल्लो हुम्ला पदयात्रा र दृश्यावलोकनका लागि सम्भावना बोकेको स्थान हो । ठूलो संख्यामा याक, घोडा र भेडाहरू चर्ने ठूला घाँसे मैदान र चरनहरूले यात्रुहरूलाई मनोरञ्जन दिने गर्दछ ।

२.३.८ कार्यरत संघ संस्थाहरू

यस गाउँपालिकामा विभिन्न सरकारी तथा गैर सरकारी सङ्घ संस्थाहरूले काम गरिरहेका छन् । गाउँपालिकाको कार्यालय, वडा कार्यालय, वडा कार्यालय अन्तर्गतका विषयगत निकायहरू, जलवायु परिवर्तन सहयोग कार्यक्रम, हिमाली, किड्राक जस्ता सङ्घ संस्था तथा परियोजनाहरूले काम गरिरहेका छन् ।


यस पालिकामा रहेको सिटिजन्स बैंकको शाखा मार्फत् यहाँका मानिसहरूले वित्तिय सेवा सुविधा प्राप्त गरिरहेका छन् ।

प्रेम बहादुर लामा
अध्यक्ष


नाम्खा गाउँपालिका
गाउँपालिकाको कार्यालय
हुम्ला
कर्णाली प्रदेश, नेपाल
२०७३

३.१ नाम्खा गाउँपालिकामा तापक्रमको परिदृष्य

जल तथा मौषम विज्ञान विभागको सन् १९९२ देखि २०१९ सम्मको हुम्ला जिल्लाको सिमिकोटमा रहेको स्टेसन नम्बर ३११ को तापक्रमको तथ्याङ्को अधिकतम तथा न्यूनतम तापक्रमको विश्लेषण गर्दा अधिकतम तापक्रमको वार्षिक औषत बृद्धि दर ०.००७५ ^0C र न्यूनतम तापक्रमको वार्षिक औषत बृद्धि दर ०.१५९९ ^0C रहेको पाइन्छ। अधिकतम तथा न्यूनतम तापक्रम दुबै बढ्दो क्रममा रहेको छ। अधिकतम तापक्रमको तुलनामा वार्षिक न्यूनतम औषत तापक्रमको बृद्धि बढ्दो क्रममा छ। तसर्थ यसले गर्मीका दिनहरू बढ्दै जाने तथा जाडोको दिनहरू क्रमशः घट्दै गएको संकेत गर्दछ।



चित्र नं. ४: वार्षिक औषत न्यूनतम तापक्रम




चित्र नं. ५: वार्षिक अधिकतम तापक्रम


CamScanner

३.२ नाम्खा गाउँपालिकामा वर्षाको परिदृष्य

जल तथा मौषम विज्ञान विभागको सन् १९७९ देखि २०१९ सम्मको हुम्ला जिल्लाको सिमिकोटमा रहेको स्टेसन नम्बर ३११ को विगत ४० वर्षको तथ्याङ्क अवलोकन गर्दा वार्षिक, मनसुनी तथा पोष्ट मनसुनी वर्षामा गिरावट आएको देखिन्छ । यहाँको वार्षिक औषत वर्षा ७७० मिमि रहेको पाइन्छ । यो अवधिको तथ्याङ्कहरूलाई विश्लेषण गर्दा वार्षिक औषत वर्षातमा ५.९२ मिमिको गिरावट, त्यसैगरी मनसुनी वर्षा ०.९१२ तथा पोष्ट मनसुनी वर्षा ०.५८३४ मिमिको दरले घट्दो क्रममा रहेको छ । सोही वर्षहरूको वर्षातको परिदृष्य अवलोकन गर्दा अत्यधिक वर्षाका दिनहरू बढेका छन् ।



चित्र नं.६: वार्षिक वर्षाको प्रारूप



चित्र नं. ७: अत्यधिक वार्षिक वर्षाको प्रारूप

यी सबै परिदृष्यहरूले वर्षाको मात्रा घट्दै गएको, अत्यधिक वार्षिक वर्षामा बढोत्तरी तथा तापक्रमको मात्रा बढ्दै गएको देखिन्छ । यस परिदृष्य तथा परिक्रमहरूले कृषि, खानेपानी, सरसफाइ, भौतिक पूर्वाधार, स्वास्थ्य तथा पोषणमा प्रत्यक्षरूपले प्रभाव पारेको र पार्ने देखिन्छ । उक्त कुराहरूको पुष्ट्याइँ सहभागितात्मक लेखाजोखाको क्रममा पनि पाइएको थियो र सोही अनुकूल अनुकूलनका गतिविधिहरू प्रस्ताव गरिएको छ ।

शूर बहादुर लामा
अध्यक्ष

३.३ वडाहरूको संकटासन्नताको अवस्था स्तरीकरण

वडागतरूपमा समयरेखा विधिबाट पहिचान भएका जलवायुजन्य प्रकोप तथा जोखिमहरूलाई गाउँपालिका तहमा जोडागत स्तरीकरण विधिबाट समग्र विश्लेषण तथा स्तरीकरण गरिएको थियो । स्थानीय स्रोत, साधन तथा जीविकोपार्जनमा प्रकोपहरूले पारेको असर तथा प्रभावहरूको तुलनात्मक विश्लेषण गरी प्रकोपको स्तरीकरण गरिएको थियो । यस विधिबाट गरिएको विश्लेषण अनुसार पहिरो पहिलो स्तरमा रहेको छ भने बाढी र खडेरीले क्रमशः दोस्रो र तेस्रो स्थानमा रहेका छन् । यसरी नै कृषि तथा पशुपंक्षीमा रोग चौथो, वनमा आगलागी पाँचौ, मानव स्वास्थ्य छैठौ स्तरमा रहेका छन् । असिनापानी सातौंमा, हावाहुरी आठौंमा र मिचाहा प्रजाति नवौं स्तरमा रहेका छन् । गाउँपालिकाले आफ्नो योजना तथा बजेट तर्जुमा गर्दा पहिरो, बाढी तथा खडेरी लगायतका प्रकोप तथा जोखिमहरूलाई ध्यान दिदै यसबाट उत्थानशील हुने किसिमका योजना तथा कार्यक्रमहरू तर्जुमा गर्नुपर्ने देखिन्छ । प्रकोप जोडागत स्तरीकरणलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ६: प्रकोपको जोडागत स्तरीकरण

प्रकोप	पहिरो	बाढी	खडेरी	आगलागी	हावाहुरी	असिना	कृषि तथा पशुपंक्षीमा रोग	मिचाहा प्रजाति	मानव रोग	स्तर
पहिरो			पहिरो	पहिरो	पहिरो	पहिरो	पहिरो	पहिरो	पहिरो	I
बाढी			बाढी	बाढी	बाढी	बाढी	बाढी	बाढी	बाढी	II
खडेरी				खडेरी	खडेरी	खडेरी	खडेरी	खडेरी	खडेरी	III
आगलागी					आगलागी	आगलागी	कृषि तथा पशुपंक्षीमा रोग	आगलागी	आगलागी	V
हावाहुरी						असिना	कृषि तथा पशुपंक्षीमा रोग	हावाहुरी	मानव रोग	IX
असिना							कृषि तथा पशुपंक्षीमा रोग	असिना	मानव रोग	VIII
कृषि तथा पशुपंक्षीमा रोग								कृषि तथा पशुपंक्षीमा रोग	कृषि तथा पशुपंक्षीमा रोग	IV
मिचाहा प्रजाति									मानव रोग	VII
मानव रोग										VI
जम्मा	९	८	७	४	१	२	६	३	५	

३.४ प्रकोपहरूको ऐतिहासिक समयरेखा

नाम्खा गाउँपालिकामा विभिन्न प्रकोपहरूले पारेका असर तथा प्रभावहरूको विश्लेषण स्थानीय सरोकारवालाहरूको सक्रिय सहभागितामा तयार गरिएको थियो ।

प्रकोपको ऐतिहासिक समयरेखा: यो एक सहभागितामूलक विधि हो जस मार्फत कम्तिमा विगत ३० वर्षमा घटेका विभिन्न प्रकोपहरूको विश्लेषण गरिन्छ । यस विधिको माध्यमबाट वडा नं. १ देखि ६ सम्मका निर्वाचित जनप्रतिनिधीहरू, जेष्ठ नागरिक, बुद्धिजीवी तथा जानिफकारहरूसँग छलफल गरी नाम्खा गाउँपालिकाको प्रकोपको ऐतिहासिक समयरेखा तयार गरिएको थियो । यस विधिबाट प्राप्त भएको सूचनाको आधारमा गाउँपालिकामा रहेका जलवायुजन्य प्रकोप तथा जोखिमहरू र ती प्रकोपहरूबाट सिर्जित असर तथा प्रभावहरू विश्लेषण गरिएको थियो ।

क. पहिरोको जोखिमको अवस्था

यस गाउँपालिकाको मुख्य प्रकोपहरूमध्ये पहिरो तथा भूक्षय एक रहेको छ। पहिरोबाट खेतीयोग्य जमिन, बस्ती तथा घरहरू, सामुदायिक पूर्वाधारहरू तथा अन्य प्राकृतिक स्रोतहरू सङ्कटासन्न रहेको देखिन्छ। विगतका वर्षमा पहिरो तथा भू-क्षयले गर्दा गरेको क्षतिको विवरण तलको तालिकामा समेटिएको छ।

तालिका नं. ७ विगतका वर्षमा पहिरो तथा भुक्षयले सिर्जित क्षतिको समग्र विवरण

क्र.सं.	प्रकोप	वर्ष	प्रकोपले ल्याएका असर तथा प्रभावहरू	प्रभावित समुदाय वा वर्ग	भविष्यमा हुन सक्ने यसको प्रवृत्ति, असर तथा प्रभावहरू	बचाउका प्रयास र संस्थागत सहयोग
1	पहिरो	वडा नं. १			भविष्यमा पहिरोको बारम्बारता र प्रवृति दुवै बढने देखिन्छ। यसले कृषि योग्य जमिनमा क्षति पुऱ्याउने, खाद्य सकट आउने सम्भावना प्रवल देखिन्छ। वनजङ्गल तथा भौतिक पूर्वाधारहरूमा पनि असर पुऱ्याउने देखिन्छ।	गाउँपालिका आफैंले खेतीयोग्य जमिनहरू बनाउने गरेको, गोरेटो बाटोहरू पुनःनिर्माण गरेको, पानी घट्टहरू आफै निर्माण गरेको तथा लघुजलविद्युतको नहर मर्मत कार्य गरेको
		2067	हेप्का गाउँको दायाँ बायाँबाट पहिरो आएर १२५ घरधुरीहरू भएको बस्ती पूर्णरूपमा जोखिममा रहेको साथै खेतीयोग्य जमिनमा पनि क्षति भएको	वडा नं. १ को बस्ती, समुदाय, वनक्षेत्र तथा खेतीयोग्य जमिन		
		वडा नं. २				
		2075	गाडजाड पहिरोले ४५ घरधुरीहरू पहिरोको उच्च जोखिममा रहेको	वडा नं. २ को बस्ती, समुदाय		
		वडा नं. ३				
		2071	किजोम खोला मुनिबाट पहिरो आएर पानीको मुहान क्षति गरेको	वडा नं. ३ को बस्ती, समुदाय, लघुजलविद्युत, सिंचाइ तथा खेतीयोग्य जमिन		
		2075	तुसाडमा पहिरोले सिंचाइको पाइप ३ ठाउँमा बगाएको, छुदुडमुमा पहिरोले सिंचाइ पाइपलाई असर गरेको			
		2078	लामाखोल्सीमा पहिरो गएर लघुजलविद्युतलाई क्षति गरेको तथा खेतीयोग्य जमिनमा पनि क्षति तथा असर			
		वडा नं. ४				
		2068	चालाको कापाकुतुड भन्ने स्थानमा पहिरोले बाजुरा जाने गोरेटो बाटो क्षति गरेको जसका कारण मानिस तथा पशुवस्तुहरू हिँड्नलाई कठिनाइ भएको	वडा नं. ४ को बस्ती, समुदाय, लघुजलविद्युत, सिंचाइ तथा खेतीयोग्य जमिन, गोरेटो बाटो तथा वनक्षेत्र		
		2070	चालाको गाउँभन्दा माथिबाट हिमपहिरो आएर २ वटा घरहरू पुरेको तथा क्षति गरेको साथै अन्य बस्तीलाई पनि क्षति तथा असर, बस्ती जोखिममा रहेको, चालाको दुई गाउँ विचमा पहिरोले बाटोमा क्षति गरेको साथै खेतीयोग्य जमिनमा पनि क्षति गरेको			
		2075	याडकार गाउँको माथिबाट पहिरो आएर बस्ती जोखिममा रहेको तथा खेतीयोग्य जमिनमा पनि क्षति भएको			
		2077	भोवलुममा पहिरोको कारण वन, खेतीयोग्य जमिन तथा बाटोमा क्षति गरेको			
		2079	याल्वाड भेडामा धेरै वर्ष पहिला १ पटक पहिरो आएर खेतीयोग्य जमिन तथा बस्ती जोखिममा परेको जसका कारण खेतहरूमा अझै पनि ठूला ठूला दुङ्गाहरू भएको र भविष्यमा पनि यस ठाउमा पहिरो आउने सम्भावना रहेको साथै यस बस्तीका २२ घरधुरीहरू पहिरोको उच्च जोखिममा रहेको			
		वडा नं. ५				
		2035	गेरिङ खोलामा आएको हिमपहिरोले पशुचौपायाहरू पुरेको, चौरीगाईहरू बगाएर कर्णाली नदीमा लगेको र क्षति गरेको	वडा नं. ४ को बस्ती, पशुचौपाया तथा वनक्षेत्र		
		2074	पाँडा भन्ने स्थानमा हिमपहिरो आएर वनमा भएका बोटबिरुवाहरू नष्ट गरेको तथा पुरेको, गार्सा खोलामा पहिरोले गर्दा वनजङ्गलमा भएका बोटबिरुवाहरू पुरेको तथा ढालेर क्षति गरेको			
		वडा नं. ६				

2066	हाल्जी गाउँमा पहिरोले ६ वटा पानीघट्ट पुरेको, ४ वटा घर भत्किएको तथा वर्षेनी यो क्रम निरन्तर रहेको साथै १ कि.मी. क्षेत्रमा पहिरोले क्षति तथा असर गरेको	वडा नं. ४ को बस्ती, खेतीयोग्य जमिन तथा वनक्षेत्र	
2070	तिलखोलामा हिमपहिरो जाँदा खेतीयोग्य जमिन ४० रोपनी पुरेको तथा क्षति गरेको साथै ४०० मि. जति क्षेत्रमा यसको असर परेको		

ख. बाढीको जोखिम

कर्णाली नदी तथा यसका सहायक खोलाहरू र यसको जलाधार क्षेत्रका खहरे खोलाहरूमा बाढीको समस्या देखिन्छ ।



चित्र ८ नाम्खा गाउँपालिकाको पहिरो जोखिम नक्सा


ऐतिहासिक समयरेखाको विश्लेषण अनुसार बाढीले पटक पटक गरेर गरेको क्षति तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ८: ऐतिहासिक समयरेखाको विश्लेषण अनुसार बाढीले गरेको क्षतिको विवरण

क्र.सं.	प्रकोप	वर्ष	प्रकोपले ल्याएका असर तथा प्रभावहरू	प्रभावित समुदाय वा वर्ग	भविष्यमा हुन सक्ने यसको प्रवृत्ति, असर तथा प्रभावहरू	बचाउका प्रयास र संस्थागत सहयोग
2	बाढी	वडा नं. १			हाल पानी पर्ने तरिकामा फेरबदल आएको देखिन्छ साथै उच्च हिमाली ठाउँ भएका कारणले यहाँको हिउँ पर्ने तौर तरिकामा समेत फेरबदल आएको छ । यस क्षेत्रमा अवैज्ञानिक तरिकाले बाटोघाटो निर्माण हुँदा भविष्यमा बाढीका घटनाहरू बढ्ने देखिन्छ ।	काठेपुल जनश्रमदानबाट बनाएको, कुनै कुनै स्थानमा ग्याबियन तारजाली हाल्ने काम भएको साथै खेतीयोग्य जमिनहरू आफ्नै प्रयासबाट बनाएर उपभोग गरिरहेको
		२०७३	हेप्का खोलामा बाढी आएर खोला आसपासमा रहेको १०० रोपनी बढी खेतीयोग्य जमिन कटान गरी क्षति गरेको, केही खेतहरू डुवानमा परेको तथा केही खेतहरू बगरमा परिणत भएको	वडा नं. १ को समुदाय, खेतीयोग्य जमिन		
		२०७९	हेप्का खोलामा बाढी आएर खोला आसपासमा रहेको ७५ रोपनी बढी खेतीयोग्य जमिन कटान तथा क्षति गरेको, केही खेतहरू डुवानमा परेको			
		वडा नं. २				
		२०६२	सल्लीखोलामा आएको बाढीले मोटरबाटो, वनजङ्गलमा साथै काठको पुल बगाएर क्षति गरेको र यस खोलाले प्रत्येक २-३ वर्षमा क्षति गर्ने गरिरहेको छ	वडा नं. २ को बस्ती, सिँचाइ कुलो, वन क्षेत्र, मोटरबाटो, पानीघट्ट, लघुजलविद्युत तथा खेतीयोग्य जमिन		
		२०७०	छ्युरालुम्वा खोलामा आएको बाढीले प्रत्येक वर्ष सिँचाइ कुलोमा क्षति गर्ने गरेको, ५ वटा पानीघट्ट बगाएको तथा क्षति गरेको, लघुजलविद्युत तथा कुलो क्षति गरेको, विद्यार्थीहरूलाई विद्यालय जान समस्या भएको			
		२०७७	बौलाहा खोलामा आएको बाढीले खेतीयोग्य जमिन, खोला आसपासमा रहेको वनजङ्गल, मोटरबाटो तथा सिँचाइ कुलोमा क्षति गरेको			
		२०७८	च्याछराको बाढीले पानीघट्ट, जलविद्युतको पावरहाउस तथा मोटरबाटो र घोडेटो बाटोमा क्षति गरेको			
		वडा नं. ३				
		२०७०	किजोमखोलामा बाढी आएर ५० रोपनी बढी खेतीयोग्य जमिनमा क्षति गरेको	वडा नं. ३ को जमिन		
		वडा नं. ४				
		२०६१	कर्णाली नदीले १ जना विद्यार्थी बगाएर मृत्यु भएको	वडा नं. ४ को बस्ती, खेतीयोग्यजमिन, लघुजलविद्युत तथा मोटरबाटो		
		२०६३	कर्णाली नदीले २ जना विद्यार्थी बगाएर मृत्यु भएको			
		२०५०	पुईया खोलाको बाढीले खेतीयोग्य जमिन कटान गरी क्षति गरेको र वर्षेनी यो खोलाले क्षति गर्ने गरेको			
		२०७०	हावा खोलामा आएको बाढीले लघुजलविद्युतको कुलोमा क्षति गरेको, खेतीयोग्य जमिनमा क्षति गरेको, गोरेटो बाटोमा क्षति गरेको, वर्षेनी ३ वटा काठेपुलहरू बगाएर क्षति गर्ने गरेको			
		२०७४	लुङजुङ खोलामा आएको बाढीले खेतीयोग्य जमिन तथा मोटरबाटोमा सामान्य रूपमा क्षति गरेको			
		वडा नं. ५				
		२०६८	छ्युरालुम्वा खोलामा आएको बाढीले खेतीयोग्य जमिन, पानी घट्ट तथा लघुजलविद्युतको नहरमा क्षति गरको	वडा नं. ५ को बस्ती तथा समुदाय, लघुजलविद्युत, काठेपुल, खानेपानी योजना,पानीघट्ट तथा सिँचाइ कुलो		
		२०७०	भुमुचे खोलामा आएको बाढीले खेतीयोग्य जमिन कटान गरी क्षति गरेको तथा काठेपुल बगाएको			
		२०७५	याडसी खोलामा आएको बाढीले काठेपुल बगाएर क्षति गरेको			
		२०७९	तुम्कोटको च्याङमले खोलामा आएको बाढीले १ वटा घर बगाएको, खानेपानी योजनाको मुहान बगाएको, सिँचाइ कुलो बगाएर क्षति गरेको, पानीघट्ट तथा खेतीयोग्य जमिनमा क्षति गरेको			

प्रेम बहादुर लामा
अध्यक्ष

वडा नं. ६		
2070	सिमी कर्णालीमा प्रत्येक वर्ष आउने बाढीले मोटरबाटोमा क्षति गर्ने गरेको	वडा नं. ६ को बस्ती तथा मोटरबाटो



चित्र नं १: नाम्खा गाउँपालिकाको बाढी जोखिम नक्सा

भौगोलिक सूचना प्रणालीबाट प्राप्त सूचनाहरूको आधारमा तयार गरिएको बाढी जोखिम नक्सा हेर्दा सबै वडाका नदी तथा खोलाका वरपरका बस्तीहरू बाढीको जोखिममा देखिन्छन् ।

ग. **खडेरी: वडागतरूपमा खडेरीका घटनाहरू साथै यसका असर र प्रभावहरू**

ऐतिहासिक समयरेखाको विश्लेषण अनुसार विगतका वर्षहरूमा लामो खडेरीका घटनाहरू बढ्दै गएको देखिन्छ । खडेरीको कारणले कृषि बालीको उत्पादनमा कमी आएको देखिन्छ भने पानीका मुहानहरूमा पानीको मात्रा घट्दै गएको पाइन्छ ।

तालिका ९. विगतका वर्षहरूमा लामो खडेरीका घटनाहरूको विवरण

क्र.सं.	प्रकोप	वर्ष	प्रकोपले ल्याएका असर तथा प्रभावहरू	प्रभावित समुदाय वा वर्ग	भविष्यमा हुन सक्ने यसको प्रवृत्ति, असर तथा प्रभावहरू	बचाउका प्रयास र संस्थागत सहयोग
3	खडेरी	वडा नं. १			नियमित रूपमा हुँदै आएको मनसुनी वर्षा तथा हिउँदे वर्षाको रूप, हिउँ पर्ने मात्रामा घटबढ हुने, समयमा भएको परिवर्तनले भविष्यमा खडेरीको समस्या अझै हुन सक्ने	स्थानीयले आफ्नै उपाय अनुसार बाली प्रणालीमा सुधार तथा सिंचाइको व्यवस्था गरेको तर उपलब्धि राम्रो नभएको
		2072	पानीका मुहान तथा कुवाहरूमा पानीको मात्रामा कमी आएको साथै केही पानीका मुहानहरू सुक्ने क्रममा रहेको	वडा नं. १ को बस्ती तथा समुदाय		
		वडा नं. २				
		2070	लामो समयसम्म पानी नपर्नाले बालीहरू समयमा लगाउन नपाएको, हिउँदे वर्षामा कमी तथा वर्षायाममा पनि वर्षा समयमा नहुँदा उत्पादनमा कमी आएको	वडा नं. २ को बस्ती तथा समुदाय		
		2075	च्याङमाछोवु पानीको मुहान पूर्णरूपमा सुकेको तथा अन्य पानीका मुहानहरूमा पनि पानीको मात्रामा कमी आएको			
		वडा नं. ३				
		2073	लामो समयसम्म पानी नपर्नाले उवा, गहुँबाली उत्पादनमा कमी आएको	वडा नं. ३ को बस्ती तथा समुदाय		
		2075	च्याङमोचेन, छ्युक, व्याक्तेत, म्याजने, लुवु जस्ता पानीका मुहानहरू सुकेको तथा अन्य पानीका मुहानहरूमा पानीको मात्रामा कमी हुँदै आएको			
		2076	पानीका मुहानहरू सुक्दै गएको कारण गाईबस्तुहरूलाई पानी खुवाउन समस्या भएको, पहिलादेखि खेती गर्दै आएका जमिनहरू सिंचाइको असुविधाका कारण खेती गर्न छोडेको			
		वडा नं. ४				
		2070	काजु मुहान, ईलिङ मुहान पूर्णरूपमा सुकेको तथा अन्य पानीको मुहानहरूमा पानीको मात्रामा कमी आएको जसका कारण सिंचाइ तथा पिउने पानीको समस्या भएको	वडा नं. ४ को बस्तीतथा समुदाय		
		वडा नं. ५				
		2050	याक्से ठोडमा भएको पानीको मुहान सुकेको	वडा नं. ५ को बस्तीतथा समुदाय		
		2068	हिजिम गुम्बा नजिकको पानीको मुहान सुकेको			
		2079	तुम्कोट, मुचु, यारीमा हिउँदमा पानी नपर्नाले बालीनाली नै नउम्रिएको जसका कारण बिउ नै भित्र्याउन नपाएको			
		वडा नं. ६				
		2070	पानीका मुहानहरू पूर्ण रूपमा नसुकेता पनि प्राय जसो पानीका मुहानहरूमा पानीको मात्रामा कमी आएको, कुनै समयमा लामो समय सम्म पानी नपर्दा खेतीपाती लगाउनमा कठिनाई आएको	वडा नं. ६ को बस्तीतथा समुदाय		


घ. आगलागी: वडागत रूपमा आगलागीका घटनाहरू साथै यसका असर तथा प्रभावहरू

ऐतिहासिक समयरेखाको विश्लेषण अनुसार विगतमा खडेरीका घटनाहरू बढे संगै वनजङ्गल तथा बस्तीहरूमा आगलागीका घटनाहरू बृद्धि भएको देखिन्छ । वनजङ्गलमा लागेको आगलागीले बोटबिरुवा तथा वन्यजन्तुहरूलाई क्षति पुऱ्याएको देखिन्छ भने केही घटनाहरूमा वनको डढेलो बस्तीसम्म फैलिएर घर गोठहरू जलेको पाइन्छ ।

तालिका नं. १०. विगतका वर्षहरूमा नाम्खा गाउँपालिकामा घटेको आगलागीका घटनाहरूको विवरण

क.सं	प्रकोप	वर्ष	प्रकोपले ल्याएका असर तथा प्रभावहरू	प्रभावित समुदाय वा वर्ग	भविष्यमा हुन सक्ने यसको प्रवृत्ति, असर तथा प्रभावहरू	बचाउका प्रयास र संस्थागत सहयोग
4	आगलागी	वडा नं. १			पछिल्ला केही वर्षहरूमा खडेरी तथा मानवीय लापरवाहीका कारण आगलागीका घटन बढ्दै गएको हुनाले खडेरी यस वडाको प्रमुख जलवायु जन्यप्रकोप भएकोले आउने वर्षमा अझै समस्या आउन सक्ने	गाउँस्तरबाट स्थानीय सामाग्रीको प्रयोग गरी वन डढेलो निभाउने प्रयास भएको
		2055	यस वडामा आगलागीका घटनाहरू प्रत्येक वर्ष हुने गरेका छन् जसका कारण वनमा भएका बोटबिरुवाहरू जलेर नष्ट भएको साथै वनमा भएका जडीबुटीहरू पनि जलेर नष्ट हुने गरेको	वडा नं. १ को बस्ती तथा समुदाय र वन क्षेत्र		
		वडा नं. २				
		2070	आगलागीका कारण यस वडामा प्रत्येक वर्ष वनमा भएका बोटबिरुवाहरू तथा जडीबुटीहरू जलेर नष्ट हुने गरेको	वडा नं. २ को बस्ती तथा समुदाय र वन क्षेत्र		
		वडा नं. ३				
		2074	गुम्बामा आगलागी हुँदा ५ वटा घरहरू पूर्णरूपमा क्षति भएको साथै घरमा भएको सामानहरू पनि जलेर नष्ट भएको, झुलामा १ वटा घरमा आगलागी हुँदा घरमा भएका सामानहरू जलेर पूर्णरूपमा क्षति भएको	वन नं. ३ को बस्ती तथा समुदाय र वन क्षेत्र		
		2075	यस वडामा भएको वनमा प्रत्येक वर्ष आगलागीका कारण वनमा भएका बोटबिरुवा तथा जडीबुटीहरू जलेर नष्ट हुने गरेको			
		वडा नं. ४				
		2070	यस वडाको वनहरूमा प्रत्येक वर्ष आगलागीका घटनाहरू हुने गरेको जसका कारण वनमा भएका बोटबिरुवा तथा जडीबुटीहरू जलेर नष्ट हुने गरेको	वडा नं. ४ को बस्ती तथा समुदाय र वन क्षेत्र		
		2077	याङकारमा आगलागी हुँदा २ घरधुरीहरू जलेर पूर्णरूपमा क्षति भएको			
		2078	याल्वाङमा आगलागी हुँदा १ वटा घर जलेर पूर्णरूपमा क्षति भएको			
		वडा नं. ५				
		2070	आगलागीका कारण १ वटा घर पूर्ण रूपमा क्षति भएको, यस वडाको वनहरूमा वर्षेनी आगलागीका घटनाहरू क्रमिक छन् जसका कारण वनमा भएका बोटबिरुवा तथा जडीबुटीहरू जलेर नष्ट हुने गरेको	वडा नं. ५ को बस्ती तथा समुदाय र वनक्षेत्र		
		वडा नं. ६				
		2072	वर्षेनी हुने आगलागीका कारण वनमा भएका बोटबिरुवाहरू जलेर नष्ट हुने गरेको, जडीबुटीहरू पनि जलेर क्षति हुने गरेको	वडा नं. ६ को बस्ती तथा समुदाय, वनक्षेत्र		

प्रेम बहादुर लामा
अध्यक्ष



चित्र न. १० नाम्खा गाउँपालिकाको आगलागी जोखिम नक्सा

यसरी भौगोलिक सूचना प्रणालीमा आधारित रहेर हेर्दा यस गाउँपालिकाका विभिन्न स्थानहरूमा वर्षेनी आगो लाग्ने गर्दछ जुन चित्रमा देखाइएको छ ।

ङ. कृषि तथा पशूपंक्षीमा रोग: वडागतरूपमा कृषि तथा पशूपंक्षीमा रोगका घटनाहरू साथै यसका असर तथा प्रभावहरू

विगतका वर्षको ऐतिहासिक समयरेखाको विश्लेषण गर्दा चौंरीगाई, घोडा, जुमा तथा जोपा, भेडा, बाख्रा तथा कुखुराहरूमा विभिन्न खालका रोगहरू बृद्धि भई पशुपालनमा असर गरेको देखिन्छ । फलफूल, तरकारी बाली, धान, गहुँ, मकैमा पनि विभिन्ने रोग किराहरूको प्रकोप बृद्धि भई कृषि उत्पादनमा ह्रास आएको देखिन्छ ।

तालिका नं. ११: विगतका वर्षहरूमा नाम्खा गाउँपालिकामा पशुपंक्षीहरूमा देखिएको रोगहरूको विवरण

क्र. सं.	प्रकोप	वर्ष	प्रकोपले ल्याएका असर तथा प्रभावहरू	प्रभावित समुदाय वा वर्ग	भविष्यमा हुन सक्ने यसको प्रवृत्ति, असर तथा प्रभावहरू	बचाउका प्रयास र संस्थागत सहयोग
5	कृषि तथा पशुपंक्षीमा रोग	वडा नं. १			कृषिबालीमा केही न केही रोग र किरा देखिँदै आएकोले आउने वर्षमा अझै समस्या आउन सक्ने सम्भावना रहेको	एग्रोभेटबाट औषधी किनेर बालीनाली तथा पशुपंक्षीमा प्रयोग गरेको साथै स्थानीय जडीबुटीहरूको पनि प्रयोग गर्ने गरेको
		2075	गाईहरूमा मुख पाक्ने, खुट्टा फाटिने जस्ता अज्ञात रोगका कारण गाईहरू मर्ने गरेको, घोडाहरूको घाँटीमा पिप जम्मा हुने र प्वाल पर्ने जस्ता रोगका लक्षण देखिएको	वडा नं. १ का स्थानीयवासी		
		2076	पछिल्ला केही वर्षहरूमा कृषिबालीमा केही न केही रोग र किरा देखिँदै आएको, सो कारण उत्पादन पनि घट्दै गइरहेको देखिन्छ			
		वडा नं. २				
		2073	उवामा घुनका कारण उत्पादनमा कमी आएको	वडा नं. २ का स्थानीयवासी		
		2075	स्याउमा जरा तथा फेद काटने किरा, फूलमा पनि विभिन्न किसिमका किराहरूले फूलहरू झार्ने समस्या भएको, तरकारी बालीमा हरियो किरा लागेर तरकारी उत्पादनमा कमी आएको			
		वडा नं. ३				
		2075	फापर र चीनुलाई जरा काटने किराले गर्दा उत्पादनमा कमी आएको, सिमीमा पनि जरा काटने किराका कारण सिमी उत्पादनमा कमी आएको	वडा नं. ३ का स्थानीयवासी		
		2077	चौरीगाईहरूमा पित्तथैली बढ्ने, ज्वरो आउने र चौरीगाईहरू मर्ने समस्या भएको, जोपा, जुमा तथा गाईहरूमा पेट सुन्निने, गिर्खा आउने, हिँडदा लरबरिने जस्ता रोगका लक्षण देखिएको, घोडामा खोकी लाग्ने, घाँटी पाक्ने, घाँटीमा पिप जम्मा हुने र प्वाल पर्ने जस्ता रोगका लक्षणहरू देखिएको जसका कारण पशुचौपायाहरू मर्ने गरेको			
		वडा नं. ४				
		2075	वनमा भएका रुखका पातहरू, खेत तथा बारीमा भएको अन्नबाली किराले खाएर नष्ट पारेको जसका कारण उत्पादन नै नभएको	वडा नं. ४ का स्थानीयवासी		
		2077	गाईहरूमा मुख पाक्ने, खुट्टा फाटिने जस्ता अज्ञात रोगका कारण गाईहरू मर्ने गरेको, घोडाहरूको घाँटीमा पिप जम्मा हुने र प्वाल पर्ने जस्तो रोगको लक्षण देखिएको			
		2078	उवा, गहुँ, फापर, सिमी, केराउ, जौ बालीमा नयाँ रोग तथा किराको प्रकोपका कारण उत्पादनमा कमी आएको, बालीहरू बाँदर, दुम्सी तथा भालुले खाएर सताउने गरेको			
		वडा नं. ५				
		2079	केराउ, गहुँ, जौ, तोरीमा झुसिलेकिराको प्रकोपका कारण क्षति गरेको, केराउको डाँठ पहेँलो हुने, गहुँमा गुवो काटने किरा, दानामा खुम्रेकिरा, जरा काटने किराहरूले गर्दा उत्पादनमा कमी आएको	वडा नं. ५ का स्थानीय वासी तथा पशुचौपायाहरू		
		2077	गाईहरूमा मुख पाक्ने, खुट्टा फाटिने जस्ता अज्ञात रोगका कारण गाईहरू मर्ने गरेको, घोडाहरूको घाँटीमा पिप जम्मा हुने र प्वाल पर्ने जस्तो रोगको लक्षण देखिएको			
		वडा नं. ६				
		2075	उवा, तोरीमा झुसिलेकिराको प्रकोपका कारण क्षति गरेको	वडा नं. ६ का स्थानीयवासी तथा पशुचौपायाहरू		
		2077	गाईहरूमा मुख पाक्ने, खुट्टा फाटिने जस्ता अज्ञात रोगका कारण गाईहरू मर्ने गरेको, घोडाहरूको घाँटीमा पिप जम्मा हुने र प्वाल पर्ने जस्तो रोगको लक्षण देखिएको			

च. हावाहूरी: वडागतरूपमा हावाहूरीमा रोगका घटनाहरू साथै यसका असर तथा प्रभावहरू

विगत ३० वर्षको ऐतिहासिक समयरेखाको विश्लेषण गर्दा हावाहुरीले मकैबाली, फलफूल खेतीमा असर पुऱ्याएको, घर गोठ तथा विद्यालयको छाना उडाएका घटनाहरू स्थानीयले भोगिरहेका छन् ।

तालिका नं. १२: विगतका वर्षहरूमा नाम्खा गाउँपालिकामा घटेका हावाहूरीका घटनाहरूको विवरण

क्र. सं.	प्रकोप	वर्ष	प्रकोपले ल्याएका असर तथा प्रभावहरू	प्रभावित समुदाय वा वर्ग	भविष्यमा हुन सक्ने यसको प्रवृत्ति, असर तथा प्रभावहरू	बचाउका प्रयास र संस्थागत सहयोग
6	हावाहुरी	वडा नं. १			हावाहुरीको प्रकृति तथा प्रवृत्ति बढ्न सक्ने तथा अझै बढी क्षति गर्ने	जनश्रमदान बाट विद्यालय को छाना हालेको, आफ्नो घरका छानाहरू आफैले पुनः निर्माण गरेको
		2060	हावाहुरीले घरका टिनका छानाहरू उडाएर क्षति गरेको	वडा नं. १ को बस्ती तथा समुदाय		
		वडा नं. २				
		2073	उवा, फापर, चीनु लगायतका बालीहरू ढालेर नष्ट गरेको, विद्यालय, लघुजलविद्युत आयोजनाको टिनको छाना उडाएर क्षति गरेको तथा तारहरूमा क्षति गरेको	वडा नं. २ को बस्ती, बिजुली तथा विद्यालय		
		वडा नं. ३				
		2065	गुम्बामा भएको पानी मूलमा भएको रुखहरू ढालेको तथा क्षति गरेको साथै १ वटा घरको टिनको छाना उडाएर वडा नं. २ मा लगेको	वडा नं ३ को बस्ती तथा बोटबिरुवाहरू		
		वडा नं. ४				
		2060	हावाहुरीका कारण मकैबाली, फलफूलहरूमा क्षति तथा असर गरेको	वडा नं. ४ को बस्ती तथा समुदाय, बालीनाली		
		वडा नं. ५				
		2073	हिमपात सहित आएको हावाहुरीका कारण तुम्कोट गुम्बाको टिनको छाना, सीमा प्रहरी चौकीको टिनको छाना, स्वास्थ्य चौकीको टिनको छानाहरू उडाएर क्षति गरेको	वडा नं. ५ को बस्ती, तथा समुदाय		
		वडा नं. ६				
		2070	हल्जीको विद्यालयको छाना उडाएको तथा क्षति गरेको	वडा नं. ६ को बस्ती र विद्यालय		

छ. असिनापानी: वडागत रूपमा असिनाका घटनाहरू साथै यसका असर तथा प्रभावहरू

ऐतिहासिक समयरेखाको विश्लेषण गर्दा असिनाले अन्नबालीमा, तरकारी खेती, फलफूल तथा बोटबिरुवामा क्षति पुऱ्याएको देखिन्छ ।

तालिका नं. १३: विगतका वर्षहरूमा नाम्खा गाउँपालिकामा भएका असिनापानी सम्बन्धित ३६नाहरूको विवरण

क्र.सं.	प्रकोप	वर्ष	प्रकोपले ल्याएका असर तथा प्रभावहरू	प्रभावित समुदाय वा वर्ग	भविष्यमा हुन सक्ने यसको प्रवृत्ति, असर तथा प्रभावहरू	बचाउका प्रयास र संस्थागत सहयोग
7	असिनापानी	वडा नं. १			वर्षा तथा हिउँ पर्ने समयमा परिवर्तन हुँदै जाने र खडेरी बढ्दै गएमा असिनाको	केही उपाय नअपनाएको
		2077	फलफूल तथा अन्नबालीमा क्षति गरेको	वडा नं. १ को समुदाय		
		वडा नं. २				
		2076	यस वडामा असिनापानीले ओखर, गहुँबाली, जौबाली लगायतका फलफूल तथा खेतीबालीमा क्षति गरेको । चुटेको। साथै खर्क भन्ने स्थानमा पालहरू भत्काएको	वडा नं २ को समुदाय		
		वडा नं. ३				

		2061	यस वडामा असिनापानीको प्रकोप उच्च नभएतापनि सामान्य असिनापानी आउने गरेको जसका कारण फलफूलबाली तथा गहुँबालीलाई असर तथा क्षति गर्ने गरेको	वडा नं. ३ को समुदाय	प्रकोप सक्ने	
		वडा नं. ४				
		2067	यस वडामा असिनापानी सामान्य रूपमा आउने गरेको तथा असिनापानीले फाटफुट रूपमा फलफूल तथा गहुँबालीमा क्षति गरेको	वडा नं. ४ को समुदाय		
		वडा नं. ५				
		2068	भाद्रमा असिनापानी परेर चुल्लुका हाँगाहरू भाँचेको तथा क्षति गरेको, बालीनालीहरू चुटेर नष्ट गरेको	वडा नं. ५ को समुदाय		
		वडा नं. ६				
			यस वडामा असिनापानीको प्रभाव उच्च नरहेको	वडा नं. ६ को समुदाय		

ज. मिचाहा प्रजाति: वडागतरूपमा मिचाहा प्रजातिका घटनाहरू साथै यसका असर तथा प्रभावहरू

ऐतिहासिक समयरेखाको विश्लेषण गर्दा खेतबारीमा नयाँ किसिमका झारहरू देखा परेका तथा ती झारहरूले कृषिबालीमा असर गरेको देखिन्छ ।

तालिका नं. १४: विगतका वर्षहरूमा नाम्खा गाउँपालिकामा देखिएका मिचाहा प्रजाति सम्बन्धी घटनाहरूको विवरण

क्र.सं.	प्रकोप	वर्ष	प्रकोपले ल्याएका असर तथा प्रभावहरू	प्रभावित समुदाय वा वर्ग	भविष्यमा हुन सक्ने यसको प्रवृत्ति, असर तथा प्रभावहरू	बचाउका प्रयास र संस्थागत सहयोग
४	मिचाहा प्रजाति	वडा नं. १ र २			अझै नयाँ किसिमका झारहरू आएर खेतीबाली तथा वन क्षेत्रलाई असर गर्ने	खेतबारीमा भएका झारहरू उखेलेर फाल्ने गरेको
		2068	पहेंलो फूल्ने झार खेतीयोग्य जमिनमा फैलिएर बाली उत्पादनमा कमी आएको	वडा नं. १ र २ को खेतीयोग्य जमिन		
		वडा नं. ३ र ४				
		2075	खेतीयोग्य जमिनमा धतुरो फैलिएर बालीनाली उत्पादनमा कमी आएको	वडा नं. ३ र ४ को खेतीयोग्य जमिन		

झ.मानवरोग: वडागतरूपमा मानवमा रोगका घटनाहरू साथै यसका असर तथा प्रभावहरू

ऐतिहासिक समयरेखाको विश्लेषण गर्दा विभिन्न समयमा झाडापखालाले महामारीको रूप लिएको देखिन्छ भने यसका अलावा विभिन्न समयमा फ्लु, भाइरल ज्वरो, टाइफाइडको प्रकोपहरू पनि देखिने गरेको छ। यी रोगहरूका साथै मानिसहरूमा नसा सम्बन्धी, पेट सम्बन्धी, एलर्जी, प्यारालाइसिस, आँखा सम्बन्धीका रोग तथा समस्याहरू, उच्च रक्तचाप, मधुमेह, ग्याष्ट्रिक जस्ता समस्याहरू पनि बढ्दो क्रममा देखिन्छन् ।

तालिका नं. १५: विगतका वर्षहरूमा नाम्खा गाउँपालिकामा देखिएका मानवरोगका घटनाहरूको विवरण

क्र.सं.	प्रकोप	वर्ष	प्रकोपले ल्याएका असर तथा प्रभावहरू	प्रभावित समुदाय वा वर्ग	भविष्यमा हुन सक्ने यसको प्रवृत्ति, असर तथा प्रभावहरू	बचाउका प्रयास र संस्थागत सहयोग
	मानव स्वास्थ्य	सबै वडाहरूमा				

9		2070	बच्चाहरूमा सामान्य खालको झाडापखाला देखिने, रुघाखोकी हुने, वयस्क तथा वृद्धवृद्धाहरूमा आँखा सम्बन्धीका रोगहरू बढिरहेको, एलर्जी, नाक बन्द हुने तथा श्वास प्रश्वासमा समस्या आएको तथा वन तथा खेतीयोग्य जमिनमा हरियो प्रजातिहरू पलाउंदा श्वास प्रश्वासमा समस्या देखिएको साथै रुघाखोकी, उच्च रक्तचाप, एलर्जी, छाला तथा आँखा सम्बन्धी रोगका बिरामीहरूको संख्यामा वृद्धि भएको	सबै वडाका समुदाय	२०७३ पछिल्ला वर्षहरूमा नयाँ नयाँ रोगहरू देखिँदै आएकोले अझ समस्या तथा रोगहरू बढ्दै जान सक्ने	स्थानीयस्तरमा उपलब्ध औषधिको प्रयोग तथा उपचारको लागि पालिका बाहिर गएको केहीले धामी झाँक्रीकोमा पनि जाने गरेको

३.५ जोखिमको अवस्था र प्रभाव मुल्याम्न

यस विधिको प्रयोगबाट प्रकोपको प्रभाव, प्रभावको मुख्य क्षेत्र पहिचान गर्नुका साथै प्रकोपसँग जुध्नका लागि गरिने अनुकूलनका प्रयासहरूको विश्लेषण गरिएको थियो । यो विधि प्रयोग गर्दा प्रभावको स्तर र अनुकूलनका प्रयासहरूको स्तर दुवैलाई ०.५ देखि ३ अङ्कभार दिई विश्लेषण गरिएको थियो जसमा ०.५ भन्नाले न्यून प्रभाव तथा प्रयास र ३ भन्नाले सबैभन्दा उच्च प्रभाव तथा प्रयास भन्ने बुझिन्छ ।

तालिका नं १६ प्रकोपको जोखिमको अवस्था र प्रभाव मुल्याम्न

क्र.सं.	प्रकोप	प्रकोपले प्रभाव पारेको मुख्य क्षेत्र	असर तथा प्रभावहरू	स्तर	अनुकूलनका उपायहरू	स्तर
१	पहिरो	कृषि तथा खाद्य सुरक्षा, वन तथा जैविक विविधता, भौतिक पूर्वाधार, जलस्रोत तथा ऊर्जा	• खेतीयोग्य जमिन पुरेको तथा क्षति गरेको • बस्ती तथा घरहरू पहिरोले पुरेको तथा ६ वटा घरहरूमा क्षति भएको, पशुचौपायाहरू बगाएको तथा चौरीगाईहरू पहिरोले पुरेर क्षति गरेको • सिँचाइ पाइपहरू बगाएको तथा पानीघट्टहरू पुरेको • सार्वजनिक बाटो तथा खानेपानी मुहानमा क्षति, लघुजलविद्युतमा क्षति गरेको • वन क्षेत्र प्रभावित, वन पैदावारमा र चरनक्षेत्रमा क्षति ।	३	• क्षति गरेको खेतबारी पुनः निर्माण गरी खेती गरिएको । • कच्ची पर्खाल लगाएको । • आफैं घरघरबाट गएर बाटो बनाएको, खानेपानी मर्मत गरेको	१
२	बाढी	कृषि तथा खाद्य सुरक्षा, वन तथा जैविक विविधता, भौतिक पूर्वाधार	• करिब २०० रोपनी भन्दा बढी खेतीयोग्य जमिनमा क्षति गरेको • १ वटा घर बगाएर क्षति गरेको • ३ वटा लघुजलविद्युतको नहरमा क्षति गरेको, सिँचाइ कुलोहरू बगाएर क्षति गरेको	३	• क्षति भएका खेतहरू तथा घट्टहरू व्यक्तिगत प्रयासबाट पुनःनिर्माण गरेको • केहीले बसाईसराइ गर्नु परेको • समुदायको प्रयासमा खानेपानी तथा सिँचाइ तथा विद्युतको कुलो मर्मत गरिएको	१

प्रेम बहादुर लामा
अध्यक्ष

क्र.सं	प्रकोप	प्रकोपले प्रभाव पारेको मुख्य क्षेत्र	असर तथा प्रभावहरू	स्तर	अनुकूलनका उपायहरू	स्तर
			• ३ जना विद्यार्थीहरू डुवेर मृत्यु भएको • १० वटा घट्ट, ५ वटा काठेपुल बगाएको, मोटरबाटो तथा गोरेटो बाटोमा क्षति, बाढीले वन क्षेत्र कटान गरी वनमा भएका बोटविरुवाहरूमा क्षति तथा असर			
३	खडेरी	जलस्रोत तथा ऊर्जा वन तथा जैविक विविधता कृषि तथा खाद्य सुरक्षा	• खडेरीको कारणले कृषिवालीको उत्पादनमा कमी आएको • पानीका मुहानहरूमा पानीको मात्रा घट्दै गएको • पिउने पानी, सिँचाइको लागि पानी अभाव भएको	३	• विउबिजनहरू परिवर्तन गरेको • पिउने पानी टाढाबाट ल्याएर प्रयोग गरेको	१
४	आगलागी	वन तथा जैविक विविधता, भौतिक पूर्वाधार	• सा.व. तथा राष्ट्रिय वनहरूमा आगलागी भई वनमा भएका बोटविरुवा, जडीबुटीहरू, घाँसहरू जलेर नष्ट भएको, वन्यजन्तुमा पनि क्षति तथा असर पुगेको	२	• समुदायका व्यक्तिहरू मिलेर वनमा आगो निभाउने र नियन्त्रणमा लिने प्रयास भएको	१
५	कृषि तथा पशुपंक्षीमा रोग	कृषि तथा खाद्य सुरक्षा	• उवा, गहुँ, मकैमा विभिन्न रोग किराहरूको प्रकोप वृद्धि भई कृषि उत्पादनमा ह्रास आएको • गाई, भैंसी, भेडा बाखा, कुखुराहरूमा विभिन्न रोगहरू बृद्धि भई पशुपालनमा असर गरेको	२.५	• एग्रोभेटबाट केही विषादीहरूको प्रयोग भएको • पशुचौपाया विरामी हुँदा स्थानीय जडीबुटी साथै एग्रोभेटबाट औषधी ल्याएर उपचार गर्ने गरेको ।	१.५
६	हावाहुरी	भौतिक पूर्वाधार, कृषि तथा खाद्य सुरक्षा, वन तथा जैविक विविधता	• मकैबाली, फलफूल खेतीमा असर पुऱ्याएको, • घर गोठ तथा विद्यालयको छाना उडाएको • वनजङ्गलमा क्षति पुऱ्याएको	१.५	• क्षति भएका भौतिक पूर्वाधारहरूको पुनः मर्मत भएको • क्षतिबाट बचेको अन्नबाली तथा तरकारीबाली सदुपयोग गरिएको	१
७	असिना	कृषि तथा खाद्य सुरक्षा	• असिनाले अन्नबालीमा, तरकारी खेती, फलफूल तथा बोटबिरुवामा क्षति पुऱ्याएको	१.५	• अन्नबाली खरिद गरेको	०.५
८	मिचाहा प्रजाति	वन तथा जैविक विविधता, कृषि तथा खाद्य सुरक्षा	• बारीमा धतुरो तथा पहेँलो फुल्ने झार जस्ता नयाँ प्रजातिहरू आएर उत्पादनमा कमी आएको	१	• खेतबारीमा भएको झारलाई उखेलेर फाल्ने तथा आगो लगाउने कार्य गरेको	०.५

क्र.सं	प्रकोप	प्रकोपले प्रभाव पारेको मुख्य क्षेत्र	असर तथा प्रभावहरू	स्तर	अनुकूलनका उपायहरू	स्तर
१	मानवमा रोग	मानव स्वास्थ्य	• फ्लु, भाइरल ज्वरो, टाइफाइडको प्रकोपहरू बढ्दै गएको • नसा सम्बन्धी, पेट सम्बन्धी, एलर्जी, प्यारालाइसिस, आँखा सम्बन्धीका रोग तथा समस्याहरू, उच्च रक्तचाप, मधुमेह, ग्याष्ट्रिक जस्ता समस्याहरू पनि बढ्दो क्रममा रहेको	२.५	• स्थानीय जडीबुटीहरूको प्रयोग गर्ने गरेको • स्वास्थ्य चौकी तथा स्थानीय मेडिकलहरूबाट औषधी उपचार गर्ने गरेको	२

माथि उल्लिखित जोखिमको अवस्था तथा अनुकूलनका प्रयासहरूको विश्लेषण विधिबाट पहिचान गरिएका ९ किसिमका प्रकोपहरूको मूल्याङ्कन तथा अनुकूलनको क्षमताको लेखाजोखालाई माथिको तालिकामा प्रस्तुत गरिएको छ। उक्त तालिकाको विश्लेषण गर्दा यस वडामा सबैभन्दा बढी पहिरो, बाढी, खडेरी, कृषि तथा पशुपंक्षीमा रोग, आगलागी जस्ता प्रकोपहरूले असर पारेको देखिन्छ। यी प्रकोपहरू बारम्बार दोहोरिएको पाइएको छ तर यस्ता प्रकोपहरूका प्रभावहरूसँग जुध्न सक्ने क्षमता अत्यन्त न्यून रहेको देखिन्छ।



चित्र नं. ११: नाम्खा गाउँपालिकाको जोखिम विश्लेषण भूउपयोग नक्सा

विश्लेषणले प्रकोपहरूसंग जुध्न सक्ने क्षमता विकास हुन अझै समय लाग्ने र त्यतिबेलासम्म धेरै नै क्षति हुने देखिन्छ यस अनुकूलन योजनामा ती प्रकोपहरूसंग जुध्न तुरुन्तै अवलम्बन गर्न सकिने अल्पकालिन तथा दीर्घकालिन उपायहरू समावेश गरिएका छन् ।

प्रेम बहादुर लामा
अध्यक्ष

३.६ जलवायू परिवर्तनबाट प्रभावित समुह, लिंग तथा समूदायको पहिचान

यस गाउँपालिकामा भएका जलवायुजन्य प्रकोपहरूको असर तथा प्रभावबाट कुन उमेर समूह, लिङ्ग, जातजाति, आर्थिक र सामाजिक अवस्थाका समुदायहरू तुलनात्मक रूपमा बढी प्रभावित हुन्छन् भन्ने विश्लेषण गरिएको थियो । विश्लेषणबाट समग्रमा लैङ्गिक हिसाबमा महिला, उमेर समूहमा जेष्ठ नागरिक तथा बालबालिकाहरू, सामाजिक समूहमा एकल महिला तथा फरक क्षमता भएका समुदायका सदस्यहरू तुलनात्मक रूपमा उच्च प्रभावित हुने देखिएको छ ।· जातिगतरूपमा दलितहरू अन्य जातिका भन्दा उच्च प्रभावित एव सङ्कटासन्न हुने गरेको देखिएको छ । यस विधिको प्रयोगले गाउँपालिकामा रहेको लैङ्गिक तथा सामाजिक समावेशीकरणको स्थितीको समेत उजागर गर्न मद्दत गरेको छ । यसरी यी उच्च प्रभावित समूह तथा वर्गहरूलाई अनुकूलन कार्ययोजनाका क्रियाकलापहरूले कसरी सम्बोधन गर्न सकिन्छ भन्ने साझा बुझाइ बनाउन पनि सहयोग पुगेको थियो ।

प्रकोप	प्रकोपका असर तथा प्रभावहरू	स्थान वडा	प्रकोपबाट प्रभावित सङ्कटासन्नता वर्ग														
			उमेर समूह				लिंग		आर्थिक स्तर				सामाजिक स्तर		जातजाति		
			बालबालिका	युवा	वयस्क	वृद्धवृद्धा	महिला	पुरुष	अति विपन्न	विपन्न	मध्यम वर्ग	सम्पन्न वर्ग	अपांगता भएका व्यक्ति	एकल महिला	जनजाति	ब्राह्मण क्षेत्री	अन्य
पहिरो	कृषि भूमीको नष्ट तथा जमिन भसिन गएको, कुलो तथा खानेपानी मुहानहरू पुरिएको हुँदा पानीको अभाव, घर गोठमा क्षति, पशुचौपायको क्षति	सबै वडाहरू	****	*	**	***	****	***	****	***	**	*	****	***	****	***	**
बाढी	भौतिक पूर्वाधारहरू (पानी घट्ट, सिंचाइकुलो, बाटोहरू) मा क्षति हुँदा आधारभूत सेवा पहुँचमा कमी, खेतीयोग्य जमिन बगाएको, पशुचौपाया तथा मानवीय क्षति ।	सबै वडाहरू	****	*	**	***	****	***	****	***	**	*	****	***	****	***	**
खडेरी	खाद्यान्न उत्पादनमा कमी भई खाद्य संकट, वनमा बोटविरुवाहरू सुक्दै गएका, पानीका मुहानहरू सुक्दै गएका ।	सबै वडाहरू	****	*	**	***	****	***	****	***	**	*	****	***	****	***	**
आगलागी	वनविनाश तथा क्षयीकरण, घाँस दाउरा र काठहरू क्षति हुँदा घाँस दाउरा आपूर्तिमा कमी, जैविक विविधतामा ह्रास	सबै वडाहरू	****	*	**	***	****	***	****	***	**	*	****	***	****	***	**
कृषि तथा पशुपंक्षीमा रोग	खेतीयोग्य जमिनको उत्पादकत्वमा कमी, स्थानीय बिउबिजनको लोप, पशुचौपायामा विभिन्न रोगहरू लागेर पशुपालनमा असर	सबै वडाहरू	****	*	**	***	****	***	****	***	**	*	****	***	****	***	**
हावाहुरी	अन्न तथा फलफूलमा क्षति र उत्पादनमा ह्रास, घर, गोठ तथा विद्यालयका छाना उडाएको ।	सबै वडाहरू	****	*	**	***	****	***	****	***	**	*	****	***	****	***	**
असिना	अन्न तथा फलफूलमा क्षति र उत्पादनमा ह्रास, घरपालुवा जनावरहरूलाई असर परेको	सबै वडाहरू	****	*	**	***	****	***	****	***	**	*	****	***	****	***	**
भिचाहा प्रजाति	कृषि उत्पादनमा कमी आएको ।	सबै वडाहरू	****	*	**	***	****	***	****	***	**	*	****	***	***	****	**
मानव रोग	विभिन्न किसिमका नयाँ रोगहरू देखिन थालेको तथा बढेको ।	सबै वडाहरू	****	*	**	***	****	***	****	***	**	*	****	***	****	***	**

नोट :**** अति उच्च *** उच्च, **मध्यम , *न्यून

प्रेम बहादुर लामा
अध्यक्ष

CamScanner

३.७ वडाहरूको संकटासन्नताको अवस्था स्तरीकरण

वडाहरूको स्तरीकरण गाउँपालिका तहमा जनप्रतिनिधिहरू जस्तै पालिका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्षहरूको सहभागितामा गरिएको थियो । वडाहरूमा उपलब्ध भएका जीविकोपार्जनका स्रोतहरू (प्राकृतिक, भौतिक, आर्थिक, मानवीय तथा सामाजिक) र वडामा रहेको जलवायुजन्य प्रकोप तथा जोखिमको आधारमा तुलना गर्दै सबैभन्दा उच्च सङ्कटासन्न वडाहरू निर्धारण गरिएको थियोवडागत सङ्कटासन्नटा स्तरीकरण तथा सूचकहरूलाई निम्न तालिका मा प्रस्तुत गरिएको छ ।

तालिका नं. १८: प्रकोप तथा जोखिमको आधारमा वडा स्तरीकरण

वडा नं.	१	२	३	४	५	६	सं. स्तर
१		1	1	1	1	6	अति उच्च
२			3	2	5	6	मध्यम
३				3	5	6	उच्च
४					5	6	न्यून
५						6	उच्च
६							अति उच्च
जम्मा	5	2	3	1	4	6	
स्तर	II	V	IV	VI	III	I	

तालिका नं. १९: सकटासन्नताका कारण तथा सुचकहरू

वडा नं.	सङ्कटासन्नताको स्तर	सङ्कटासन्नताको कारण तथा सूचकहरू
४	न्यून	अन्य वडाहरू जस्तै सबै किसिमका जलवायु जन्यप्रकोपहरूको असरको प्रभाव भोग्नु परेतापनि अन्य वडाहरूको तुलनामा कम असर भएको, जीविकोपार्जनका स्रोतहरू सिंचाइ वन तथा खेतीयोग्य जमिनको उपलब्धता राम्रो भएको साथै गाउँपालिकाको केन्द्र रहेको ।
२	मध्यम	तुलनात्मक रूपमा अन्य वडाहरू भन्दा जलवायुजन्य प्रकोपहरूको असर कम भएको, भौगोलिक रूपमा सेवा प्रदायक सङ्घ संस्थाहरूबाट सेवाहरू पाएको र अन्य आधारभूत सेवाहरूको पहुँच भएको ।
३ र ५	उच्च	अन्य वडाहरू भन्दा उच्च जलवायुजन्य प्रकोपहरू बाढी, पहिरो, खडेरीको असर परिरहेको, आधारभूत सेवाहरू बाटो, सिंचाइ लगायतका प्राकृतिक स्रोत न्यून भएको, खाद्यान्न उत्पादन कम हुने ।
६ र १	अति उच्च	सबै किसिमका जलवायुजन्य प्रकोपहरूको असर परिरहेको, बाढी तथा पहिरोको अत्यधिक जोखिम रहेको, अन्य वडाहरू भन्दा जीविकोपार्जनका स्रोतहरू न्यून रहेको । आधारभूत सेवाका पूर्वाधारहरू न्यून भएको, खाद्यान्न उत्पादन न्यून भएको साथै गाउँपालिकाको केन्द्रबाट टाढा रहेको ।

गौरा गाउँपालिका
कार्यपालिकाको कार्यालय
बालाड, कास्की
गण्डकी प्रदेश, नेपाल
२०७३

३.८ स्रोतहरूको वितरण तथा जोखिमको अवस्था

नेपाल सरकारले विक्रम सम्वत् २०६६ मा राष्ट्रिय अनुकूलन कार्यक्रम तयार पारी सार्वजनिक गरेका विभिन्न क्षेत्रहरू (कृषि तथा खाद्य सुरक्षा, वन, जैविक विविधता तथा जलाधार संरक्षण, जल तथा ऊर्जा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ) मा जलवायु परिवर्तनका कारणले पारेका असर तथा प्रभावहरूको विश्लेषण तल तालिमा प्रस्तुत गरिएको (तालिका २०) छ। यस विधिबाट प्राप्त सूचनाले ३० वर्ष अगाडिको अवस्था, हाल देखिएका प्रभाव तथा असरहरू र भविष्यमा पर्न सक्ने असरहरूको परिदृश्यको कल्पनासँगै उच्च जोखिममा रहेका महिला तथा बालबालिकामा पर्न सक्ने असरहरूको विश्लेषण गर्दै जलवायु परिवर्तनका कारण सिर्जित असरहरूसँग अनुकूलित हुने योजना निर्माणका लागि सहयोग गरेको छ।

तालिका नं. २०: जलवायु परिवर्तनले विभिन्न विषयगत क्षेत्रमा पारेका प्रभाव तथा असरहरूको विश्लेषण

क्षेत्र	३० वर्ष अगाडिको अवस्था	प्रभाव तथा असरहरू	भविष्यमा पर्न सक्ने प्रभाव तथा असरहरू	महिला तथा बालबालिकामा पर्न सक्ने प्रभाव
कृषि तथा खाद्य सुरक्षा	• आत्मनिर्भर,आफ्नै उत्पादनले पुग्ने • रसायनिक मल तथा किटनाशक औषधीको प्रयोग नभएको, • स्थानीय बिउबिजनको मात्र प्रयोग भएको • स्थानीय जातका मात्र पशुपालन भएको, • पशुरोगहरू कम लाग्ने गरेको	• उत्पादकत्व घटेको • खेतबारी बाँझो रहने अवस्था आएको • बाली नछिप्पिदै सुक्न थालेको, • पशुपालनमा कृषि फर्म तर्फ आकर्षण बढ्दै गएको, • कृषि सामग्रीको आयात बढेको, • कृषि व्यवसायिक हुँदै गएको, • स्थानीय बिउबिजन र स्थानीय जातका पशुहरू हराउँदै गएको, • बाली परिवर्तन गरी आम्दानी हुने बाली लगाउन थालिएको • विषादी, रसायनिक मलको प्रयोग बढेको • पशु तथा बालीमा नयाँ रोगको समस्या	• खाद्य असुरक्षामा वृद्धि हुन सक्ने • सिंचाइ प्रणालीको विकासले कृषि उत्पादनका लागि मौसममा नै भर पर्नु समस्याबाट केही राहत हुन सक्ने • कृषि तथा पशुपालनमा ठिमाहा प्रजातिको प्रयोगका कारण उत्पादनमा वृद्धि हुन सक्ने • व्यवसायिक कृषि प्रणालीको सुरुवात हुन सक्ने • नयाँ रोगहरूको वृद्धि हुन सक्ने • कृषिमा आधुनिकीकरणले गर्दा काम गर्न सहज तथा छरितो हुन सक्ने। • बजारको राम्रो व्यवस्थापन हुन सक्ने	• विषादी तथा किटनाशक औषधीको प्रयोगका कारण महिलाहरूको प्रजनन स्वास्थ्यमा असर पर्न सक्ने • बालबालिका, महिलाको स्वास्थ्यमा असर देखिन सक्ने
वन, जैविक विविधता तथा जलाधार संरक्षण	• वनजङ्गल घना भएको • पानीको मूल प्रशस्त भएको • समयमा पानी पर्ने गरेको • जडीबुटीहरू प्रशस्त पाइने गरेको • जङ्गलमा प्रशस्त जनावरहरू रहेको	• मिचाहा झारले घाँसमा कमी भएको • सामुदायिक वनको सुरुवात भएसँगै जङ्गल क्षेत्रमा विस्तार भएको • वनपैदावार (दाउरा तथा काठ) को उपलब्धतामा वृद्धि भएको • पानीका मूलहरू सुक्दै गएका • राम्रा प्रजातिका स्थानीय काष्ठजन्य रुखहरू कम हुँदै गएका	• मिचाहा प्रजातिको प्रकोप अझै बढ्न सक्ने • भौतिक पूर्वाधार विकासका क्रममा वन क्षेत्र धेरै विनाश हुन सक्ने • पशुपालनमा समस्या आउन सक्ने • खानेपानीका मूलहरू अझै सुक्दै जान सक्ने • जडिबुटी खेतीमा सामुदायिक वनको सहभागिता हुन सक्ने • वन क्षेत्रमा वृद्धि हुन सक्ने • राम्रा प्रजातिका स्थानीय काष्ठजन्य रुखहरू लोप हुन सक्ने	• पानीका स्रोत घटदै जाँदा महिला तथा बालबालिकाहरूलाई बढी असर परेको • घाँसपातका लागि लामो समय खर्च गर्नु परेको।

जल तथा ऊर्जा	• खानेपानीका मूलहरू प्रशस्त थिए • सिंचाइको लागि मुख्यतः आकाशे पानीमा मात्र निर्भर हुने गरेको । • पोखरीको सङ्ख्या प्रशस्त थिए • ऊर्जाका रूपमा दियालो, दाउराको प्रयोग हुने गरेको ।	• बिजुली बत्ती तथा सौर्य ऊर्जाको प्रयोग बढेको । • कुलो निर्माण गरी सिँचाइ गर्ने गरेको • मूलहरू सुक्दै जानाले खानेपानीको अभाव हुँदै गएको • कुलो भएपनि पानी नभएको • पोखरीको सङख्या घटेको तथा क्षेत्रफल पनि सानो भएको	• सुख्खाको समय अझ बढ्न सक्ने र सिंचाइको सुविधा नभएमा खाद्य संकट आउन सक्ने । • जल तथा ऊर्जा सङ्कट अझ बढ्न सक्ने । • पोखरीको उचित संरक्षण नगरेमा पोखरीको क्षेत्र नासिन सक्ने • प्रत्येक घरमा धाराको पानी पुग्न सक्ने	• खानेपानीको मूलहरू सुक्दै गएमा महिला तथा बालबालिकाहरूलाई बढी असर पर्ने । • जल तथा ऊर्जा सङ्कटका कारण महिलाहरूको कार्यबोझ बढ्न सक्ने । • सरसफाइमा कमी हुन सक्ने
स्वास्थ्य, खानेपानी तथा सरसफाई	• बिरामी हुँदा झारफुक तथा घरेलु औषधी र जडीबुटीको प्रयोग हुने गरेको । • खानेपानीको लागि डुङ्गधारा, कुवा जस्ता मूलमा निर्भर ।	• स्वास्थ्य चौकी, अस्पतालहरूमा बृद्धि भएको । • स्वास्थ्य परीक्षणको प्रचलन बढेको । • कृषिबालीमा विषादीको प्रयोगका कारण स्वास्थ्यमा असर परेको ।	• स्वास्थ्य सुविधा सहज हुँदै जान सक्ने तर कोभिड जस्ता रोगको प्रकोप बढ्न सक्ने । • वायु प्रदुषण बढ्दै जाने • बालीमा विषादीको प्रयोग अझै बढ्न सक्ने ।	• महिला तथा बालबालिकाको स्वास्थ्यमा समस्या बढ्न सक्ने । • प्रजनन स्वास्थ्य तथा बाल स्वास्थ्यमा समस्या बढ्न सक्ने । • खानेपानीको समस्या बढ्नाले महिला तथा बालबालिकालाई कार्यबोझ बढ्न सक्ने ।

३.९ मौसमी पात्रो/बाली पात्रो

विगत ३० वर्षको अन्तरालमा स्थानीयस्तरमा जलवायुमा आएका परिवर्तनहरूको जानकारी प्राप्त गर्न यो विधिको प्रयोग गरी छलफलका माध्यमबाट जानकारी हासिल गर्ने प्रयास गरिएको थियो । छलफलमा समुदायका ज्येष्ठ नागरिक, बुद्धिजीवी तथा जानिफकारहरूको सहभागिता रहेको थियो । यस क्रममा समुदायस्तरमा जलवायु परिवर्तनको कारणले बालीचक्र, वनस्पति प्रजातिहरूको जीवनचक्र/व्यवहार, प्रकोपको स्वरूप लगायत अन्य विभिन्न क्षेत्रहरूमा आएका/देखिएका परिवर्तनहरूको जानकारी समेत प्राप्त गरिएको थियो ।

मौसमी पात्रोको विश्लेषणले स्थानीयस्तरमा जाडोको समयावधि घट्दै गएको, गर्मीका दिनहरू लम्बिएको र तुलनात्मक रूपमा तातोपना बढेको देखाएको छ । मनसुनी तथा हिउँदे वर्षाको समयावधि, मात्रा र तौरतरिकामा फेरबदल आएको देखिन्छ । पहिलाको तुलनामा वर्षात्को अवधि कम भएको तर वर्षा हुँदा एक्कासि हुने र एकैपटक ठूलो मात्रामा वर्षा हुने गरेको देखिन्छ । त्यसैगरी गर्मीका दिनहरू बढेको र पानी पर्ने समयमा फेरबदल भएको कारणले गर्दा खेतीपाती गर्ने समयमा पनि हेरफेर भएको देखिन्छ । यहाँका प्रमुख बालीहरू मकै, गहुँ, चीनु, उवा, फापर, कोदो लगाउने समयमा पहिलेको तुलनामा परिवर्तन आएको छ । गुराँस केही छिटो फुल्न थालेको पाइयो भने स्याउ पाक्ने समय पनि अगाडि सरेको पाइयो । यस प्रकारका परिवर्तनहरूले स्थानीय बासिन्दाहरूको जीविकोपार्जनमा प्रत्यक्ष असर पार्नुका साथै उनीहरूको दैनिकीलाई थप चुनौतीपूर्ण बनाएको देखिन्छ ।

यसरी जलवायुमा आएको परिवर्तनले कृषिबालीमा रोग र किराको बृद्धि, समयमा पानी नपर्ने र विभिन्न जलवायुन्य प्रकोपहरू सुख्खा खडेरी, पहिरो, आगलागी आदि कारणले कृषिमा मात्र नभई जलस्रोत, वन तथा जैविक विविधतामा समेत असर परेको देखिन्छ । यसले गर्दा कृषि उत्पादनमा कमी भएको, वन पैदावारहरू नष्ट भएका र खानेपानी तथा सिंचाइका लागि पानीको उपलब्धता कमी हुँदा स्थानीयहरूको जीविकोपार्जनमा प्रत्यक्ष असर पार्नुका साथै उनीहरूको दैनिकीलाई थप चुनौतीपूर्ण बनाएको देखिन्छ ।

तालिका २१: मौसमी एवं बाली पात्रो

सम्मुखताको क्षेत्र	सूचकहरू	समय	वैशाख	ज्येष्ठ	आषाढ	श्रावण	भाद्र	आश्विन	कार्तिक	मसिर	पौष	माघ	फाल्गुण	चैत्र	समयमा देखिएको परिवर्तन (घटबढ)
तापक्रम	गर्मीको दिन	पहिले	*	**	***	**									गर्मीको समय तथा मात्रा बढेको छ
		अहिले	**	***	***	***							*	*	
	जाडोको दिन	पहिले						*	*	**	***	***	**	*	जाडोको समय घटेको छ र जाडो पनि घटेको छ
		अहिले						*	*	*	***	***	*		
वर्षा तथा यसको स्वरूप	हिमपात	पहिले	*	*				*	*	**	***	***	**	*	पहिले ९ देखि १२ फिटसम्म हिउँ पर्थ्यो भने अहिले घटेर जम्मा २ देखि ३ फिट पर्छ र समययावधि पनि घटेको छ, साथै सेताम्मे देखिने हिमालमा पनि हिउँ कम देखिन्छ
		अहिले							*	*	**	**			
	मौसमी वर्षा	पहिले			**	**									लाम्रो समय सम्म नपर्ने तर परेपछि अत्यधिक पर्ने गरेको
		अहिले			***	***	*	*							
	तुसारो	पहिले													बिगत केही वर्ष यता तुसारो लाग्ने गरेको र पानी नपरुन्जेल सम्म लागिरहन्छ
		अहिले	*	*									*	*	
विरुवाको व्यवहार	स्याउको फूल फुल्ने	पहिले	***												रैथाने स्याउको बिरुवाको व्यवहार फेरिएको, जस अनुसार फल र फूल लाग्ने समय १ महिनाले अघि सरेको । कार्तिककमा पनि स्याउ फुलेको पाइएको
		अहिले												** *	
	स्याउको फल फल्ने	पहिले		***											
		अहिले	***												
प्रकोपको स्वरूप	बाढी पहिरोको घटना	पहिले				**	**								अत्यधिक वर्षा हुँदा बाढी पहिरोको घटना बढेको छ
		अहिले				***	***	**	*	*					
	खडेरी	पहिले					**							**	वर्षामा अनीयमीता भएका कारण खडेरी बढेको छ
		अहिले	***	**									***	** *	
जीविकोपार्जनका क्रियाकलापहरू	फापर (छर्ने र भित्र्याउने समय)	पहिले		*** *					****						फापर पहिले जेष्ठमा छर्ने र कार्तिकमा भित्र्याउने गरेकोमा हाल असारमा छरी असोजमै भित्र्याउने गरेको

प्रेम बहादुर लामा

CamScanner

		अहिले			***			***								
	जौ (छर्ने र भित्र्याउने समय)	पहिले		***						***						जौ पहिले मंसिरमा छर्री जेष्ठमा भित्राईन्थ्यो भने हाल कार्तिक मंसिर तिर छर्री जेष्ठमै भित्र्याउने गरेको
		अहिले		***					**	***						
भौतिक जानकारी	पानीको मूल फुट्ने	पहिले				***	***									खडेरीले मूल सुक्ने तथा पानीको मात्रा पनी कम भएको
		अहिले				*	**									

पहिले भन्नाले ३० वर्ष भन्दामाथि र अहिले भन्नाले विगत ५ देखि यताको समय सम्झनु पर्छ। *कम, **मध्यम र *** धेरै सम्झनु पर्छ।



भैरव बहादुर लामा
अध्यक्ष

CamScanner

३.१० जीविकोपार्जनका स्रोतहरूको विश्लेषण

जीविकोपार्जनको सम्पत्ति	जिविकोपाजर्नको सम्पत्तिहरूको हालको अवस्था र गुणस्तर
प्राकृतिक सम्पत्ति	**वन, वन्यजन्तु तथा जडीबुटी** • नाम्खा गाउँपालिकामा ४ वटा सामुदायिक वनहरू स्थानीय उपभोक्ताहरूले व्यवस्थापन गरिहेका छन् । यी वनहरूमा पाइने रुख तथा बुट्यान प्रजातिहरूमा: गोब्रेसल्ला, चुली, धुपीसल्ला, ठिग्रेसल्ला, स्याउ, आरु, ओखर छन् भने जडीबुटीहरूमा कुटकी, वनलसुन, खिरौंला, पदमचाल, पाँचऔले, अतिस, जिम्बु, गन्धाउने आदि रहेका छन् । त्यसैगरी यस गाउँपालिकाका वनक्षेत्रहरूमा पाइने वन्यजन्तुहरूमा वनचौंरी कस्तुरी, नाउर, बाघ, भालु, हिउँचितुवा, वनकुकुर, ब्वांसो, बाँदर, स्याल, दुम्सी आदि रहेका छन् । यस क्षेत्रमा पाइने पंक्षीहरूमा डाँफे, च्याखुरा, चिल, काग, कालिज आदि रहेका छन् । • वनमा आबद्ध सबै घरधुरीहरूले अधिकांश मात्रामा काठ, दाउरा, घाँस र सोत्तर वनबाट नै ल्याउने गरेका छन् । • वनमा पाइने जडीबुटीहरू, वन्यजन्तु तथा विभिन्न चराचुरुङ्गी केही बढ्दै तथा केही घट्दै गएका छन् । **नदी खोला, पानीका मुहान तथा स्रोतहरू** • नाम्खा गाउँपालिका भएर बग्ने मुख्य नदी कर्णाली हो जुन यस गाउँपालिकाको बिच भाग भएर बग्ने गर्दछ । अन्य सहयाक खोलाहरूमा हेप्का खोला, सल्ली खोला, छ्युरालुम्वा खोला, बौलाहापानी खोला, च्याछ्हरा खोला, किजोम खोला, काईराङ खोला, पुईया खोला, हावा खोला, लुङजुङ खोला, गार्सा खोला, ख्युलुङ खोला, टाक्पाछेलुङमा खोला, छ्युरालुङमा खोला, च्याङमालेलुम्वा खोला, गमुछे खोला, होयालुम्वा खोला, तोवालुङम्वा खोला, -यारीको छ्युरालुङमा खोला, याङ्सी खोला, टिप खोला, हिल्साको नौमुले खोला जस्ता खोला तथा खोल्साहरूको पानी सिंचाइ तथा खानेपानीको लागि उपयोग भइरहेको छ । यद्यपि आर्थिक स्रोतको अभावमा सबै बस्तीहरूमा पर्याप्त मात्रामा सिंचाइको सुविधा उपलब्ध हुन सकेको छैन । • यस गाउँपालिकामा क्योछुक, सेरा, गुम्बालुम्वा, पालटाक्सा, वुछु, जौछु, झुला, स्या, डयाल्मा, चुक्सीङ, छिलुङवा, छुईछोप्, हेर्चा, ओछी, छईकु, डोजा, छुईजक्ची, सुम्डा खोला, बैजेनमुल, थेउमुल, टाम्पाछे खोला, हिरू, फोजान्याल्सा, पालोङ खोला जस्ता पानीका मुहानहरू रहेका छन् । यी मुहानहरू खानेपानी तथा सिंचाइका लागि प्रयोग भएका तर पानीका मूलहरू क्रमशः सुक्दै गइरहेकाले पानीको आपूर्ति कम हुँदै गएको छ । केही पानीका मुहानहरू पूर्ण वा आंशिक रूपमा सुकेका छन् । • यद्यपि धेरै बस्तीहरूमा गुणस्तरीय खानेपानी उपलब्ध हुन सकेको छैन । **खेतीयोग्य जमिन** • यस गाउँपालिकामा अधिकांश भू-भाग असिञ्चित पाखो बारी रहेको छ । • वर्षेनी हुने खडेरी, सिंचाइको अभाव तथा सिंचाइ भएको ठाउँमा पानी पर्याप्त नपुगेकोले कृषियोग्य जमिनको उत्पादकत्वमा कमी हुँदै गएको छ ।
भौतिक सम्पत्ति	**भवन तथा पूर्वाधारहरू** • नाम्खा गाउँपालिकामा वडा कार्यालय, स्वास्थ्य चौकीको भवन, सीमा प्रहरी चौकी, वर्थिङ सेन्टर, लगायतका कार्यलयहरूका आफ्नै भवनहरू रहेका छन् । • नाम्खा गाउँपालिकामा १४ वटा विभिन्न तहका शैक्षिक संस्थाहरू रहेका छन् । • विद्यालयको संख्या सन्तोषजनक रहेता पनि विद्यायलको भौतिक पूर्वाधारहरू (कक्षाकोठा, शौचालय, खानेपानी, खेलमैदान, टेबल, फर्निचर, पुस्तकालय आदि) कमजोर रहेको छ । **मोटर बाटो तथा पुलहरू** • भौतिक पूर्वाधार विकासको हिसाबले हिल्सा सिमिकोट कच्ची सडकसंग यो गाउँपालिका जोडिएको छ तर बाह्रै महिना यो सडक सञ्चालनमा हुँदैन । यस सडक खण्डले गाउँपालिकाका सबै वडाहरू

जीविकोपार्जनको सम्पत्ति	जिविकोपार्जनको सम्पत्तिहरूको हालको अवस्था र गुणस्तर
	छोएको छ र अर्को सडक खगालगाउँ साइपाल हिमालसम्म जाने बाटो निर्माणाधिन रहेको छ । पछिल्लो समयमा जननिर्वाचित प्रतिनिधीहरू आएपछि गाउँपालिकामा योजना सहितका सडक निर्माणले तिव्रता पाएको छ । हाल सबै वडाहरू र बस्तीहरूमा कच्ची मोटरबाटोहरू पुगेको देखिन्छ । • सहज पहुँच तथा आवतजावतका लागि गाउँपालिका भित्र जम्मा २ वटा पक्की पुल, १ वटा वेलीब्रिज, १० वटा झोलुङ्गे पुलहरू, २ वटा ट्रस पुल तथा ३३ वटा काठेपुलहरू बनेका छन् । • यस गाउँपालिकामा सिँचाइको लागि नहर तथा कुलोहरू भएको तर सबै कुलोहरू पक्की नभएको अवस्था छ । साथै केही कुलोहरू पक्की भएका र हुने क्रम पनि रहेको छ । केही स्थानमा व्यक्तिगत रूपमा पाइप सिँचाइ गरेर जीविकोपार्जन गरिरहेको अवस्था छ । • यस गाउँपालिकामा कुटानी, पिसानी र पेलानीको लागि पानीघट्ट, चीनु कुटने मिल, लगायत डिजेल मिल र विद्युतबाट चल्ने मिलहरू रहेका छन् ।
आर्थिक सम्पत्ति	**अर्थिक क्रियाकलापहरू** • आम्दानीका मुख्य स्रोतहरूमा ज्याला मजदुरी, कृषि तथा पशुपालन, व्यापार आदि रहेका छन् । तथापि जडीबुटी सङ्कलन यहाँको प्रमुख पेशा रहेको छ । पशुपालनको हकमा गाई, गोरु, भेडा बाख्रा, चौँरीगाई पाल्ने गरेको पाइन्छ । • आर्थिक कारोवारका लागि सिटिजन बैंक रहेको छ । यसै बैंकबाट यहाँका मानिसहरूले वित्तिय सेवाहरू प्राप्त गरिरहेका छन् ।
सामाजिक सम्पत्तिहरू	• ४ वटा सामुदायिक वन उपभोक्ता समूहहरू क्रियाशील रहेका छन् । • आमा /महिला समूहहरू, कृषि समूहहरू समुदायमा सचेतना अभिवृद्धि लगायतका विभिन्न कार्यहरू गर्दै आएका छन् । • यस गाउँपालिकामा कार्यरत क्रियाशील गैर-सरकारी संस्था तथा परियोजनाहरूमा जलवायु परिवर्तन सहयोग कार्यक्रम लगायतका रहेका छन् । • गाउँपालिका अन्तर्गतका विभिन्न शाखाहरू तथा वडा कार्यालयहरूले स्थानीय स्तरमा नै सेवा प्रदान गरिरहेका छन् । • नाम्खा गाउँपालिकामा स्वास्थ्य सेवाका लागि ४ वटा स्वास्थ्य चौकीहरू, ४ वटा सामुदायिक स्वास्थ्य ईकाई, प्राथमिक स्वास्थ्य सेवा केन्द्र १ वटा, ६ वटा बर्थिङ सेन्टर र १ वटा व्यक्तिगत औषधी पसल रहेका छन् । • यस गाउँपालिकामा मुख्यत: लामाहरूको बसोबास भएका कारण सबै टोल तथा बस्तीहरूमा बौद्ध गुम्बाहरू रहेका छन् । • सञ्चार सुविधाका साधानहरूमा मोबाइल, रेडियो र टेलिभिजन जस्ता साधिनहरूको उपयोग गरिरहेको पाइन्छ । यस गाउँपालिकाका अधिकांश क्षेत्रमा नेपाल टेलिकमको मोबाइल नेटवर्कको पहुँचमा रहेको देखिन्छ ।
मानवीय सम्पत्ति	• यस गाउँपालिकामा टेष्ट पास गरेका ४८ जना रहेका छन् । एस.एल.सी. वा एस.ई.ई. पास गरेका ८३ जना, प्रविणता प्रमाणपत्र तह पास गरेका १२६ जनामध्ये इन्जिनियरिङ्ग गरेका १ जना, कम्प्युटर वा सूचना प्रविधि सम्बन्धी अध्ययन गरेका ५ जना, शिक्षाशास्त्र, मानविकी, विज्ञान तथा प्रविधि र व्यवस्थापन विषय लिएर उतिर्ण गरेका १०५ जना र चिकित्शाशास्त्र पढेका ४ जना रहेका छन् । स्नातक तहसम्म अध्ययन गरेका ३८ जनामध्ये सूचना प्रविधि सम्बन्धी अध्ययन गरेका ३ जना, वातावरण विज्ञान उतिर्ण १ जना, मानविकी, शिक्षाशास्त्र, व्यवस्थापन र विज्ञान तथा प्रविधि विषय लिएर उतिर्ण गरेका २६ जना, चिकित्साशास्त्र सम्बन्धी अध्ययन गरेका ८ जना रहेका छन् । स्नातकोत्तर उतिर्ण गरेका २३ जनामध्ये चिकित्साशास्त्र अध्ययन गरेका ३ जना, इन्जिनियर २ जना, सूचना प्रविधि सम्बन्धी अध्ययन गरेका १ जना र मानविकी, शिक्षाशास्त्र, व्यवस्थपन तथा विज्ञान तथा प्रविधि अध्ययन गरेका १७ जना रहेका छन् । विद्यावारिधि २ जनाले गरेका छन् ।

५.२.३	भालुखोला तुम्कोट खा.पा. योजना	वटा	१	१५००	३०	१	१५००	०	०	०	०	०	०	०	०	१५००	वडा नं. ५	
५.२.४	चलिङ यारी खा.पा. योजना	वटा	१	२५००	७०	०	०	१	२५००	०	०	०	०	०	०	२५००	वडा नं. ५	

प्रेम बहादुर लामा
अध्यक्ष

CamScanner

क्र.स	अनुकूलन तथा जोखिम न्यूनीकरण कार्यहरू	इकाई	परिमाण	प्रति इकाई लागत रु हजारमा (०००)	लाभाम्बित घरधुरी	आर्थिक वर्ष बजेट रु हजारमा (०००)										कूल अनुमानित बजेट रु हजारमा (०००)	कार्यान्वयन हुने स्थान	जिम्मेवारी सहकार्य र समन्वय
						2080/81		2081/82		2082÷83		2083÷84		2084÷85				
						परिमाण	बजेट	परिमाण	बजेट	परिमाण	बजेट	परिमाण	बजेट	परिमाण	बजेट			
१.२.५	तिन्जाम नाजिङज्यान खा.पा. योजना	वटा	१	२०००	७०	०	०	०	०	१	२०००	०	०	०	०	२०००	वडा नं. ५	
१.२.६	न्याम खा.पा. योजना		१	१०००	१०	०	०	०	०	०	०	०	०	१	१०००	१०००	वडा नं. ५	
१.२.७	हिकिमगुम्बा खा.पा. योजना		१	१०००		१	१०००	०	०	०	०	०	०	०	०	१०००	वडा नं. ५	
१.२.८	हयाखोला जिम्जेनचौर खा.पा. योजना		१	१०००	२०	०	०	०	०	०	०	१	१०००	०	०	१०००	वडा नं. ५	
१.३	**खानेपानी मुहान संरक्षण, तारबार तथा वृक्षरोपण**																	
१.३.१	मुहान संरक्षणका लागि तारबार, वृक्षरोपण तथा धारा निर्माण	वटा	३	५००	२५	१	५००	१	५००	१	५००	०	०	०	०	१५००	सुम्डाखोला, वैजेनमुल, थेउमुल	
	जम्मा						३०००		४५००		३५००		१०००		१०००	१३०००		
	विपद जोखिम न्यूनीकरण र व्यवस्थापन																	
१.१	बाढी नियन्त्रणका लागि तटबन्ध निर्माण	घ.मि.	४००	१५	३०	२००	३०००	१००	१५००	१००	१५००	०	०	०	०	६०००	छ्युरालुम्वा खोला	नाम्खा गा.पा., वडा कार्यालय, जलउत्पन्न प्रकोप,

प्रेम बहादुर लामा
अध्यक्ष

CamScanner

क्र.सं	अनुकूलन तथा जोखिम न्यूनीकरण कार्यहरू	एकाई	परिमाण	भौतिक इकाई तारात र परिमाण (000)	लाभान्वित घरधुरी	वार्षिक वर्ष बजेट रु हजारमा (000)										कार्यान्वयन हुने स्थान	जिम्मेवारी सहकार्य र समन्वय
						2080/81		2081/82		2082÷83		2083÷84		2084÷85			
						परिमाण	बजेट	परिमाण	बजेट	परिमाण	बजेट	परिमाण	बजेट	परिमाण	बजेट		
२	बाढी नियन्त्रणका लागि तटबन्ध निर्माण	घ.मि.	५००	१५	२४	०	०	३००	४५००	०	०	२००	३०००	०	०	तुम्कोट खोला	मू- संरक्षण कार्यालय, अन्य सरोकारवाला निकायहरू
	जम्मा						३०००		६०००		१५००		३०००		०		
	जलस्रोत तथा ऊर्जा																
१	सुधारिएको पानीघट्ट निर्माणमा सहयोग	वटा	५	१००	५	३	३००	२	२००	०	०	०	०	०	०	वडा नं ५	नाम्खा गा.पा., वडा कार्यालय,, अन्य सरोकारवाला निकायहरू
	जम्मा						३००		२००	०	०	०	०	०	०	५००	
	कुल बजेट						१४०९०		२४३९०	२२०५०		९३५०		५१५०		७५०३०	

५.३.७. वडा नं. ६ को कार्यक्रम तथा बजेट

क्र.स	अनुकूलन तथा जोखिम न्यूनीकरण कार्यहरू	इकाई	परिमाण	प्रति इकाई लागत रु हजारमा (०००)	लाभाम्बित घरधुरी	आर्थिक वर्ष बजेट रु हजारमा (०००)										कूल अनुमानित बजेट रु हजारमा (०००)	कार्यान्वयन हुने स्थान	जिम्मेवारी सहकार्य र समन्वय
						2080/81		2081/82		2082÷83		2083÷84		2084÷85				
						परिमाण	बजेट	परिमाण	बजेट	परिमाण	बजेट	परिमाण	बजेट	परिमाण	बजेट			
१	कृषि तथा खाद्य सुरक्षा																	
१.१	स्थानीय बाली प्रवर्द्धन कार्यक्रम	पटक	५	१००	१८१	१	१००	१	१००	१	१००	१	१००	१	१००	५००	वडा नं. ६	नाम्खा गा.पा., वडा कार्यालय, कृषि शाखा, अन्य सरोकारवाला निकायहरू
१.२	व्यवसायिक स्याउ तथा दाँते ओखर खेतीमा सहयोग	जना	४०	२०	४०	०	०	२०	४००	२०	४००	०	०	०	०	८००	वडा नं. ६	
१.३	वेमौसमी तरकारी खेतीका लागि थोपा सिंचाइ सहितको प्लाष्टिक टनेल सहयोग	रोपनी	६०	४०	१००	३०	१२००	०	०	३०	१२००	०	०	०	०	२४००	वडा नं. ६	
१.४	कोल्ड स्टोर निर्माण	घरधुरी	१	८०००	१८१	०	०	०	०	०	०	१	८०००	०	०	८०००	वडा नं. ६	
१.५	व्यवसायिक चौरी पालन कार्यक्रम	जना	२०	१००	२०	०	०	५	५००	५	५००	५	५००	५	५००	२०००	वडा नं. ६	
१.६	व्यवसायिक च्याङग्रा पालन कार्यक्रम	जना	२०	१००	२०	०	०	५	५००	५	५००	५	५००	५	५००	२०००	वडा नं. ६	
१.७	चौरी फर्मको विस्तार साथै सवलीकरण	पटक	१	२०००	९०	०	०	१	२०००	०	०	०	०	०	०	२०००	वडा नं. ६	
	जम्मा						१३००		३५००		२७००		९१००		११००	१७७००		
२	वन, जैविक विविधता तथा जलाधार संरक्षण																	
२.१	वृक्षरोपण (देवदार, भोजपत्र)	हेक्टर	१०	५०	१८१	२	१००	२	१००	२	१००	२	१००	२	१००	५००	वडा नं. ६	

प्रेम बहादुर लामा
अध्यक्ष

CamScanner

क.स	अनुकूलन तथा जोखिम न्यूनीकरण कार्यहरू	इकाई	परिमाण	प्रति इकाई लागत रु हजारमा (000)	लाभाम्बित घरधुरी	आर्थिक वर्ष बजेट रु हजारमा (०००)										कुल अनुमानित बजेट रु हजारमा (000)	कार्यान्वयन हुने स्थान	जिम्मेवारी सहकार्य र समन्वय
						2080/81		2081/82		2082÷83		2083÷84		2084÷85				
						परिमाण	बजेट	परिमाण	बजेट	परिमाण	बजेट	परिमाण	बजेट	परिमाण	बजेट			
२	डढेलो नियन्त्रणका लागि सचेतना कार्यक्रम (नाटक, रेडियो, एफएमबाट सूचना प्रसारण)	पटक	५	५०	१८१	१	५०	१	५०	१	५०	१	५०	१	५०	२५०	वडा नं. ६	नाम्खा गा.पा., वडा कार्यालय, डिभिजन तथा सब डिभिजन वन कार्यालय, अन्य सरोकारवाला निकायहरू
	जम्मा						१५०		१५०		१५०		१५०		१५०	७५०		
	उद्योग, यातायात तथा भौतिक पूर्वाधार क्षेत्र																	
१	सिचाई कुलो निर्माण तथा मर्मत (पक्कि बनाउने)																	
१.१	तिलखोला सिँचाइ कुलो स्तरेन्नती	RM	५००	६	४०	५००	३०००	०	०	०	०	०	०	०	०	३०००	वडा नं. ६	नाम्खा गा.पा., वडा कार्यालय, सिँचाइ सबडिभिजन कार्यालय, अन्य सरोकारवाला निकायहरू
१.१.२	अल्जीखोला सिँचाइ कुलो स्तरोन्नती	RM	१०००	६	९६	०	०	१०००	६०००	०	०	०	०	०	०	६०००	वडा नं. ६	
१.१.३	अल्जी राइरा सिँचाइ कुलो स्तरोन्नती	RM	२००	६	९६	०	०	०	०	२००	१२००	०	०	०	०	१२००	वडा नं. ६	
१.१.४	जाडमानाड रिडमु सिँचाइ कुलो स्तरोन्नती	RM	५००	६	३०	०	०	०	०	०	०	५००	३०००	०	०	३०००	वडा नं. ६	
१.१.५	खाम्जु सिँचाइ कुलो स्तरोन्नती	RM	६००	६	१०	०	०	०	०	०	०	०	०	६००	३६००	३६००	वडा नं. ६	
१.२	सिचाइ ड्याम निर्माण																	

अध्यक्ष

क.स	अनुकूलन तथा जोखिम न्यूनीकरण कार्यहरू	इकाई	परिमाण	प्रति इकाई लागत रु हजारमा (000)	लाभाम्बित घरधुरी	आर्थिक वर्ष बजेट रु हजारमा (000)										कूल अनुमानित बजेट रु हजारमा (000)	कार्यान्वयन हुने स्थान	जिम्मेवारी सहकार्य र समन्वय
						2080/81		2081/82		2082÷83		2083÷84		2084÷85				
						परिमाण	बजेट	परिमाण	बजेट	परिमाण	बजेट	परिमाण	बजेट	परिमाण	बजेट			
२.१	छुइया खोला ड्याम निर्माण योजना	पटक	१	२०००	९६	१	२०००	०	०	०	०	०	०	०	०	२०००	वडा नं. ६	नाम्खा गा.पा., वडा कार्यालय, अन्य सरोकारवाला निकायहरू
	जम्मा						५०००		६०००		१२००		३०००		३६००	१८८००		
	ग्रामिण तथा शहरी बसोबास																	
-१	एकीकृत बस्तीको लागि ढल निकास कार्यक्रम	Id=	८००	५	९६	८००	४०००	०	०	०	०	०	०	०	०	४०००	वडा नं. ६, अल्जी गाउँ	नाम्खा गा.पा., वडा कार्यालय, अन्य सरोकारवाला निकायहरू
.२	एकीकृत बस्तीको लागि ढल निकास कार्यक्रम	मि.	२००	५	४०	०	०	२००	१०००	०	०	०	०	०	०	१०००	वडा नं. ६, तिल गाउँ	
३	एकीकृत बस्तीको लागि ढल निकास कार्यक्रम	मि.	२००	५	४५	०	०	०	०	२००	१०००	०	०	०	०	१०००	वडा नं. ६, जाउ गाउँ	
.४	अल्जी गाउँमाथि टाकुटाल पदमार्ग व्यवस्थापन	पटक	२	२०००	१८१	०	०	०	०	१	२०००	१	२०००	०	०	४०००	वडा नं. ६	
४.५	हल्जीदेखि च्याछे नागागाउँ पदमार्ग व्यवस्थापन	पटक	२	२०००	१८१	०	०	०	०	०	०	१	२०००	१	२०००	४०००	वडा नं. ६	
	जम्मा						४०००		१०००		३०००		४०००		२०००	१४०००		
५	स्वास्थ्य, खानेपानी तथा सरसफाइ																	
५२	खानेपानी योजना निर्माण, मर्मत तथा संरक्षण																	

अध्यक्ष

क्र.स	अनुकूलन तथा जोखिम न्यूनीकरण कार्यहरू	इकाई	परिमाण	प्रति इकाई लागत रु हजारमा (०००)	लाभान्वित घरधुरी	आर्थिक वर्ष बजेट रु हजारमा (०००)										कुल बजेट रु हजारमा (०००)	कार्यान्वयन हुने स्थान	जिम्मेवारी सहकार्य र समन्वय
						2080/81		2081/82		2082÷83		2083÷84		2084÷85				
						परिमाण	बजेट	परिमाण	बजेट	परिमाण	बजेट	परिमाण	बजेट	परिमाण	बजेट			
.२.१	अल्जी खा.पा. योजना	वटा	१	७५००	९६	१	७५००	०	०	०	०	०	०	०	०	७५००	वडा नं. ६	नाम्खा गा.पा., वडा कार्यालय, खानेपानी कार्यालय, अन्य सरोकारवाला निकायहरू
.२.२	तुम्लीङ खा.पा. योजना	वटा	१	१५००	१५	०	०	१	१५००	०	०	०	०	०	०	१५००	वडा नं. ६	
.३	**खानेपानी मुहान संरक्षण, तारबार तथा वृक्षरोपण**																	
.३.१	मुहान संरक्षणका लागि तारबार, वृक्षरोपण तथा धारा निर्माण	वटा	२	५००	९६	१	५००	१	५००	०	०	०	०	०	०	१०००	गुम्बछी मुहान, चाक्सेमुहान	नाम्खा गा.पा., वडा कार्यालय, खानेपानी कार्यालय, अन्य सरोकारवाला निकायहरू
	जम्मा						८०००		२०००		०		०		०	१०००		
	विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन																	
.१	पहिरो नियन्त्रणका लागि तटबन्ध निर्माण, वृक्षरोपण तथा बायो इन्जिनियरिङ्ग	घ.मि.	४००	१५	४०	२००	३०००	२००	३०००	०	०	०	०	०	०	६०००	वडा नं. ६, तिल खोला	नाम्खा गा.पा., वडा कार्यालय, जलउत्पन्न

प्रेम बहादुर लामा
अध्यक्ष

क्र.स	अनुकूलन तथा जोखिम न्यूनीकरण कार्यहरू	इकाई	परिमाण	प्रति इकाई लागत रु हजारमा (000)	लाभाम्बित घरधुरी	आर्थिक वर्ष बजेट रु हजारमा (000)										कूल अनुमानित बजेट रु हजारमा (000)	कार्यान्वयन हुने स्थान	जिम्मेवारी सहकार्य र समन्वय
						2080/81		2081/82		2082+83		2083+84		2084+85				
						परिमाण	बजेट	परिमाण	बजेट	परिमाण	बजेट	परिमाण	बजेट	परिमाण	बजेट			
२	पहिरो नियन्त्रणका लागि तटबन्ध निर्माण, वृक्षरोपण तथा वायो इन्जिनियरिङ्ग	घ.मि.	६००	१५	३०	२००	३०००	०	०	२००	३०००	२००	३०००	०	०	९०००	बडा नं. ६, अल्मी गाउँ	प्रकोप, भू-सरक्षण कार्यालय, अन्य सरोकारवाला निकायहरू
	जम्मा						६०००		३०००		३०००		३०००		०	१५०००		
	जलस्रोत तथा ऊर्जा																	
१	सुधारिएको पानीघट्ट निर्माणमा सहयोग	वटा	२	१००	१८१	१	१००	१	१००	०	०	०	०	०	०	२००	बडा नं. ६	नाम्खा गा.पा., बडा कार्यालय,, अन्य सरोकारवाला निकायहरू
	जम्मा						१००		१००		०		०		०	२००		
	पर्यटन एवं सांस्कृतिक सम्पदा																	
३.१	पर्यापर्यटनका हिसाबले प्रवर्द्धन गर्ने क्षेत्र	स्थान	१	२०००	१८१	१	२०००	०	०	०	०	०	०	०	०	२०००	तुलुङ ताल	नाम्खा गा.पा., बडा कार्यालय, पर्यटन कार्यालय, अन्य
३.२	होम स्टे सञ्चालनमा सहयोग	स्थान	३	१५००	१८१	०	०	१	१५००	१	१५००	१	१५००	०	०	४५००	हल्जी गाउँ, तिल गाउँ, जाड गाउँ	
३.४	पर्यटकलाई बास बस्नको लागि सेल्टर निर्माण	स्थान	३	२०००	१८१	१	२०००	१	२०००	१	२०००	०	०	०	०	६०००	तुलुङ खोला, मारचुङले, लिमी लाप्चा	

क्र.स	अनुकूलन तथा जोखिम न्यूनीकरण कार्यहरू	इकाई	परिमाण	प्रति इकाई लागत रु हजारमा (000)	लाभाम्बित घरधुरी	आर्थिक वर्ष बजेट रु हजारमा (०००)										कूल अनुमानित बजेट रु हजारमा (000)	कार्यान्वयन हुने स्थान	जिम्मेवारी सहकार्य र समन्वय
						2080/81		2081/82		2082÷83		2083÷84		2084÷85				
						परिमाण	बजेट	परिमाण	बजेट	परिमाण	बजेट	परिमाण	बजेट	परिमाण	बजेट			
८.५	तातोपानी प्रवर्द्धन कार्यक्रम	पटक	१	१०००	१८१	०	०	१	१०००	०	०	०	०	०	०	१०००	वडा नं ६, राक्छे	सरोकारवाला निकायहरू
	जम्मा						४०००		४५००		३५००		१५००		०	१३५००		
कूल बजेट							२८५५०		२०२५०		१३५५०		२०७५०		६८५०	८९९५०		

५.३.८ लैंभिक तथा सामाजिक समावेशीकरण, अनुगमन तथा मुल्याभ्न

क्र.स.	अनुकूलन तथा जोखिम न्यूनीकरण कार्यहरू	इकाई	परिमाण	प्रति इकाई लागत रु हजारमा (000)	लाभाम्बित घरधुरी	आर्थिक वर्ष बजेट रु हजारमा (000)										कूल अनुमानित बजेट रु हजारमा (000)	कार्यान्वयन हुने स्थान	जिम्मेवारी सहकार्य र समन्वय
						2080/81		2081/82		2082÷83		2083÷84		2084÷85				
						परिमाण	बजेट	परिमाण	बजेट	परिमाण	बजेट	परिमाण	बजेट	परिमाण	बजेट			
१	जलवायु परिवर्तन ज्ञान केन्द्र स्थापना (वडास्तरीय)	पटक	७	२००	५३	४	८००	३	६००	०	०	०	०	०	०	१४००	पालिकास्तर र सबै वडाहरूमा	नाम्खा गा.पा., वडा कार्यालय अन्य सरोकारवाला निकायहरू
२	लापा कार्यान्वयनका लागि अभिमुखीकरण गोष्ठी	पटक	६	४०	२०	६	२४०	०	०	०	०	०	०	०	०	२४०	सबै वडाहरूमा	
३	विपन्न महिलाहरूलाई वैकल्पिक आयमूलक क्रियाकलाप, तान बुनाई	पटक	२	५००	१५	१	५००	१	५००	०	०	०	०	०	०	१०००	सबै वडाहरूमा	
४	विपन्न महिलाहरूको लागि धुपीबाट तेल निकाल्ने र अगरवत्ती निर्माण सम्बन्धी तालिम	पटक	३	५००	१५	१	५००	१	५००	१	५००	०	०	०	०	१५००	सबै वडाहरूमा	
५	साबुन बनाउने तालिम	पटक	३	४००	१५	१	४००	१	४००	०	०	१	४००	०	०	१२००	सबै वडाहरूमा	

प्रेम बहादुर लामा
अध्यक्ष

क्र.स.	अनुकूलन तथा जोखिम न्यूनीकरण कार्यहरू	इकाई	परिमाण	प्रति इकाई लागत रु हजारमा (०००)	लाभाम्बित घरधुरी	वार्षिक वर्ष बजेट रु हजारमा (०००)										कूल अनुमानित बजेट रु हजारमा (०००)	कार्यान्वयन हुने स्थान	जिम्मेवारी सहकार्य र समन्वय
						2080/81		2081/82		2082÷83		2083÷84		2084÷85				
						परिमाण	बजेट	परिमाण	बजेट	परिमाण	बजेट	परिमाण	बजेट	परिमाण	बजेट			
६	परम्परागत भाँडाकुँडा निर्माण सम्बन्धी तालिम	पटक	१	३००	१५	०	०	०	०	०	०	०	०	१	३००	३००	सबै वडाहरूमा	
७	अवलोकन भ्रमण (अनुकूलनका प्रयासहरू भएको ठाउँमा)	पटक	१	५००	२०	०	०	०	०	१	२०००	०	०	०	०	२०००	सबै वडाहरूमा	
८	महिला तथा बन्चित वर्गलाई लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी तालिम	पटक	३०	५०	१००	६	३००	६	३००	६	३००	६	३००	६	३००	१५००	सबै वडाहरूमा	
९	वडा कार्यालयको सस्थागत विकास	पटक	६	५००		२	१०००	२	१०००	२	१०००	०	०	०	०	३०००	सबै वडाहरूमा	
	जम्मा						३७४०		३३००		३८००		७००		६००	१२१४०		

प्रेम लामिछाने लामा
अध्यक्ष

परिच्छेद ६ :अनूकुलन तथा विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन कार्यहरूको मुलप्रवाहीकरण

६.१ जलवायू परिवर्तन अनूकुलन तथा विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन रणनीतिहरूलाई आवधिक योजना तथा नीतिहरूमा मूलप्रवाहीकरण

जलवायु परिवर्तन अनुकूलन तथा विपद जोखिम न्यूनीकरणका सवालहरूलाई नीति, नियम, आवधिक योजना र वार्षिक योजना तर्जुमाका क्रममा मूलप्रवाहीकरण गर्न विभिन्न तहमा भएका तहगत संरचना, मन्त्रालय, स्थानीय सरकार र सरोकारवालाहरूको समन्वय हुनुपर्ने देखिन्छ। यस अनुकूलन कार्ययोजनाको मूलप्रवाहीकरण पश्चात् स्थानीय योजना निर्माणका क्रममा छनौटमा परेका तर स्थानीय सरकारले लगानी गर्न नसक्ने, बहुवर्षे योजनाहरूलाई समेत प्रदेश र सङ्घबाट विनियोजन हुने बजेटले समेट्न सक्दछ। साथै बस्ती वा वडास्तरमा समेत जलवायु र विपद् सम्बन्धीका योजनाहरूले प्राथामिकता पाउनेछन्

स्थानीय सरकारको नेतृत्वमा सहभागीतामूलक पद्धतिबाट तर्जुमा भएको यस अनुकूलन योजनालाई कार्यपालिकाको बैठकबाट अनुमोदन गरी कार्यान्वयन गरिनेछ। आगामी दिनमा प्रस्तुत योजनाले समेटेका कार्यक्रमहरूलाई क्रमशः स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियाका ७ चरणहरूमा मूलप्रवाहीकरण गरिनेछ। ती चरणहरूमा यसप्रकार छन्: १) सङ्घ तथा प्रदेशबाट वित्तीय हस्तान्तरणको खाका र मार्गदर्शन प्राप्ती २) स्रोत अनुमान र कूल बजेट सीमा निर्धारण ३) बस्ती र टोलस्तरबाट योजना छनौट ४) वडास्तरीय योजना प्राथमिकीकरण ५) एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा ६) गाउँ कार्यपालिकाको बैठकबाट बजेट तथा कार्यक्रम स्वीकृति गरी सभामा पेश गर्ने र ७) गाउँ सभाको बैठकमा बजेट तथा कार्यक्रम स्वीकृति। विभिन्न चरणहरूमध्ये चरण नं. ३ बाट शुरु भई पछिका चरणहरूमा समायोजन गरी यस स्थानीय अनुकूलन कार्ययोजनालाई अनुमोदन गराई मूलप्रवाहीकरण गरिनेछ।

यस कार्ययोजनामा समाविष्ट जलवायु परिवर्तन तथा विपद् जोखिम व्यवस्थापनसँग सम्बन्धित संवेदनशील विषयगत क्षेत्रहरू: कृषि तथा खाद्य सुरक्षा, वन, जैविक विविधता तथा जलाधार संरक्षण, जलस्रोत तथा ऊर्जा, स्वास्थ्य खानेपानी तथा सरसफाइ, स्थानीय ग्रामिण तथा शहरी बस्ती, जलवायुजन्य प्रकोप न्यूनीकरण तथा विपद् जोखिम व्यवस्थापन, उद्योग यातायात तथा भौतिक पूर्वाधार, पर्यटन एवं प्राकृतिक तथा सांस्कृतिक सम्पदा, लैङ्गिक समानता तथा समाजिक समावेशिता, जीविकोपार्जन र सुशासन, र जनचेतना अभिवृद्धि तथा क्षमता विकास अन्तर्गतका कार्यहरू, स्थानीय तहको क्षेत्रगत विकास १) आर्थिक विकास, २) सामाजिक विकास, ३) पूर्वाधार विकास, ४) वातावरण तथा विपद् व्यवस्थापन र ५) संस्थागत विकास तथा सेवाप्रवाह क्षेत्रहरूमा एकीकृत एवं समायोजन गर्न सकिनेछ।

६.२ जलवायू परिवर्तन अनूकुलन तथा विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन सम्बन्धी क्रियाकलापहरूको वार्षिक योजना तथा कार्यक्रम

तालिका नं. २५: स्थानीय अनूकुलन कार्ययोजनाको मुलप्रवाहीकरण प्रक्रिया

योजना तर्जुमाको स्तर	आवश्यक तयारी	जिम्मेवारी
टोल बस्तीस्तर	यस योजना बमोजिम आ-आफ्नो टोल बस्तीका लागि प्राथमिकतामा परेका योजनाहरू निर्धारित ढाँचामा पेश गर्ने।	सम्बन्धित टोल बस्तीबाट वडामा प्रतिनिधित्व गर्ने व्यक्ति- कार्यपालिका सदस्य) वा प्रभावित समुदाय वा सम्बन्धित विषयगत क्षेत्रको व्यक्ति
वडास्तर	विभिन्न वडाहरूसँग सम्बन्धित वा मिल्दोजुल्दो कार्यक्रम भए सबैसँग समन्वय गर्नुपर्ने	वडा अध्यक्ष, सचिव वा तोकिएको वडा समितिको सदस्य
पालिकास्तर	गाउँ परिषदबाट अनुमोदन गराउन पहल गर्ने।	कार्यपालिका सदस्यहरू, वन, वातावरण तथा विपद् व्यवस्थापन समितिका सदस्यहरू, राजनितिक दलका प्रतिनिधि

विषयगत क्षेत्रका योजनाहरू	•वनसँग सम्बन्धित योजनाहरू सामुदायिक वन उपभोक्ता समूहको साधारणसभा पूर्व नै कार्यसमितिमा पेश गर्ने •माथिल्लोस्तरमा लैजानु पर्ने योजना भएपनि सम्बन्धित निकायको तल्लो तह (जस्तै: सबडिभिजन वन कार्यालय) को सिफारिस लिने •सेक्टरस्तरको योजना तर्जुमा प्रक्रियामा योजना पेश	सम्बन्धित विषयगत क्षेत्रसँग सम्बन्धित तथा अनुभवी व्यक्ति भए राम्रो

परिच्छेद ७: स्थानीय अनुकूलन कार्ययोजनाको कार्यान्वयन, अनुगमन तथा मुल्याम्न

७.१ अपेक्षित उपलब्धिहरू

- स्थानीयस्तरमा तयार भई कार्यान्वयन गरिएका जलवायु उत्थानशील विकास र अनुकूलन योजनाको संख्या ।
- जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको क्षेत्रमा गाउँ/नगरपालिकाले विनियोजन गरेको बजेटको प्रतिशत ।
- जलवायु परिवर्तनको प्रतिकूल असरको सम्बोधन मार्फत् लाभान्वित सामाजिक संस्था तथा संरक्षण गरिएका आर्थिक एवं वातावरणीय सम्पत्तिहरूको संख्या/मूल्य (जस्तैः पानीका मुहान/स्रोत संरक्षण, बायो इन्जिनियरिङ्ग प्रविधिको प्रयोग गरी भू-संरक्षण गरिएका स्थानहरू, अनुकूलन क्षमता अभिवृद्धि गरिएका समूह तथा संस्थाहरू) ।
- जलवायुमैत्री प्रविधि, ज्ञान र अभ्यासको प्रयोगबाट लाभान्वित घरधुरीको संख्या ।
- कार्यक्रम कार्यान्वयन पश्चात् सङ्कटासन्नता न्यूनीकरण भएका महिला/पुरुष तथा परिवारको संख्या ।
- सरकार, विकासका निकायहरू, अन्तर्राष्ट्रिय विकास साझेदार, निजी क्षेत्र तथा नागरिक समाजद्वारा स्थानीय जलवायु अनुकूलनका क्षेत्रमा गरिने लगानीमा भएको वृद्धि ।
- स्थानीय तहद्वारा आफ्नो क्षेत्रको जलवायु सम्बन्धी समष्टिगत रूपरेखाको विश्लेषण गरी तयार गरिएको नगर/गाउँस्तरीय नक्सा ।

७.२ वित्तिय संयन्त्र

जलवायु सङ्कटासन्न समुदायको सक्रिय सहभागितामा पहिचान तथा छनौट भएका तथा स्थानीय तहको वार्षिक कार्यक्रममा मूलप्रवाहीकरण भएका अनुकूलन कार्यहरूको कार्यान्वयनले जलवायुजन्य जोखिम न्यूनीकरण तथा अनुकूलन क्षमता बढाई जलवायु उत्थानशील गाउँपालिका बनाउन मद्दत गर्दछ । यसका लागि स्थानीय तहमा भएका संस्थागत संरचनाहरू नै अनुकूलन कार्यका प्रमुख कार्यान्वयन कर्ता हुन् । यस लापा खाकामा उल्लिखित भए बमोजिमका उद्देश्य प्राप्त गर्न स्थानीय तहसँग भएको स्रोत पर्याप्त नहुन सक्छ । यस्तो अवस्थामा स्थानीय तहले सङ्घीय तथा प्रदेश सरकारसंग स्रोत प्राप्तिका लागि समन्वय गर्नुपर्ने हुन्छ । त्यसैगरी निजी क्षेत्र तथा विकास साझेदारहरूको प्राविधिक तथा आर्थिक सहयोग तथा सहकार्य प्राप्तीलाई पनि यस योजनाले प्राथमिकतामा राखेको छ ।

७.३ प्रतिवेदन

स्थानीय अनुकूलन योजनाको स्थानीय सरकारको वार्षिक योजनामा समायोजन पश्चात् सफल कार्यान्वयनहरूबाट प्राप्त हुने नतिजा तथा उपलब्धिहरूलाई वार्षिक रूपमा कार्यपालिका बैठकमा समीक्षा गर्दै प्रतिवेदन तयार गरिनेछ । यस समीक्षाबाट क्रमशः लापालाई परिमार्जन गर्न र जीवन्त दस्तावेज बनाउनका लागि सहयोग पुग्नेछ ।

७.४ योजना कार्यान्वयन रणनीतिहरू

- जलवायु परिवर्तन अनुकूलित उपयुक्त बिउविजन, प्रविधि र उन्नत नश्लको प्रवर्द्धनले गर्दा पशु व्यवसाय तथा कृषि उत्पादनमा वृद्धि भई खाद्य सुरक्षा बढेको हुनेछ ।
- पानीको बहुउपयोगका निम्ति सिंचाइ कुलोहरूको निर्माण, स्तरोन्नती र साना तथा पानी किफायती सिंचाइ प्रविधिहरूको प्रवर्द्धन गरिनेछ ।
- जलवायुजन्य जोखिमबाट प्रभावित भिरालो, हैसियत कम भएको वन क्षेत्र र खेर गएका खाली जमिनहरूमा कृषि वन प्रवर्द्धन तथा विकास गरिनेछ ।
- कृषि व्यवसायलाई भरपर्दो र सुरक्षित बनाउन कृषकहरूलाई लक्षित गरी मौसमी सूचना प्रणाली स्थापना गरी मौसमी सूचना तथा सल्लाह प्रसारण गरिनेछ ।
- जलवायु उत्थानशील भौतिक पूर्वाधारहरूको निर्माण गरी दिगो र भरपर्दो आधारभूत सेवाहरूको पहुँच विस्तार गरिनेछ ।

- स्वच्छ ऊर्जाको पहुँच बिस्तारका लागि स्थानीय र समुदायस्तरमा लघुजलविद्युत, सौर्य ऊर्जा, पानीघट्ट सुधारिएको चुलो लगायतका प्रविधि पहिचान गरी प्रवर्द्धन गर्दै यी प्रविधिमा विपन्न वर्गको पहुँचका लागि अनुदानको व्यवस्था गरिनेछ।

७५ प्रगति समीक्षा, अनुगमन तथा मुल्याम्न

लक्षित समूहहरूले अनुकूलन प्रेरित क्रियाकलापहरूको कार्यान्वयनबाट परिवर्तनको महसुस तथा लाभ प्राप्त गरे–नगरेको लेखाजोखा गर्न तथ्याङ्कको आधारमा गरिएको अनुगमन तथा मूल्याङ्नले मद्दत गर्दछ । यसबाट आएका सिकाइ तथा चुनौतीहरूलाई अङ्गिकार गर्दै भविष्यमा सफल तथा दिगो योजना बनाउन निर्दिष्ट दिशा प्रदान गर्दछ । फरक फरक समुदाय, घरधुरी, व्यक्तिमा जलवायु परिवर्तनको असर भिन्न भिन्न हुन्छ र यिनीहरूको अनुकूलित हुने क्षमता पनि पृथक हुन्छ । त्यसैले अनुगमन तथा मूल्याङ्नलाई स्थान विशेष अनुसार सरलीकरण गर्नुपर्दछ । अनुगमन तथा मूल्याङ्न गर्दा कार्यान्वयनमा आएका विकासका कार्य बाहेक अनुकूलन र न्यूनीकरणका कार्यहरू विशेषगरी जलवायुमैत्री प्रविधिको गुणस्तरीय सेवा सुविधा, मर्मतसम्भार र रेखदेख गर्ने व्यवस्थालाई अध्ययन गरी पृष्ठपोषण गर्नुपर्दछ । यस कार्यको मुख्य उद्देश्य जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका क्रियाकलापबाट उपलब्ध हुने लाभहरूको न्यायोचित वितरणको अनुगमन तथा मूल्याङ्न गर्ने रहेको छ ।

नगरपालिका तथा वडास्तरमा भएका सचेतना तथा योजना तर्जुमा छलफलको क्रममा यहाँका मानिसहरूको जलवायु परिवर्तनको अवधारणा तथा प्रतिकूल असरहरूसँग जुध्नको लागि आवश्यक पर्ने क्षमताको बारेमा छलफल गरिएको थियो । जस अनुसार स्थानीयस्तरमा जलवायुका असर तथा प्रभावहरू झेल्न बाध्य भएपनि यसको कारण तथा अनुकूलन तथा न्यूनीकरणका उपायहरूको बारेमा कमै मात्र जानकारी रहेको पाइएको छ । अझ जलवायुका असर तथा प्रभावहरूबाट सबैभन्दा बढी समस्या महिला, बालबालिका तथा वृद्धहरूमा हुने देखिएको छ भने त्यही वर्गमा यस सम्बन्धी कम जानकारी रहेको अवस्था छ । यस्तो अवस्थामा तय भएका अनुकूलन कार्ययोजनाहरूको प्रभावकारी कार्यान्वयनको लागि अनुगमन तथा मूल्याङ्न महत्त्वपूर्ण पक्ष हुनेछ । यसको लागि नगरपालिका तहमा यो कार्ययोजना कार्यान्वयनका प्रगति र परिणाम सम्बन्धी प्राप्त सूचना तथा तथ्यहरूको सङ्कलन र मूल्याङ्न गर्न नगरपालिकामा रहेका बहुसरोकारवालाहरूको संलग्नता अपरिहार्य छ । यसका लागि वार्षिक योजना तर्जुमा गोष्ठी र समीक्षा गोष्ठी सबै सरोकारवालाहरूको सहभागितामा सञ्चालन गरिनेछ ।

आवश्यकता अनुसार कार्यक्रमको गुणस्तर सुनिश्चित गर्न समय समयमा स्थलगत अनुगमन समेत गरिनेछ । समीक्षा गोष्ठी एवं स्थलगत अनुगमनबाट यो स्थानीय अनुकूलन कार्ययोजना कार्यान्वयनमा प्राप्त भएका प्रतिफल मूल्याङ्न गरी सिकाइहरूको आदानप्रदान हुने विश्वास गरिन्छ । यसरी नै समय समयमा जिल्लास्तरमा रहेका संयन्त्रहरूबाट पनि संयुक्त अनुगमन भई प्राविधिक पृष्ठपोषण प्राप्त हुनेछ । यसका अतिरिक्त यो कार्ययोजना कार्यान्वयनको क्रममा वार्षिक रूपमा एक पटक सार्वजनिक सुनुवाइ गरिनेछ । हरेक वर्ष भएका अनुगमन तथा मूल्याङ्नबाट प्राप्त भएका सिकाइ तथा चुनौतीहरूलाई अर्को वर्ष क्रमशः कार्यान्वयन गर्दै लगिनेछ ।

समग्रमा अनुगमन तथा मूल्याङ्नका लागि निम्न बमोजिमका कार्यहरू गरिनेछ :

१. अनुगमन तथा मूल्याङ्नकालाई प्रभावकारी बनाउन अनुकूलनका परिणाम तथा कार्यलाई परिभाषित गर्ने,
२. अनुगमन तथा मूल्याङ्न सम्बन्धी पारदर्शिता खाका तयार गरी कार्यान्वयन गर्ने,
३. परिवर्तन, प्रगति र प्रभावकारिता अनुगमन गर्ने, जस्तैः स्थानीय तहको आवश्यकता र उपलब्ध वस्तुगत तथ्याङ्को आधारमा अनुगमन तथा मूल्याङ्न प्रणाली स्थापना गर्ने,
४. आधारभूत तथ्याङ्को आधारमा लक्ष्यसहितको योजना तयार गरी अनुगमन गर्ने,
५. परिवर्तन, प्रगति र प्रभावकारिता अनुगमन गर्ने तथा अनुकूलन कार्यको गुणस्तरीय कार्यन्वयन, अनुगमन तथा मूल्याङ्न गर्ने,
६. अनुगमन तथा मूल्याङ्न गर्दा प्रचलित विधि एवं स्वःअनुगमन, सार्वजनिक सुनुवाइ, अनुकूलन क्षमताको लेखाजोखा जस्ता विविध विधिहरू प्रयोग गर्ने,
७. समग्र विकास खर्चमध्ये जलवायु परिवर्तनका असर सम्बोधनका निम्ति बजेट विनियोजनबारे निरीक्षण गर्ने,

८. अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्ने,
९. जोखिम विश्लेषण तथा अनुकूलन कार्यको कार्यान्वयन पछिको उपलब्धि सम्बन्धी तथ्याङ्क राख्नु पर्ने व्यवस्था गर्ने ।

यो योजनाको प्रभावकारी कार्यान्वयनका लागि तालिका ३१ मा उल्लेख भए अनुसार अनुगमनको खाका प्रयोग गरिनेछ ।

तालिका नं. २६: स्थानीय अनुकूलन कार्ययोजना अनुगमन तथा मुल्याङ्कन खाका

अनुगमनका तहहरू	उद्देश्यहरू	जिम्मेवारी	समय	प्रक्रिया
क्रियाकलापहरूको कार्यान्वयन अनुगमन गर्न समुदाय तथा वडा तहको अनुगमन	पारदर्शी र अपनत्त्व कायम गर्न तथा प्रभावकारी कार्यान्वयन गर्न	स्थानीय समुदाय	कार्यक्रम सञ्चालन भइरहेको बेलामा तथा सकिएपछि	अन्तर्क्रिया, सार्वजनिक लेखा परीक्षण, स्व: अनुगमन तथा मूल्याङ्कन
वडास्तरीय तहका अनुगमन (प्रक्रिया र प्रगतिहरू तहमा)	कार्यक्रमको गुणस्तर तथा प्रगतिको लेखाजोखा गर्न	वडास्तरीय अनुगमन तथा मूल्याङ्कन समिति	वार्षिक अर्धवार्षिक, चौमासिक	समीक्षा गोष्ठी प्रत्यक्ष अनुगमन, लक्षित वर्गहरूसँग छलफल
नगरपालिकास्तरीय अनुगमन	कार्यक्रम कार्यान्वयनको सुनिश्चितता तथा गुणस्तर लेखाजोखा गर्न	नगरपालिकाले तोकेको संयन्त्र	वार्षिक, अर्धवार्षिक	समीक्षा गोष्ठी प्रत्यक्ष अनुगमन, लक्षित वर्गहरूसँग छलफल
जिल्लास्तरीय अनुगमन (नतिजाहरू र उपलब्धि तहमा)	अनुकूलन कार्ययोजनाको उपलब्धिहरू र नतिजाहरू प्राप्त भए नभएको यकिन गर्न र सिकाइहरू दस्तावेजीकरण गर्न	जिल्ला समन्वय समिति लगायत सहयोगी संस्थाहरू	वार्षिक तथा कार्यक्रम सम्पन्न भएपछि	समीक्षा गोष्ठी आधारभूत तथ्याङ्को आधारमा सहभागितामूलक सङ्कटासन्नता विश्लेषण प्रगति प्रतिवेदनको अध्ययन

सन्दर्भ सामग्रीहरू

- राष्ट्रिय जलवायु परिवर्तन नीति २०६७ र २०७६
- स्थानीय अनुकूलन कार्ययोजना संरचना २०६७
- परिमार्जित स्थानीय अनुकूलन कार्ययोजना संरचना २०७६
- स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका २०७४
- पालिकेको वस्तुगत विवरण (पार्श्वचित्र)
- MoFE, 2019. Climate change scenarios for Nepal for National Adaptation Plan (NAP). Ministry of Forests and Environment, Kathmandu.
- MoFE, 2021. Vulnerability and Risk Assessment and Identifying Adaptation Options: Summary for Policy Makers. Ministry of Forests and Environment, Government of Nepal. Kathmandu, Nepal.

कार्यालय, गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गल्वाङ, रुपा
कनाली प्रदेश, नेपाल
२०७३

अनुसूची १ : लापा खाका २०१९को अनुसूची २. स्थानीय अनुकूलन रणनीतिहरूमा समावेश गर्न सकिने केही विषयगत जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका उपायहरू

२.१. कृषि तथा खाद्य सुरक्षा

- सुख्खा, खडेरी, डुवान सहन गर्न सक्ने स्थानीय बाली तथा तिनका प्रजातिहरुको पहिचान गरी संरक्षण, विकास तथा प्रवर्द्धन गर्ने ।
- दबाब सहन सक्ने प्रजातिहरुको संरक्षण गर्ने स्थानीय स्तरमा सामुदायिक बीउबिजन बैंक स्थापना गरी संचालन गर्ने ।
- प्रतिकूल मौसम र जलवायु परिवर्तनका कारण बालीनाली र बोट बिरुवाको उत्पादकत्व घट्ने र गुणस्तरमा आउने समस्यालाई समाधानको लागि उन्नत बीउ, बिरुवा पहिचान गरी संरक्षण, विकास तथा प्रवर्द्धन गर्ने ।
- कृषियोग्य जमिनको जलवायुजन्य प्रकोप (बाढी, पहिरो) बाट हुने क्षयीकरण रोक्न आवश्यक प्रविधिहरु पहिचान गरी प्रवर्द्धन गर्ने । जस्तैः बायोइन्जिनियरिङ, नदी कटान नियन्त्रण, वृक्षरोपण ।
- प्रतिकूल मौसम र जलवायु परिवर्तनका कारण बालीनालीमा लाग्ने रोग कीरा नियन्त्रण गर्ने एकीकृत रोग कीरा व्यवस्थापन, जैविक मल जस्ता स्थानीय परिवेश सुहाउँदा प्रविधि विकास गरी प्रवर्द्धन गर्ने ।
- कृषि बालीको उत्पादकत्व घट्ने समस्या समाधानको लागि उपयुक्त बालीको पहिचान, छनौट तथा प्रवर्द्धन, कृषि जैविक विविधताको प्रवर्द्धन, बालीको विविधीकरण, बहुवर्षीय बालीको प्रयोग जस्ता असल अभ्यासलाई बढावा दिने ।
- एक घर एक बगैंचा र करेसाबारीको अवधारणा मार्फत जैविक विविधताको प्रवर्द्धन र खाद्य तथा पौष्टिक सुरक्षा प्रवर्द्धन गर्ने । हैसियत बिग्रिएको र नदी उकास जमिनमा माटो सुहाउँदो बाली लगाउने । जस्तैः नदीको किनारमा - बगर खेती गर्ने, आयमूलक कृषि (वन प्रजाति रोप्ने) गर्ने ।
- कृषि जमिनमा सिँचाइको समस्या समाधानको लागि सरल थोपा सिँचाइ, नियन्त्रित सौर्यऊर्जा, सिँचाइ प्रविधि, विविध पानी प्रयोग गर्ने विधि र्‍याक० लगायतका प्रविधिलाई प्रवर्द्धन गर्ने । त्यस्तै वर्षाको पानी संकलन गर्ने प्रविधि प्रचार प्रसार गर्ने ।
- माटोमा चिस्यान कायम राख्न मल्ची[a] प्रविधिलाई प्रवर्द्धन गर्ने ।
- प्राङ्गारिक मल तथा कम्पोस्ट मलको प्रयोगलाई प्रवर्द्धन गर्ने ।
- कृषि क्षेत्रमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण र यससँग अनुकूलन हुन सहजीकरण गर्ने र कृषिसँग सम्बन्धित जलवायु पूर्वसूचना प्रणाली (Early Warning system) स्थापना गरी कृषक समुदायहरुलाई सूचना प्रवाह गर्ने ।
- स्थानीय र कृषक समूह स्तरमा कृषि सूचना प्रणाली (जस्तैः मौसमी पात्रो) स्थापना गरी कृषक समुदायबीच सूचना प्रवाह गर्ने ।
- पशुपक्षीमा प्रतिकूल मौसम र जलवायु परिवर्तनका कारण लाग्ने रोग नियन्त्रण गर्न उपयुक्त प्रविधिहरु पहिचान गरी प्रवर्द्धन गर्ने ।

- गरिब, भूमिहीन र संकटासन्न घरधुरीको अनुकूलनका लागि वैकल्पिक आय आर्जन र जीविकोपार्जनका उपायहरू पहिचान गरी प्रवर्द्धन गर्ने ।
- प्रतिकूल मौसम र जलवायु परिवर्तनका कारण उत्पादित वस्तुमा पर्ने असर कम गर्न आवश्यक उपायहरू पहिचान गरी प्रवर्द्धन गर्ने ।
- कृषि र पशुपक्षी बिमा लागु गरी कृषकहरूको जोखिम न्यूनीकरण र अनुकूलन क्षमता बढाउने।
- जलवायु परिवर्तनको असर न्यूनीकरण र अनुकूलनको प्रभावकारिताको लागि कृषक पाठशला संचालन गरी सूचना, ज्ञान र सीपको आदानप्रदान गर्ने ।
- जलवायुमैत्री परम्परागत र स्थानीय प्रविधि तथा अभ्यासलाई प्रवर्द्धन गर्ने, जस्तैः अन्न भण्डारका लागि प्रयोग गरिएको प्रविधि, बीउ उमार्ने प्रविधि, अरलो नर्सरी ब्याड, बीउ उमार्ने र बालीनाली लगाउने समयमा परिवर्तन ।
- बाली विविधीकरणमा जोड दिने ।

२.२. वन, जैविक विविधता तथा जलाधार संरक्षण

- रोगव्याधि, खडेरी आदिको दबाब सहन सक्ने वन प्रजातिहरूको पहिचान गरी तिनीहरूको संरक्षण गर्ने गरी स्थानीय स्तरमा कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।
- जलवायु परिवर्तनको जोखिममा रहेका वन, वन्यजन्तु एवं सिमसार क्षेत्रहरूको व्यवस्थापन कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।
- जलवायु परिवर्तनका कारण संकटासन्न र जोखिममा रहेका लोपोन्मुख प्रजातिहरूको संरक्षणको लागि स्थानीय र सामुदायिक स्तरमा नर्सरी र जिन बैंक स्थापना गर्ने ।
- प्राकृतिक स्रोतमा आश्रित गरिब, विपन्न, महिला तथा संकटासन्न घरधुरी र समुदायका लागि अनुकूलन क्षमता बढाउने वैकल्पिक आय आर्जनका उपायहरू पहिचान गरी प्रवर्द्धन गर्ने ।
- जलवायुजन्य जोखिमबाट प्रभावित भिरालो तथा हैसियत कम भएको वन क्षेत्र र नदी उकास जमिनमा कृषि वन विकास गर्ने र संकटासन्न घरधुरी र समुदाय केन्द्रित कार्यक्रम पहिचान गरी प्रवर्द्धन गर्ने जस्तैः भिरालो जमिनमा गह्रा सुधार तथा उपयुक्त खेती प्रणाली, साल्ट प्रविधि, एकीकृत कृषि वन अवलम्बन गर्ने ।
- भूस्खलन तथा भूक्षय रोक्न गरिने गल्छी निर्माण, वृक्षरोपण र चरीचरण नियन्त्रण गर्ने ।
- एकीकृत जलाधार व्यवस्थापनमा समुदायको सहभागिता सुनिश्चित गर्दै स्थानीय समुदायको अनुकूलन क्षमता वृद्धि गर्ने ।
- वनमा लाग्ने रोग तथा कीरा, खडेरी तथा मिचाहा प्रजातिको प्रकोप न्यूनीकरण र व्यवस्थापन गर्न स्थानीय स्तरमा योजना बनाई कार्यान्वयन गर्ने ।
- वन डढेलो न्यूनीकरण र व्यवस्थापन गर्न स्थानीय स्तरमा योजना बनाई कार्यान्वयन गर्ने । साथै यस सम्बन्धी स्थानीय स्तरमा क्षमता अभिवृद्धि गर्ने ।

- स्थानीय स्तरमा पारिस्थितिकीय प्रणालीमा आधारित अनुकूलन कार्यक्रमबाट प्राप्त वातावरणीय सेवाको भुक्तानी प्रणालीको विकास गरी कार्यान्वयन गर्ने ।

२.३. जल तथा ऊर्जा

- जलवायु परिवर्तनले पानीको उपलब्धता र पहुँचमा पार्ने असरलाई दृष्टिगत गर्दै स्थानीय स्तरमा बर्सातको पानी सोस्न र भूमिगत जल पुनर्भरणका लागि गरिने कुलेसा, पोखरी निर्माण, पानी संकलन र भण्डारण गर्ने । जस्तैः पानीको संकलन र समुचित व्यवस्थापनको लागि पानी घट्ट, प्लास्टिक पोखरी, पोखरी, तलाउ र सूक्ष्म जलाशयहरु निर्माण गरी प्रवर्द्धन गर्ने र लोप भएका पोखरीहरुको पुनःस्थापना गर्ने ।
- खानेपानीका मुहानहरु संरक्षण तथा वैकल्पिक पानीको स्रोतको पहिचान गरी पानीको उपलब्धता र पहुँचमा स्थानीय समुदायको अधिकार सुनिश्चित गर्ने ।
- सिँचाइ र पानीको वितरणमा हुने जोखिम न्यूनीकरण गर्ने स्थानीय स्तरमा उपयुक्त मापदण्ड तथा प्रविधिको विकास गरी कार्यन्वयन गर्ने ।
- समुदायस्तरमा सञ्चालित सिँचाइ कुलो, पोखरी, साना ताल तलैया र तलाउहरुको संरक्षण गर्ने ।
- हरेक घरमा स्वच्छ ऊर्जाको पहुँच विस्तारका लागि स्थानीय र समुदाय स्तरमा लघु जलविद्युत्, सौर्य ऊर्जा, बायोग्याँस, पानी घट्ट, वायु ऊर्जा, बायो ब्रिकेट, सुधारिएको चुलो लगायतका प्रविधि पहिचान गरी प्रवर्द्धन गर्ने र यस्ता प्रविधिमा विपन्न वर्गको पहुँचका लागि अनुदानको व्यवस्था गर्ने ।
- नदी किनाराका गह्रा - सदा हराभरा भन्ने नाराका साथ पहाडी क्षेत्रका नदी छेउछाउमा अवस्थित कृषियोग्य जमिनमा सौर्य ऊर्जा समेत उपयोग गरी लिफ्ट सिँचाइ आयोजनालाई अभियानकै रुपमा सञ्चालन गर्ने ।

२.४. स्वास्थ्य, खानेपानी तथा सरसफाई

- जलवायु परिवर्तनबाट सृजित रोगवाहक कीटाणु तथा संक्रामक रोगको महामारीको बारेमा स्थानीय समुदाय र सरोकारवालालाई सुसूचित गर्ने ।
- तातो हावा (लु), सितलहर, अति गर्मी र अति जाडोबाट हुने जलवायुजन्य स्वास्थ्य सम्बन्धी समस्याबाट बच्न र यसको समाधानको लागि स्थानीय स्तरमा जोखिम न्यूनीकरणका कार्यक्रम संचालन गर्ने ।
- जलवायु परिवर्तनबाट सृजित रोगवाहक कीटाणु तथा संक्रामक रोगको महामारी फैलिन नदिन स्थानीय र समुदाय स्तरमा पूर्वतयारी आवश्यक संयन्त्रको विकास गरी कार्यान्वयन गर्ने ।
- संक्रामक रोगको नियन्त्रणको लागि स्थानीय संरचनाहरु जस्तै : हेल्थ पोस्ट, स्थानीय अस्पतालको सेवा सुविधालाई सुधार गर्ने ।
- घरेलु तथा होटल व्यवसाय र अस्पतालहरुबाट निस्कने फोहरमैलाको स्रोतमा वर्गीकरण गरी सफा ऊर्जा उत्पादन गर्न प्रोत्साहन गर्ने ।

- घरभित्र हुने धुँवा र यसबाट हुने असरलाई न्यूनीकरण गर्न उपयुक्त प्रविधिलाई प्रोत्साहन गर्ने, जस्तै: सुधारिएको चुलोको प्रवद्धन ।
- स्थानीय विद्यालय र शैक्षिक संस्थाहरूमा जलवायु परिवर्तनको कारण स्वास्थ्य तथा सरसफाइमा पर्ने असरको बारेमा जनचेतना अभिवृद्धि गर्ने ।

२.५. स्थानीय ग्रामीण तथा सहरी बस्ती

- स्थानीय तह स्तरीय भूउपयोग योजना तर्जुमा गर्दा जलवायु परिवर्तनका जोखिमहरूको आधारमा वन, कृषि, बस्ती तथा औद्योगिक क्षेत्र लगायतका क्षेत्रहरूको निर्धारण गर्ने ।
- एक गाँउ एक वातावरण र जलवायुमैत्री हरित सडक, जलवायु उत्थानशील खानेपानी, ढल निकास, विद्युत् र दूरसंचार, एक गाँउ १० पानी संकलन पोखरी र एक गाँउ एक पूर्वसूचना प्रणाली केन्द्र लगायतका संरचना विकास गरी कार्यान्वयन गर्ने ।
- अव्यवस्थित सहरी तथा ग्रामीण बस्तीहरूं एवं जलवायुजन्य जोखिम क्षेत्रमा बसोवास गरेका घरपरिवार र समुदायमा पर्ने जलवायु परिवर्तनका प्रतिकूल असरहरू न्यूनीकरण गर्न अनुकूलन कार्यक्रमहरूं सञ्चालन गर्ने ।
  - ग्रामीण र सहरी बस्ती पूर्वाधार एवं घरका संरचनाहरूको डिजाईन र निर्माण गर्दा जलवायु परिवर्तनका जोखिमहरूलाई दृष्टिगत गरी अनुकूलनका प्रविधिहरू अनुसरण गर्ने । जस्तै: हरेक घरमा पानी संकलन र सडकको दाँया बाँया पानी निकास गर्ने प्रविधि ।
- हरित बस्तीको अवधारणा अनुसरण गर्दै सडक किनारा र खाली रहेका जमिनमा वृक्षरोपणका साथै उद्यानहरूं निर्माण गर्ने ।

२.६. जलवायुजन्य प्रकोप न्यूनीकरण तथा विपद् जोखिम व्यवस्थापन

- प्रकोपजन्य मौसमी घटनाहरूको पूर्वानुमान र पूर्वतयारी
  - मौसम पूर्वानुमानमा पहुँच र विषम मौसमी अवस्था (खडेरी, अति गर्मी, शीत लहर आदि) तथा घटनाहरू (लु - तातो हावा, आँधीबेहेरी, चट्याङ, असिना, अतिवृष्टि आदि) का बारेमा सचेतना जगाउने ।
  - पूर्वसूचना तथा चेतावनी प्रणालीको स्थानीय संयन्त्र स्थापना र सञ्चालन गर्ने ।
  - सुरक्षित आश्रयस्थल, आकस्मिक उद्धार तथा उपचार सेवा जस्ता विपद् प्रतिकार्यको पूर्वतयारी र कार्यान्वयन गर्ने ।
  - घर, खेतबारी वरिपरि आँधीहुरी छेक्न सक्ने रूख प्रजातीका वृक्ष हुर्काउने र उचित व्यवस्थापन गर्ने ।
- प्रकोप जोखिम न्यूनीकरण सम्बन्धित कामहरू वा रणनीतिहरू

- घर तथा सार्वजनिक सेवाका भवनहरूमा (विद्यालय, अस्पताल, किनमेल केन्द्र, कार्यालय आदि) चट्याङ पार गराउने प्रविधि र रड प्रयोग गर्ने ।
- बाढी, पहिरोका जोखिमयुक्त ठाउँहरूको पहिचान गरी जोखिममा रहेकालाई अन्यत्र सार्ने ।
- जोखिमबाट बच्न सुरक्षित स्थानको व्यवस्था गर्ने तथा आवश्यकता अनुसार सुरक्षित सामुदायिक भवन निर्माण गर्ने ।
- बाढी तथा पहिराको रोकथाम गर्न सबै संरचनात्मक तथा गैरसंरचनात्मके उपायहरू अवलम्बन गर्ने ।
- सडक, पुल, नाली, खानेपानी, सिँचाइ तथा अन्य भौतिक संरचना डिजाइन र निर्माणमा भविष्यमा हुन सक्ने उच्च तापक्रम र त्यसको असर, अति वर्षा र त्यसको असर साथै अन्य मौसमी दबाबहरूको मात्रा आकलन गरी उपयुक्त प्रतिरोध क्षमता राखी डिजाइन र निर्माण गर्ने, ती संरचनाहरूको स्तर र मापदण्ड निर्धारण गर्ने ।
- हावापानी परिवर्तनले बदलिन सक्ने मौसमी रोगव्याधिहरूका बारेमा जानकारी र रोकथामका उपायहरू अपनाउने ।
- जलवायुजन्य प्रकोपह¿बाट हुने क्षतिबाट पुनरुत्थानका लागि अति संकटासन्न र जोखिममा रहेका व्यक्ति र परिवारह¿को सामाजिक सुरक्षाको प्रत्याभूति गर्ने ।
- जलवायुजन्य जोखिम क्षेत्रमा काम गर्नेह¿को जीवन बिमाका साथै जलवायुजन्य जोखिमका कारण क्षति हुन सक्ने सम्पत्तिको पनि बिमा गर्ने ।

▪ अन्य

- प्रकोप कम गर्न तथा विपद्को सामना गर्न आवश्यक ऐन, नीति नियम र योजनाहरू बनाउने ।
- आपतकालीन अवस्थामा गर्नुपर्ने वा नपर्ने कामहरू, विधि र प्रक्रियाहरू तर्जुमा गरी लागु गर्ने ।
- आवश्यक कर्मचारी, साधन स्रोत व्यवस्था गर्ने, तालिम तथा फिल्ड अभ्यास गराउने ।
- हरेक विकास योजना जलवायुमैत्री भए वा नभएको जाँच गर्न व्यवस्था गरी, विधि र प्रक्रिया निर्धारण गर्ने ।

२.७.उद्योग, यातायात तथा भौतिक पूर्वाधार

- स्थानीय तहमा स्थापना भई संचालनमा आएका उद्योग, यातायात र भौतिक पूर्वाधारमा किफायती ऊर्जा प्रविधि र विद्युतीय ऊर्जाको प्रयोगलाई प्रवर्द्धन गर्ने ।
- भौतिक पूर्वाधारको डिजाईन, विकास र रेखदेख गर्दा अनुकूलनका उपायहरू अनुसरण गर्ने ।
- सार्वजनिक यातायातलाई बढावा दिँदै, साइकलको प्रयोग एवं विद्युतीय र जैविक ऊर्जामा आधारित यातायातको प्रयोगलाई विस्तार गर्ने ।
- भौतिक पूर्वाधार निर्माण तथा बस्ती विकास गर्दा विपद्बाट सुरक्षित हुने स्थान छनौट गर्ने ।

- ग्रामीण सडक संजाल विस्तारमा संकटासन्न समुदायका बासिन्दाहरुको (आधारभूत सेवा केन्द्रहरु, स्वास्थ्य चौकी, विद्यालय, कृषि सेवाकेन्द्र जस्ता ठाँउ लगायत स्थानीय बजारसम्मको) सहज आवागमनलाई ध्यानमा राखी शाखा सडकहरु, गोरेटो सुधार, पुल पुलेसा निर्माण तथा बर्सातको पानी निकासको उचित व्यवस्थालाई सुनिश्चित गर्ने ।

२.८. पर्यटन एवम् प्राकृतिक तथा सांस्कृतिक सम्पदा

- स्थानीय तहमा पर्यटन क्षेत्रलाई वातावरण र जलवायुमैत्री बनाउन आवश्यक कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने ।
- संवेदनशील एवं जलवायु संकटासन्न र जोखिममा रहेका पर्यटनस्थल र सांस्कृतिक सम्पदाको पहिचान गरी त्यस्ता क्षेत्रहरुको स्थानीय समुदाय र संघसंस्थाको सक्रिय सहभागितामा संरक्षण र व्यवस्थापन गर्ने ।
- पर्यापर्यटन व्यवसायमा संलग्न महिला तथा संकटासन्न समुदायका लागि विशेष सहुलियतका कार्यक्रमहरु निर्धारण गर्ने ।
- जलवायु संकटासन्न र जोखिममा रहेका घरधुरी र समुदाय केन्द्रित पर्यटनमा आधारित रोजगारीका कार्यक्रमहरु संचालन गर्ने ।
- पर्यटन क्षेत्रबाट सृजित फोहोर मैला एवं प्रदूषणलाई नियन्त्रण र व्यवस्थित गर्न आवश्यक मापदण्ड बनाई नियमनकारी व्यवस्था गर्ने ।
- पर्यटन व्यवसायलाई भरपर्दो, सुरक्षित बनाउनको लागि पूर्वसूचना तथा चेतावनी प्रणालीको स्थानीय संयन्त्र स्थापना र सञ्चालन गर्ने ।
- जलवायु अनुकूलन र जोखिम न्यूनीकरण सम्बन्धी स्थानीय सांस्कृतिक ज्ञान र महत्त्वका बारेमा जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने ।

२.९. लैङ्गिक समानता तथा सामाजिक समावेशिता, जीविकोपार्जन र सुशासन

- स्थानीय स्तरमा जलवायु परिवर्तनको असर र जोखिम सम्बन्धमा जनचेतना अभिवृद्धि तथा क्षमता विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्दा महिला सहभागिता सुनिश्चित गर्ने ।
- संकटासन्नता र जोखिम विश्लेषण गर्दा लैङ्गिक तथा सामाजिक समावेशितालाई मुख्य आधार बनाउने ।
- जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरुबाट जोखिममा परेका महिला र संकटासन्न व्यक्तिहरु लक्षित गरी जलवायु उत्थानशील जीविकोपार्जन र रोजगारीका कार्यक्रमहरू संचालन गर्ने ।
- जलवायुमैत्री प्रविधि, ज्ञान र सूचनामा महिला र संकटासन्न समूहहरुको पहुँच अभिवृद्धि गर्ने ।
- स्थानीय स्तरमा र समुदाय केन्द्रित पूर्वसूचना प्रणाली विकास गरी महिलाहरुको सहभागिता वृद्धि गर्ने ।

- जोखिम न्यूनीकरणका लागि स्थानीय र समुदाय स्तरमा दक्ष महिला जनशक्ति तयार गर्नका लागि सीपमूलक तालिम संचालन गर्ने ।
- सुरक्षित आश्रयस्थल, आकस्मिक उद्धार तथा उपचार सेवा जस्ता विपद् प्रतिरोधात्मक कार्यको पूर्वतयारी र कार्यान्वयन गर्दा महिला, बालबालिका, ज्येष्ठ नागरिक र संकटासन्न व्यक्तिहरुको सहभागिता सुनिश्चित गर्ने ।
- स्थानीय स्तरमा अनुकूलन र जोखिम न्यूनीकरण कार्यक्रम संचालन गर्दा पारदर्शिता र सुशासनका अभ्यासहरुलाई अनुसरण गर्ने ।

२.१० जनचेतना अभिवृद्धि तथा क्षमता विकास

- स्थानीय तहमा जलवायु परिवर्तनको असर र जोखिम न्यूनीकरण एवं अनुकूलनका उपायहरुबारे समुदाय स्तरमा स्थानीय भाषामा प्रचार प्रसार गर्ने ।
- जलवायु परिवर्तनलाई स्थानीय तहमा औपचारिक तथा अनौपचारिक शैक्षिक पाठ्यक्रमहरुमा समावेश गर्ने ।
- विभिन्न लक्षित समूहको लागि उपयुक्त हुने तथ्यांक, सूचना, सिकाइ तथा असल अभ्यास सहितका ज्ञानमूलक सामग्रीहरु तयार गरी वितरण गर्ने ।
- स्थानीय स्तरमा जनचेतना अभिवृद्धि तथा क्षमता विकास सम्बन्धी कार्यक्रमहरु स्थानीय सरकार, गैरसरकारी संस्था एवं नागरिक समाजको सहभागितामा सञ्चालन गर्ने

अनुसूची २ : स्थानीय अनुकूलन योजना तर्जुमाका लागि तदर्थ सिद्धान्तहरू (Ad-hoc Principles of Local Adaptation Planning)

तत्कालका जोखिमहरुको सम्बोधन (Address immediate vulnerability):

जलवायु परिवर्तन अनुकुलन कार्यक्रम तथा योजनाहरु छनौट गर्दा तत्कालका जोखिमलाई सम्बोधन गर्ने र स्थानीय वा भूपरिधि (Landscape) स्तरमा जलवायु परिवर्तनको नकारात्मक प्रभावहरूलाई तत्काल सम्बोधन गर्ने रणनीतिहरू र कार्यहरू समावेश गर्नु पर्दछ । जलवायु परिवर्तनका प्रभावहरू भौगोलिक स्थान, सम्मुखता (Exposure), समुदायको सामाजिक आर्थिक विशेषताहरू, र विशिष्टीकृत संकटासन्नताको आधारमा फरक प्रकृतिका र भिन्न-भिन्न हुन सक्दछन । तसर्थ तत्कालका सम्भावित जोखिमलाई सम्बोधन गर्ने कामलाई सधै प्राथमिकतामा राख्नु पर्दछ । यस्ता तत्कालका कार्य तथा रणनीतिहरू दीर्घकालीन अनुकूलन रणनीतिको अंश पनि हुनु पर्दछ, जसले वर्तमान र भविष्यमा जलवायु परिवर्तनबाट उत्पन्न हुन सक्ने सम्भावित चुनौतीहरूलाई सामना गर्न सहयोग पुऱ्याउँदछ ।

जीवन र जीविकोपार्जनको संरक्षण (Protect life and livelihoods):

जलवायु परिवर्तनको प्रभावले व्यक्तिको जीवन र जीविकोपार्जनलाई धेरै असर गर्ने भएकोले यसलाई जोगाउन स्थानीय अनुकूलन योजनाहरुको छनौट तथा कार्यन्वयन गर्दा यस्ता कार्यक्रमहरुलाई मुख्य प्राथमिकता दिनु पर्दछ । यस्ता योजनाहरुमा संकटासन्न समुदाय र क्षेत्रको विशेष जोखिमहरूलाई सम्बोधन गर्ने रणनीतिहरू र कार्यक्रमहरू समावेश गर्नु पर्दछ । यसका लागि जोखिम मूल्याङ्कन, प्रारम्भिक जोखिम सूचना प्रणाली (Early warning system), उत्थानशील पूर्वाधार, आर्थिक विविधीकरण, कृषिमा अनुकूलन, सामाजिक सुरक्षा, उत्थानशील सार्वजनिक सेवाहरू, प्राकृतिक स्रोत व्यवस्थापन, सामुदायिक शिक्षा र जागरूकता, स्थानीय शासन र निर्णय लिने क्षमता निर्माण, अनुगमन र मूल्याङ्कन जस्ता विषयवस्तुहरु समावेश गर्नुपर्दछ ।

पारिस्थितिकीय प्रणालीहरुबाट प्राप्त हुने सेवाहरुको संरक्षण र उपयोग (Promote both conservation and utilization of ecosystem services):

स्थानीय अनुकूलन योजनाहरुले पारिस्थितिकीय प्रणालीहरुबाट प्राप्त हुने सेवाहरुको संरक्षण, प्रवर्द्धन र दिगो उपयोग गर्ने रणनीति र कार्यक्रम बनाई कार्यान्वयन गर्नुपर्दछ । यी सेवाहरू मानिसहरूले पारिस्थितिकीय प्रणालीहरुबाट प्राप्त गर्दछन जस्तै स्वच्छ पानी, उर्वर माटो, खाद्यान्न र जलवायु नियमन आदि । यी सेवाहरूको जिम्मेवारेपूर्ण उपयोगको साथ सन्तुलित संरक्षणले समुदायको उत्थानशीलता बढाउँदछ । पारिस्थितिकीय प्रणालीहरुबाट प्राप्त हुने सेवाहरूको संरक्षण र दिगो उपयोगलाई बढावा दिएर, स्थानीय समुदायहरूले आफ्नो अनुकूलन क्षमता बढाउन, आफ्नो जीविकोपार्जन कायम राख्न र जलवायु परिवर्तनबाट उत्पन्न चुनौतीहरूको सामना गर्न सक्दछन ।

अनुकूलन मार्फत छोटो अवधिमा प्राप्त गर्न सकिने लाभहरूको प्राथमिकता (Focus on supply of direct adaptation benefits in short run):

अनुकूलनका कार्यक्रमहरु समुदायलाई छोटो अवधिमा छिटो, छरितो र प्रत्यक्ष लाभहरू प्रदान गर्न केन्द्रित हुनु पर्दछ र समुदायको उत्थानशीलताको लागि तत्काल र ठोस सकारात्मक परिणामहरू प्रदान गर्ने कार्यहरू र रणनीतिहरूलाई प्राथमिकता दिनु पर्दछ । अल्पकालीन र प्रत्यक्ष अनुकूलन लाभहरूमा ध्यान केन्द्रित गरेर, स्थानीय समुदायहरूले सकारात्मक परिणामहरू अनुभव गर्न